लेवनानी कम्युनिष्ट आन्दोलनको कथा

# मूल्याङ्कन

मूल्य रु. १५।–
भारतमा भारु. १२।–

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ५१
कार्तिक, २०५४



के हो महानता गणेशमानको ?

## कसरी सखाप पारिंदैछन्






पन्ध्रौं महाधिवेशनले चीनलाई कता लैजाला ?



पहाडमा उत्पादन बढाउने गजबको उपाय !

## ४६ सालका उपलब्धिहरू ?

# Fascinating beauty.
# Imperishable material.

A sure feel for the aesthetically perfect, a personal style and a purposeful differentness: these are the characteristics of people who wear the La Coupole 'Céramique'. A watch whose true nature you experience when you put it on for the first time: soft as velvet, supple, incomparable. And imperishably beautiful, thanks to the slightly curved sapphire crystal and the scratchproof high-tech ceramics bracelet. Rado La Coupole 'Céramique' – a beautiful watch that stays beautiful – a watch that fits as though moulded to your wrist.

*A different world*




La Coupole 'Céramique'.
Scratchproof high-tech ceramics bracelet.
In three sizes.

**RADO**
Switzerland

*Authorised Sales & Service Centre*
**SULUX CENTRE**
Khichapokhari P.O. Box: 3659, Kathmandu, Nepal Tel: 222539

*Also available at:*
24 Ct (Gangapath)
New Nevies Corner (Super Market)
Blue Bird Department Store (Tripureshwor)

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १५, पूर्णाङ्क ५१
कार्तिक, २०५४




## कसरी सखाप पारिँदैछन् छयालीस सालका उपलब्धिहरु ? ७

## पहाडमा कृषि उत्पादन बढाउने गजबको उपाय !

जलाधार विशेषज्ञ मधुकर उपाध्यायको व्यवहारिक अनुभवको विवरणसहितको अनुसन्धनामुलक लेख २९

## के हो महानता गणेशमान को ?



११

## चि.क.पा.को पन्ध्रौं महाधिवेशनले चीनलाई कता लैजाला ?



१४

## लेवनानी कम्युनिष्ट पार्टीको कथा

चे ग्वेभारा: क. किम इल सुङको आँखामा


**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भसारी
**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का (वितरण विभाग)
जि. के. श्रेष्ठ (विज्ञापन विभाग)



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोन: ४२२७६९,
फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं



**हाम्रो मूल्याङ्कन** ४
कसरी अन्त गर्न सकिएला नेतृत्व शून्यताको यो स्थिति ?

**आवरण कथा**
कसरी सखाप पारिँदैछन्
छयालीस सालका उपलब्धिहरू ? ६

**घटना र प्रवृत्ति**
महासमितिको वैठकले
कांग्रेसलाई कता लैजाला ? ४०
रोममा श्री ५ को भाषण ५
छटौं महाधिवेशनको प्रसंग:
एमाले आफू कता जाने हो, प्रष्ट हुनुपर्छ ४
राप्रपाको 'भातमारा' संस्कृति ३९
स्व. धामिप्रति श्रद्धाञ्जली ३९

**जीवनको झाँकी**
के हो गणेशमानको महानता ? ११
गणेशमान सिंहको संक्षिप्त जीवनी १२

**विश्व कम्युनिष्ट आन्दोलन**
लेवनानी कम्युनिष्ट आन्दोलनको कथा १७
विश्व कम्युनिष्ट आन्दोलनको
एकताको लागि अन्तर्राष्ट्रिय सेमिनार १९
चे ग्वेभारा: क. किम इल सुङको आँखामा २०

**आँखीझ्याल**
चीनलाई कता लैजाला पार्टीको
पन्ध्रौं महाधिवेशनले ? १४
मुक्तिपछिको चीन र
भारतको तुलना १६

**अनुसन्धान**
पहाडको कृषि उत्पादन बढाउने
गजबको उपाय २९

**अन्तर्क्रिया**
नून-चिनी-पानी साम्राज्यवादीहरूको
शिकार बनेको होइन ३६

**नीति ⁄ संस्कृति**
धार्मिक कर्मकाण्डहरूबारे बनाउनु पर्ने
धारणा के ?
-खगेन्द्र संग्रौलाको विचार २३
-पुण्यप्रसाद खरेलको विचार २४

**अचेल**
सुश्री शान्ता श्रेष्ठसँग कुराकानी २६

**विचारमञ्च**
स्थानीय निकायहरूमा निर्वाचित
वाम जनप्रतिनिधिहरूको काम र
कार्यशैली अरूको भन्दा
भिन्न कसरी हुन सक्छ ? ४१

**पाठकको कुरो** ४२



आवरणमा: **रविन सायमिको व्यंग्य चित्र** इन्सेटमा: **स्व. गणेशमान सिंह** (फोटो: **ए.बी.सी. फोटो, बागबजार**), **जियाङ जेमिन** (फोटो: **टाइम**) **र पोखरीको तस्वीर**
आवरण सज्जा: **सुन्दर बस्नेत, बागबजार फोन: २५२६४५, २२२३३७**/कलाकारहरू: **लक्ष्मण भूजेल, जि.डि. सारु, यति आर्ट, पुतलीसडक**
कम्प्युटर सेटिङ: **सहदेव खाकी, माइक्रोचिप्स कम्प्युटर सर्भिस, पुतलीसडक, सम्पर्क फोन: ४२२७६९**/मुद्रण: **इन्द्रेणी अफसेट प्रेस, बागबजार**

# कसरी अन्त गर्न सकिएला नेतृत्व शून्यताको यो स्थिति ?

हाम्रो देश अहिले गंभीर राजनीतिक संकटमा छ । त्यो संकटको जरो भएको छ- मूल्यहीन सत्तान्ध नेतृत्व, निम्छरो नेतृत्व । यो यस्तो नेतृत्व देखिएको छ, जसलाई देशको हित कहाँ छ, त्यो थाहा नभएको मात्र होइन, आफ्नो हित कहाँ छ, त्यो नै पनि थाहा छैन ।

एमालेले यो देशमा आफ्नो घोषित सिद्धान्तमा आधारित जनमुखी राजनीति गर्ने हो भने, जनताको शक्तिमा आधारित भएर राजनीति गर्नुपर्छ । यसैमा देश र जनताको पनि हित छ, उसको पनि हित छ । तर उसले गर्न खोजिरहेछ- दरबार र अन्तर्राष्ट्रिय प्रतिक्रियावादी केन्द्रहरूको आशीर्वादमा आधारित राजनीति । के कुरा प्रष्ट छ भने, जबसम्म उसको घोषित सिद्धान्त बदलिँदैन, कुनै प्रतिक्रियावादी केन्द्रले पनि उसलाई पत्याउनेवाला छैन । धेरैवटा घटनाले उनीहरूको यो प्रवृत्ति स्पष्ट पारिसकेको छ । तर पनि एमाले नेतृत्व चेतिसकेको देखिन्न । सिद्धान्त घोषित गरेको छ- साम्यवादी, तर गर्न खोजिरहेछ- कांग्रेसकै धरातलमा उत्रिएर मूल्यहीन सत्तान्ध राजनीति। जम्माजम्मीमा, समाजवादी-जनवादी राजनीति । त्यसैले सर्वत्र ढोंगैढोंग गर्नु परिरहेछ । यसले जनतामा एमालेप्रतिको आस्था पनि उड्ने, साम्यवादप्रतिको विश्वास पनि उड्ने स्थिति पैदा गरिरहेछ ।

एमालेले यो स्थितिको अन्त गर्नु जरूरी छ । एमाले या त 'इस पार' हुनु पर्‍यो, या त 'उस पार' हुनुपर्‍यो । साम्यवादको राजनीति गर्ने हो भने छोड्नु पर्‍यो- प्रतिक्रियावादी खेमालाई धूपवत्ती गर्न, आउनु पर्‍यो- जनताको खेमामा, थाल्नुपर्‍यो- जनशक्तिमा आधारित जनमुखी क्रान्तिकारी राजनीति । हैन, यस्तो राजनीतिमा विश्वास छैन भने, अहिले गरे जस्तै कांग्रेसकै लेभलमा उत्रेर "जसरी पनि" सिंहदरबार पुग्ने मूल्य मान्यताहीन राजनीति मात्र गरीराख्ने हो भने, छोड्नु पर्‍यो- घोषणापत्रमा साम्यवादी सिद्धान्तको उल्लेख गर्न । बदल्नु पर्‍यो- पार्टीको नाम र झण्डा, र लिनु पर्‍यो- समाजवादी-जनवादी राजनीति ।

यस्तो गर्नुमा नै एमालेको पनि हित छ, देशको पनि हित छ । किनकि, यसो गर्दा कमसेकम जनताबीच ढोंग र भ्रम त हुँदैन । कुरा एउटा, व्यवहार अर्को त हुँदैन । साम्यवादको बदनामी त हुँदैन ।

नेपाली कांग्रेसको हकमा पनि यस्तै भइरहेछ । उसको घोषित सिद्धान्त छ- प्रजातान्त्रिक समाजवाद; उसको काम र व्यवहारमा प्रजातान्त्रिक समाजवादको कहीं कतै नामोनिशान भेटिँदैन । उसले गरिरहेछ- पंचहरूकै लेभलमा उत्रेर मूल्य-मान्यताहीन सत्तान्ध निरंकुशतावादी राजनीति । सत्ताको लागि प्रजातन्त्रको पनि बली दिने प्रतिगामी राजनीति । उसले यस्तै राजनीति गर्नु थियो भने राप्रपा र कांग्रेसको पार्टी किन अलग अलग राखी राख्नु पर्‍यो ? एक भए भई हाल्यो नि ! व्यवहार एउटै, चरित्र एउटै, प्रवृत्ति एउटै, पार्टी मात्र किन अलग अलग ?

त्यसैले, कांग्रेसले पनि एउटा निधो गर्नु जरूरी छ । आफूलाई प्रजातन्त्रवादी र समाजवादी भन्ने हो भने आउनु पर्‍यो प्रजातन्त्र र समाजवादको खेमामा । छोड्नु पर्‍यो वि.पि.को फाँसी माग गर्ने प्रजातन्त्रका हत्यारालाई सत्ताको हालीमुहाली बुझाउने घिनलाग्दो राजनीति । गर्नु पर्‍यो प्रजातन्त्र, समता र सामाजिक न्याय सुदृढ पार्ने काम । हैन भने, किन ढोंग गर्ने ? आफूलाई पंच पार्टी नै घोषित गरे भइहाल्यो नि ! कम से कम जनतालाई भ्रम त हुदैन । बोली एउटा, व्यवहार अर्को त हुँदैन । प्रजातान्त्रिक समाजवादको खिल्ली उडाउने काम त हुँदैन ।

यी दुवै पार्टीको सत्तान्धताले देशमा केही समय यता जन-आन्दोलनका प्रमुख प्रहार-लक्ष्यहरूको खाँडो जागिरहेछ । कुर्सीको लागि हानाथाप गर्दै जे पनि गर्ने गरिरहेछन् यिनीहरू । घुमिफिरी कुर्सी पुगिरहेछ- प्रतिगामी पंचहरूको हातमा । जनतामा जन-आन्दोलनका सहकर्मीहरू देश हाँक्न बिलकुल असमर्थ छन् र यी पटमूर्ख छन् भन्ने धारणा विकास हुँदैछ । आफ्नो नेतृत्वको औचित्य खडा गर्न देशमा नेतृत्व शून्यताको स्थिति खडा गर्ने महायोजना देखिन्छ- देशी विदेशी प्रतिक्रिया-केन्द्रहरूको । यी दुवै पार्टीहरू त्यही महायोजनामा ईंटा, खम्बा र दलीन थप्दैछन् । योभन्दा हतबुद्धि र पटमूर्खता अरू के हुन सक्छ ?

यी पार्टीहरू मिलेर अरू केही गर्न सक्दैनथे भने- दुवै मिलेर संयुक्त सरकार गठन गर्दै धाँधलीरहित मध्यावधि चुनाव त गर्न सक्थे । प्रतिगामी तत्व बलवान हुने माहौल त अन्त गर्न सक्थे ? त्यसपछि जुन पार्टी बहुमतमा आउँथ्यो, त्यसैले सरकार चलाउँथ्यो । यति पनि गर्न यिनीहरू किन तयार छैनन् ? किन यिनीहरू बरू प्रतिगामी तत्वलाई सत्ता सुम्पन तयार छन् । तर आफू आफू मिल्न र मिलेर मध्यावधि चुनावसम्म गर्न यिनीहरू किन तयार छैनन् ? किन हरेकलाई प्रतिगामीहरूकै सरकारले वा आफ्नै सरकारले मध्यावधि गराउने आतुरता छ ? एमालेले त यसपल्ट झिनो स्वरमै भए पनि कांग्रेसकै एकलौटी सरकार वा दुवैको मिलीजुली सरकार प्रस्तावित गरेको थियो । यस्तो प्रस्तावसमेत कांग्रेसलाई किन मान्य भएन ?

यसले के देखायो भने, देशको र प्रजातन्त्रको हितप्रति यी पार्टी प्रतिवद्ध र इमान्दार छैनन् । यी पार्टीलाई अरू त के, आफ्नै हित समेत केमा छ थाहा छैन ।

यसपालि संसदमा भएका केही क्रान्तिकारी पार्टीले देशलाई मध्यावधितिर लैजाने निर्णायक कडी आफूसित हुँदाहुँदै देशलाई पहिलेभन्दा पनि चरम प्रतिगामी सरकारतिर धकेल्ने भूल समेत गरे । एउटाले त सूर्यबहादुर थापाको २०४६ सालपछिको सबैभन्दा प्रतिक्रियावादी यो सरकारलाई समेत खुला समर्थन गर्‍यो ।

यी सबै प्रवृत्तिले गर्दा देश अहिले चरम दक्षिणपन्थद्वारा आक्रान्त भएको छ । प्रतिगामी शक्ति केन्द्रहरू पुनः क्रियाशील बन्ने लक्षण खुलेआम देखाउँदैछन् ।

यो स्थितिमा देश र प्रजातन्त्रलाई माया गर्ने, सबै पार्टीभित्रका र बाहिरका इमान्दार र सजग तत्वहरू जो जहाँ भए पनि एकगठ हुनु जरूरी भएको छ । एउटा साझा मंच तयार पारी देश र प्रजातन्त्र जोगाउने आन्दोलनको ज्वारभाटा सिर्जना गर्नु जरूरी भएको छ । हाम्रो देश अहिले उन्नत मूल्यले लैश वैकल्पिक प्रतिबद्ध नेतृत्वको खडेरी व्यहोर्दैछ ।

सबै जिम्मेवार पार्टी र गैर-पार्टी शक्तिहरू मिलेर नेतृत्व शून्यताको स्थिति अन्त गर्नु नै यतिखेरको बुद्धिमानी हुनेछ । नत्र नेतृत्वहीनताको यो स्थितिको अधिकतम फाइदा प्रतिगामी शक्ति केन्द्रले लिनेछ ।

◉

---

**छैठौं महाधिवेशनको प्रसंग**

## एमाले आफू कता जाने हो, प्रष्ट हुनुपर्छ

**ने.क.पा. एमाले आगामी माघको दोस्रो सातादेखि शुरू हुने आफ्नो छैठौं महाधिवेशनको तयारीमा जुट्दैछ । यस प्रसंगमा आज एमाले पंक्तिभित्र र बाहिर पनि एमालेले भावी बाटो कस्तो तय गर्ने हो भन्नेबारे जिज्ञासा बढ्दै गइरहेको छ । यसबारे एमालेका नेता-कार्यकर्ताहरूका बीच वादविवाद र बहस-छलफल पनि बढ्दै गइरहेको छ ।**



**क. मदन भण्डारीः**

**बहुदलीय जनवादको भविष्य के ?**

यी कतिपय बहस-छलफलहरू एमालेभित्र पद र सुविधाका स्वार्थहरू एवं नेतृत्व हडप्ने व्यक्तिगत र गुटगत महत्वाकांक्षाले प्रेरित भएका पनि देखिन थालेका छन् । नेताहरू बीचका यी प्रवृत्तिहरू देखेर कतिपय कार्यकर्ताहरू रनभुल्लमा पर्न थालेका र निराश एवं हतास भएका पनि देखिएका छन् ।

विगत पाचौं महाधिवेशनले "जनताको बहुदलीय जनवाद" नामक कार्यक्रमलाई बहुमतले पास गरेपछि एमाले दुई पटक सरकारमा समेत गइसकेको छ । यसैबीचमा पाँचौं महाधिवेशनका कार्यपत्र प्रस्तोताहरूमध्ये मदन भण्डारीको मृत्यु र मोहनचन्द्र अधिकारीको पलायनका घटनाहरू घटिसकेका छन् । मदन भण्डारीको मृत्युपछि उहाँका समर्थक नेताहरूले उहाँको लाइनको व्याख्या गर्दै आइरहेका छन् । अर्का कार्यपत्र प्रस्तोता सी.पी. मैनाली आफ्ना विवादास्पद मतहरूद्वारा पार्टीभित्र बहसमा कृयाशील रहनु भएको छ । तर एमालेको हालसम्मको वास्तविक कार्यनीति र व्यवहार भने गत पाचौं

महाधिवेशनका अर्का कार्यपत्र प्रस्तोता रघुपन्तको 'सामाजिक जनवाद'को कार्यक्रमको घेरो वरिपरि मात्र घुमिरहेको पाइएको छ। स्मरणीय छ, मतदानमा उक्त कार्यपत्रले शून्य मत पाएको थियो। "कम्युनिष्ट शब्दावलीहरू " अब एमालेका निम्ति जनतामा देखाइटोपल्न "खोक्रा र लोकप्रिय" नारा मात्र भएका छन्।

यो तीतो वास्तविकतालाई एमाले भित्रका इमान्दार "कम्युनिष्ट नेता र कार्यकर्ता" हरूले छिचोलेर पार्टीलाई वैज्ञानिक समाजवादी बाटोतिर उन्मुख गराउनेतर्फ कत्तिको लागीपर्ने हुन्, एमालेका भावी दिनका भूमिकाहरू यसैमा भर पर्नेछन्।

गत जनकपुर-महासमिति-वैठकमा नेताहरूले "महाकाली सन्धि राम्रो हो, यसलाई पास गर्नुपर्छ" भनेको सुनेर सबैले 'हो मा हो' मिलाएको तर पछि तिनै नेताहरूबीच सन्धिबारे विवाद शुरू भएपछि चाहिँ 'हो' र 'होइन' गरी दुई खेमामा बाँडिन पुगेको एमालेको आम नेता-कार्यकर्ता पंक्तिको वैचारिक स्तर र प्रवृत्ति देख्दा भने आशा गर्न सकिने ठाउँ कम रहेको पाइन्छ। आफैंमा आलोचनात्मकता र अध्ययनशीलता विकास गर्नुको साटो नेताहरूप्रतिको अन्ध *समर्थन वा विरोध*मा आधारित गूट-मानसिकतामा भिज्ने प्रवृत्ति जवसम्म उनीहरूमा रहन्छ, तबसम्म एमाले भविष्यमा कता जान्छ भन्ने कुराको ठेगान नलाग्ने देखिन्छ। एमालेको समग्र व्यवहारले देखाएको घोर दक्षिणपन्थी प्रवृत्ति, क्रान्ति-चेतको क्षय, जीवन संस्कृतिमा बढ्न थालेको भ्रष्टीकरण, वैचारिक अन्यौल, हचुवापन र अध्ययनको छिपछिपेपना आदिको मूल जरो पत्ता लगाई त्यसको उपचार गर्नेतिर इमान्दार र जिम्मेवार नेता-कार्यकर्ताहरूले ठोस पहल नगर्ने हो भने, एमाले सच्चिन नसक्ने गरी ओरालोतिर लागेकोलाग्यै हुने निश्चित छ।

नेपाली जनता हेरिरहेको छ- एमालेलाई यो छैठौं महाधिवेशनले कस्तो दिशा-निर्देश गर्नेछ ?

एमालेले यतिखेर निर्णय गर्नु जरूरी छ- उसले कुन बाटो लिने ? सामाजिक जनवादी बाटो वा अर्को बाटो ? जन गणतन्त्र र वैज्ञानिक समाजवादको बाटो कि कांग्रेसको जस्तो राजतन्त्रात्मक प्रजातान्त्रिक-समाजवादको बाटो ?

उसले प्रष्ट शब्दमा निर्णय गर्नु जरूरी छ- समाजवादी क्रान्तिको उसको रणनीति के, कार्यनीति के ? त्यो क्रान्ति कसरी संपन्न हुन्छ ? त्यसको निम्ति तयारी कसले गर्ने, कसरी गर्ने ? कहिले गर्ने ? अथवा-नगर्ने ? एमाले प्रष्ट हुनु जरूरी छ। यो स्पष्टताले मात्र नेकपा एमालेबारे नेपाली जनतामा रहेको ठूलो अन्यौलको अन्त गर्न सक्नेछ।

❑ हरिगोविन्द लुईटेल

# त्यहाँ भनिए जति यहाँ गरिएको भए देश अर्कै हुन्थ्यो

## रोममा राजाको भाषण

यस पल्ट गत महिनाको अन्तमा सत्रौं विश्व खाद्य दिवस र खाद्य तथा कृषि संगठनको बाउन्नौं वार्षिक उत्सवका उपलक्ष्यमा इटालीको सुन्दर राजधानी रोममा एउटा भव्य अन्तर्राष्ट्रिय समारोहको आयोजना गरिएको थियो। त्यहाँ प्रमुख वक्ताको रूपमा बोल्न आमन्त्रित गरिएको थियो- नेपालका श्री ५ महाराजाधिराजलाई। यस्तो विश्व स्तरको संयुक्त राष्ट्रसंघीय सभा समारोहमा एउटा संवैधानिक राजालाई प्रमुख वक्ताका रूपमा बोल्न निमन्त्रित गरिएको यो विश्वमै पहिलो पटक थियो। देशको हिसावले कुरा गर्ने हो भने, नेपालले यस्तो अन्तर्राष्ट्रिय मंचमा पछौटे देशहरूका तर्फबाट प्रमुख वक्ताको रूपमा बोल्ने अवसर पाउनु निकै गौरवको विषय हो।



श्री ५ बाट त्यहाँ असोज ३०. गते निकै सान्दार भाषण बक्सियो। श्री ५ ले त्यहाँ विश्वमा अहिले कुल जनसंख्यालाई चाहिनेभन्दा दुई गुणा खाद्यान्न भण्डार रहेको तर त्यो भण्डार धनी देशहरूले उत्तिकै थुपारिराखेको र खान नपाउनेहरू उत्तिकै भोकभोकै मर्न परिरहेको तथ्य चोटिलो भाषामा औंल्याउनु निकै राम्रो कुरा हो। विश्वका असी करोड अघौंजी खान नपाउने जनताको फिक्री श्री ५ बाट विश्व समुदायसमक्ष राख्नु पनि सराहनीय कुरा हो। विश्वको वर्तमान खाद्य संकटको मुख्य कारण जस्तो देखेको हो, त्यस्तै राख्ने आँट गर्नु पनि प्रशंसनीय कुरा हो। विश्वको खाद्य संकट कसरी समाधान हुन सक्छ भनेर श्री ५ ले राखेका विचारहरू पनि मननयोग्य र विचारणीय देखिन्छन्।

तर गाँठी प्रश्न के हो भने, श्री ५ मा खाद्य समस्याको कारण र त्यसको समाधानबारे यति राम्रो जानकारी रहेछ त त्यो श्री ५ कै सक्रिय कार्यकालमा अर्थात् पंचायती कार्यकालमा नेपालमा किन लागू भएन ? त्यहाँ राखिएको विचारमध्ये थोरै मात्र पनि नेपालमा लागू गरिएको भए नेपाल आजको जस्तो खाद्यान्न पनि बाहिरबाट किन्ने वा मागी खाने मगन्ते देश हुनुपर्ने थिएन। जगजाहेर छ, श्री ५ वीरेन्द्र सत्तारूढ हुँदाको शुरू समयसम्म, अर्थात् २०२० को दशकसम्म, नेपाल विश्वको सबैभन्दा धेरै खाद्यान्न निर्यात गर्न सक्ने देशमध्ये एक थियो। तर श्री ५ वीरेन्द्रको प्रत्यक्ष नेतृत्वको अठार वर्षमा नै नेपाल खाद्यान्न आयात गरी खानुपर्ने देशमा रूपान्तरित भयो।

विश्व बैंकद्वारा प्रकाशित तथ्यांकअनुसार, सन् १९७४/७५ अर्थात् २०३१/३३ साल, जतिखेर श्री ५ को राज्याभिषेक भएको थियो, त्यतिखेरसम्म, नेपालले कुनै पनि मुलुकबाट खाद्यान्न सहायता लिनु पर्दैनथ्यो। त्यतिखेर नेपाल खाद्यान्नमा पूर्ण रूपमा आत्मनिर्भर थियो, त्यसैले नेपालले लिने खाद्य सहायता शून्य थियो। तर, २०४४/४५ साल, अर्थात् पंचायती व्यवस्थाको लगभग अन्तको

**गाँठी प्रश्न के हो भने,**
**श्री ५ मा खाद्य समस्याको कारण र त्यसको समाधानबारे यति राम्रो जानकारी रहेछ त त्यो श्री ५ कै सक्रिय कार्यकालमा अर्थात् पंचायती कार्यकालमा नेपालमा किन लागू भएन ?**

सालसम्म पुग्दा नेपालले वर्षेनी २१ हजार मेट्रिक टन खाद्यान्न बाहिरबाट भिक्षाको रूपमा प्राप्त गर्नुपर्ने स्थिति भइसकेको थियो।

यू.एन.डि.पी.का अनुसार, १९६९ देखि १९७१ सम्म, अर्थात् श्री ५ गद्दी आरोहण भएको वर्षसम्म नेपालको खाद्यान्न आयतमा निर्भरता १ प्रतिशत पनि थिएन। यो खालि ०.३ प्रतिशत थियो। तर श्री ५ को सक्रिय शासनको लगभग अन्तिम साल अर्थात् सन् १९८८ सम्म आइपुग्दा नेपालको खाद्यान्न आयतमा निर्भरता दश गुणा बढेर ३ प्रतिशत पुगेको थियो।

श्री ५ को सरकार, सूचना विभागबाट सन् १९८४ मा प्रकाशित राम बहादुर के.सी. लिखित Facts about Nepal भन्ने पुस्तकमा लेखिएको छ- नेपालले २०३१/३२ सालमा पुग्दासंम्म वर्षमा ५ लाख ६७ हजार मेट्रिक टन खाद्यान्न निर्यात गर्ने क्षमता राख्थ्यो। तर UNDP को तथ्यांकले देखाउँछ- हामीले १९८८ अर्थात् २०४५ सालमा पुग्दा वर्षको ५२ हजार मेट्रिक टन खाद्यान्न आयात गर्नुपर्ने स्थिति खडा भइसकेको थियो।

श्री ५ बाट आफ्नो भाषणमा उत्पादन वृद्धि गर्नको लागि जमीन जोत्ने किसानले न्याय पाउनु पर्ने, जोतेको जमीनमा न्यायिक हक पाउनुपर्ने कुरा उल्लेख भएको छ। यो सही कुरा हो। तर नेपालको इतिहास हेर्ने हो भने, श्री ५ महेन्द्रबाट मोहीले मोहियानी हक पाउने जुन सीमित व्यवस्था भएको थियो, त्यसमा पनि व्यापक कटौती गर्ने गरी ऐनको संशोधन श्री ५ वीरेन्द्रको पालामा भएको देखिन्छ। फलस्वरूप, सबैभन्दा बेसी मोही बेदखली यही अवधिमा भएको जगजाहेर छ।

त्यसैले, राम्रो बोल्नु नै ठूलो कुरा होइन। आफूले बोलेका कुरा आफ्नै कर्म र व्यवहारमा लागू गर्नु नै ठूलो कुरा हो। बोलाइ एउटा, बोलाइको ठीक उल्टो आफ्नो व्यवहार हुन्छ भने जतिसुकै राम्रो बोले पनि त्यो शब्दाडम्बर मात्र हुन्छ। त्यस्तो बोलीको मूल्य दुई कौडीको हुँदैन।

अर्को गाँठी कुरा के छ भने, श्री ५ संवैधानिक राजा होइबक्सन्छ। एउटा संवैधानिक राजाले यस्तो अन्तर्राष्ट्रिय सभा समारोहमा भाग लिनु संवैधानिक राजतन्त्रको मर्यादाभित्र पर्ने कुरा कदापि होइन। यस्तो समारोहमा त देशको प्रतिनिधित्व प्रधानमन्त्रीबाट हुनुपर्ने हो, जस्तो पोहोर प्रधानमन्त्री शेरबहादुर देउपाबाट भएको थियो। त्यस्तोमा राजाबाट प्रतिनिधित्व भएपछि त्यहाँ बोलिएका कुराबारे प्रजातान्त्रिक मुलुकमा सार्वभौम जनताले त्यसको आलोचना प्रत्यालोचना स्वभावतः गर्ने हुन्छन्। यसले राजालाई पनि स्वतः विवादमा ल्याई हाल्छ। त्यसैले, प्रश्न के छ भने राजालाई त्यस्तो समारोहमा डाकियो नै किन ? र सरकारले यस्तो घटना हुन दियो नै किन ? स्वयं राजाबाटै संवैधानिक राजतन्त्रको मर्यादाविपरीत यो निमन्त्रणा स्वीकार गरियो नै किन ?

यो कतै दरबारको पुनः राजनीतिमा सक्रिय हुने मनोकांक्षा जागेको प्रमाण त होइन ?

❑ दीपेश उपाध्याय

# कसरी सखाप पारिँदैछन् छ्यालीस सालका उपलब्धिहरु ?

श्याम श्रेष्ठ



लोकेन्द्रबहादुर चन्द

एमालेले 'राष्ट्रवादी' ठहऱ्याएका लोकेन्द्रबहादुर चन्द आफैं मध्यावधि चुनावमा तुरुन्त जान मानेनन्, किन ?

□

सूर्यबहादुर थापालाई प्रधानमन्त्री पदमा किन ल्याइयो ?

□

एमालेले के पायो, के गुमायो ? मसाल, नेमकिपाको भूमिका कस्तो रह्यो ?



सूर्यबहादुर थापा

अहिले नेपालको संसदीय राजनीतिमा "सबै नदीहरू दक्षिणतिर बहन थालेका" छन्। गत असोजको तेस्रो हप्तामा भएको अविश्वासको प्रस्तावद्वारा रा.प्र.पा.-एमाले सरकार गिरेपछि देशमा त्योभन्दा पनि चरम प्रतिक्रियावादी सरकार सत्तामा आएको छ। सूर्यबहादुर थापाको प्रधानमन्त्रीत्वमा नयाँ सरकार आउने बित्तिकै त्यसले माओवादीहरूको सफायालाई आफ्नो सबैभन्दा प्रमुख कार्यभार बताएको छ। यसले अब "जनताको पक्षमा दिइने" राजाको निर्देशन र सुझावलाई सरकारले शिरोधार्य गर्ने कुरा गरेर दरबारलाई सक्रिय राजनीतिमा ल्याउने पूर्व संकेत पनि स्पष्ट रूपले दिएको छ। थापाको शुरू घोषणा र गतिविधिबाटै के संकेत मिलेको छ भने, अबको नेपाल रक्तपातमय नेपाल हुनेछ र सबैभन्दा धेरै रगत नेपालका तमाम जनपक्षीयहरूको बहनेवाला छ।

## थापाको प्रयोजन

थापाको विगत इतिहास कसलाई थाहा छैन ? सिंगो पंचायत कालमा सबैभन्दा धेरै कम्युनिष्टहरूको हत्या थापाकै प्रधानमन्त्रीत्वमा भएको थियो। छिन्ताङ हत्या काण्ड, पिस्कर हत्या काण्ड, सिंधुली हत्या काण्ड, आजाद हत्या काण्ड, महोत्तरी हत्या काण्ड, सर्लाही हत्या काण्ड लगायतका तमाम हत्या काण्डहरू उनकै निर्देशनमा भएका थिए। वि.पि. र गणेशमानलाई फाँसीको माग गरेर सरकारमा आउने धनकुटेली "बहादुर" पनि यिनै सूर्यबहादुर थिए। देशको सारा वन सखाप पारी चरम धाँधलीद्वारा जनमत संग्रहमा तानाशाही पंचायती व्यवस्थालाई थाम्ने "बहादुर" पनि यिनै सूर्यबहादुर थिए। यस अघि २०१७ सालमा आफ्नो पार्टी नेपाली कांग्रेसलाई पूरै धोका दिएर देशमा पंचायती व्यवस्थाको सूत्रपात गर्न सघाउने पनि यिनै सूर्यबहादुर थिए। नेपालको राजनीतिक इतिहासमा दरबारलाई सूर्यबहादुरको जरूरत तब तब मात्र हुने गरेको छ, जब जब प्रतिक्रियावादी सत्तालाई बलियो पार्न विपक्षीहरूको "कोत-पर्व" गर्नु जरूरी हुन्छ, धाँधली जरूरी हुन्छ।

जंगबहादुर प्रवृत्ति भएका थापामाथि पूरै विश्वास र भरोसा त दरबारको समेत हुने गरेको छैन। त्यसैले जब जनपक्षीय शक्तिको हत्या, दमन र धाँधलीको प्रयोजन सकिन्छ, थापाको प्रयोजन पनि सकिने गरेको छ।

'सूर्यबहादुर थापाले माओवादीमाथि दमन गर्न "आतंककारी विधेयक" नचाहिने, विद्यमान ऐन कानून नै पर्याप्त हुने कुरा गरेर जनपक्षीय स्वभाव देखाए नि !' भन्ने चर्चा पनि हिजोआज राजनीतिक वृत्तमा चल्न थालेको छ। तर यथार्थ भने त्यस्तो देखिन्न। थापाको भनाइबाट के साबित भएको छ भने, हिजो आतंककारी विधेयक एमालेलाई फँसाउन र बदनाम गर्न मात्र ल्याउन खोजिएको थियो। यो एमालेकै हातबाट एमाले सिध्याउने औजार ल्याउने षड्यन्त्रको एउटा संस्करण थियो। हेर, हेर, एमाले सूर्यबहादुर थापा जति पनि जनपक्षीय देखिएन, एमालेले आतंककारी विधेयक ल्याउन खोज्यो, थापाले चाहिं रोक्यो !- यही प्रभाव जनसमुदायमा पार्ने नियतको अभिव्यक्ति थियो त्यो।

## जिम्मेवारी र विकल्प

जे होस्, खुँखार, हत्यारा सूर्यबहादुर थापा २०४६ सालपछिको प्रजातान्त्रिक नेपालको प्रधानमन्त्री हुन पुगिसकेका छन्। तर आश्चर्य, उनलाई सिंहदरबारको घुम्ने मेचसम्म बुइमा बोकेर पुऱ्याएको छ- नेपाली कांग्रेसले, जसका शीर्षस्थ अगुवाहरूलाई फाँसी दिने माग यिनै सूर्यबहादुरले गरेका थिए। अझ आश्चर्यको कुरा के भएको छ भने, जुन शक्तिसित हातेमालो गरेर *नेपालमा* बहुदलीय प्रजातन्त्र ल्याउन संभव भएको छ, त्यो शक्ति चाहिं नेपाली कांग्रेसका सभापतिको लागि "प्रजातन्त्रवादी" हुन छोडेको छ। तर, जुन शक्तिले थुप्रै कांग्रेसीहरूको नृशंस हत्या गरेको छ,





निर्णायक घडीमा बहुदल हराएर पंचायती तानाशाहीलाई जिताएको छ, वि.पि. र गणेशमानकै प्राण-दण्डको माग गरेको छ, त्यो शक्ति चाहिं उनको लागि धेरै कुरा मिल्ने विश्वसनीय "प्रजातन्त्रवादी" मित्र भएको छ । नेपाली कांग्रेसको शीर्षस्थ नेतृत्वको पथ-विचलन र वैचारिक टाट पल्टाइको योभन्दा ज्वलैन्त नमूना अरू के हुन सक्छ ?

यो जगजाहेर छ, थापा जस्तो र सिंगै राप्रपा जस्तो प्रतिगामी सामाजिक शक्ति कुनै पनि जनपक्षीय र प्रजातन्त्रवादी शक्तिका लागि "प्रजातन्त्रवादी मित्र" हुन सक्दैन । कुनै शक्ति आफैं प्रतिगामी बन्यो भने मात्र प्रतिगामीहरूको नजरमा अर्को प्रतिगामी शक्ति "प्रजातन्त्रवादी मित्र" ठहरिन सक्छ ।

थापालाई सरकारको बागडोर सुम्पनुमा यस पटक कांग्रेस मात्र जिम्मेवार देखिन्न, यसपाली त नेकपा (मसाल) र नेमकिपा जस्ता क्रान्तिकारी शक्ति नै पनि त्यसको लागि निर्णायक



**४६ सालकै जन-आन्दोलनका प्रणेताहरुले यसका उपलब्धिहरु सखाप पार्न थाल्नु सारै ठूलो ऐतिहासिक दुखान्त हो । यो बुझ्नै नसकिने कुरा हो ।**

शक्ति बन्न पुगेको देखिएको छ । कांग्रेसले चाहेर पनि, मसाल र नेमकिपाले नचाहेको भए थापाको हातमा सरकारको हालीमुहाली पुग्न यस पटक संभव थिएन । किनभने, हृदयेश त्रिपाठी र कमल थापा जस्ता ४ जना ढुलमुल मानिसको भोट मसालले निश्चित रूपमा अविश्वासको प्रस्तावमा भोट हाल्ने र सरकार गिर्ने टुंगो भएपछि मात्र अर्को पक्षमा गएको थियो । यसको मतलब, १०७ मतले जितेको अविश्वासको प्रस्ताव मसालले तटस्थ बस्ने मात्र निर्णय गरेको खण्डमा पनि १०१ भोटको मात्र भागीदार हुन्थ्यो र अविश्वास प्रस्ताव मतदानमा हार्थ्यो ।

मसाल र नेमकिपाले प्रतिक्रान्तिकारी नियतले नै यस्तो काम गरेका होलान्, म यस्तो ठान्दिन, किनकि यी दुवै शक्तिहरू लगातार क्रान्तिकारी आन्दोलनको मैदानमा क्रियाशील छन् । तर "ऊ पनि प्रतिक्रियावादी सरकार, यो पनि प्रतिक्रियावादी सरकार, हामीलाई सारमा के नै पो फरक पर्छ र ?" भन्ने सपाट यान्त्रिक दृष्टिकोणले यसमा काम गरेको हुनुपर्छ ।

निश्चितै रूपमा एमालेले राप्रपासित मिलेर सरकार बनाउनु उसको कार्यनीतिक महाभूल थियो । यसबाट अधिकतम फाइदा प्रतिगामी शक्तिलाई मात्र भयो, एमाले चाहिं बदनाम मात्र भयो र यति नराम्ररी बदनाम भयो कि-इतिहासमा उसको यति बदनामी कहिल्यै भएको थिएन । र, चन्द-एमाले सरकारको कार्यदिशा पनि जम्मामा प्रतिगामी थियो, प्रगतिशील थिएन । त्यसैले यो सरकारको पतन जरूरी थियो । यो सवालमा दुई मत छैन ।

तर चन्द-एमाले सरकारको पतन योभन्दा राम्रो विकल्प अस्तित्वमा ल्याउनको लागि हुनुपर्ने हो, योभन्दा पनि चरम प्रतिक्रियावादी र प्रतिगामी सरकार ल्याउनको लागि कदापि होइन । तातेको तावाबाट त माछा उफ्रनु पर्थ्यो, तर आगोको भुंग्रोमा पर्नको लागि कदापि होइन ।

## योभन्दा राम्रो विकल्प के थियो त ?

चन्द-एमाले सरकारभन्दा कम खराब विकल्प एमाले-कांग्रेस सरकार थियो । दुवै जन-आन्दोलनका सहकर्मी हुनुको नाताले केही साझा प्रजातान्त्रिक सुधार गर्ने न्यूनतम कार्यक्रमका आधारमा दुई थरिले संयुक्त सरकार चलाएको स्थितिमा दरबार र राप्रपाको यति विघ्न विग्विगी देशले व्यहोर्नु पर्ने थिएन । निर्णायक मत आफ्नो साथमा हुने पार्टीले यो शर्त दुवै पार्टीलाई राख्न सक्थे र देशलाई त्यतातिर डोऱ्याउन पहल गर्न सक्थे ।

योभन्दा पनि राम्रो विकल्प देशमा अविलम्ब मध्यावधि चुनाव थियो । मसालको मत निर्णायक भएको स्थितिमा मसालले आफ्नो मतको शर्त नै मध्यावधि चुनाव राख्न सक्थ्यो । त्यस्तै नेमकिपाले पनि । अहिले यसरी दुवै पार्टीले निर्णायक शक्तिका रूपमा देशलाई मध्यावधि चुनावतिर डोऱ्याउने टड्कारो संभावना थियो । अहिलेको समय र परिवेशमा मध्यावधि चुनावले नै देशलाई जनपक्षीय शक्तिहरूको बाहुल्य भएको स्थिर संयुक्त सरकारतिर डोऱ्याउन सक्थ्यो । देशलाई राजनैतिक अस्थिरता र राप्रपाको नाकै भाँच्ने मोलतोलको प्रतिगामी चंगुलबाट मुक्त गर्न सक्थ्यो । त्यसैले भएका विकल्पहरूमध्ये सर्वोत्तम विकल्प अविलम्ब मध्यावधि चुनाव थियो ।

तर गजबको कुरो के रह्यो भने, दुवै क्रान्तिकारी पार्टीले यी दुवै संभव विकल्पमध्ये कुनै विकल्पतिर पनि देशलाई डोऱ्याउन सचेत प्रयत्न गरेनन् । उनीहरूको नियत जे सुकै भए पनि उनीहरूले लिएको नीतिले निर्णायक घडीमा देशलाई २०४६ साल यताको सबैभन्दा प्रतिक्रान्तिकारी सरकारतिर डोऱ्यायो । यो उनीहरूको कार्यनीतिक महाभूल थियो ।

उनीहरूले चन्द-एमाले सरकार त गिराए, तर यसबाट थापा-गिरिजा गठबन्धन जस्तो सबैभन्दा प्रतिक्रियावादी गठबन्धन अस्तित्वमा आउने निश्चित हुँदाहुँदै !

## सोचमा खोट

घटना र वस्तुलाई समय र परिवेशको सापेक्षतामा नहेरी अलग थलग रूपमा हेर्ने र द्वन्दात्मक तवरले नहेरी यान्त्रिक र सपाट हिसाबले हेर्ने अवैज्ञानिक दृष्टिकोणको कारणले यो कार्यनीतिक महाभूल हुन गएको हो भन्ने मलाई लाग्छ ।


अलग थलग रूपमा हेर्दा त चन्द-एमाले सरकार बचाएर राख्नु पर्ने प्रगतिशील सरकार हुँदै होइन । यो प्रतिगामीतातर्फ उन्मुख सरकार हो । र, डा. चैतन्य मिश्रले भने झैं- यो जति बढ्ता रह्यो देशलाई र एमाले स्वयंलाई समेत उति नोक्सानी थियो । तर मुख्य प्रश्न हो- कुन समय र परिवेशमा किन र कसबाट यो सरकारको अन्त गरिँदै थियो ? र, यसको विकल्पमा कस्तो सरकार आउन लागेको थियो ? यसको विकल्पमा योभन्दा राम्रो सरकार ल्याउनको लागि र ल्याउन सकिने समय र परिवेश छ भने त यस्तो सरकारलाई हजारबार ढाल्नु जरूरी थियो । तर यो अन्त गरेर योभन्दा पनि खराब वा सबैभन्दा खराब सरकार आउनेवाला छ भने नि ? यही मूर्त ऐतिहासिक सन्दर्भ र समय र परिवेशको प्रश्नलाई मसाल र नेमकिपाका मित्रहरूले भुल्नु भएको देखिन्छ । उहाँहरूले चन्द-एमाले सरकारको अन्तलाई वर्तमान ऐतिहासिक सन्दर्भ र समय र परिवेशको सापेक्षतामा नबुझेर बिल्कुलै अलग थलग रूपमा लिनु भएको देखिन्छ । जुनसुकै कारणले सरकार परिवर्तनको ग्रायण्ड डिजाइन जहाँसुकैबाट आओस्, विकल्पमा जेसुकै आओस् र परिणाम जेसुकै होस्, चन्द-एमाले सरकार प्रतिक्रियावादी सरकार हुँदै हो, त्यसैले यसलाई जसरी होस् गिराउनु नै पर्छ !- उहाँहरूबाट यसरी यान्त्रिक र सपाट रूपमा घटनाक्रमलाई हेरिएको भान हुन्छ । तर कुल ऐतिहासिक सन्दर्भ र कुल तात्कालीन समय र परिवेशबाट अलग्याएर अलग थलग रूपमा वस्तु र घटनालाई हेर्ने यो ढंग द्वन्दवादी भौतिकवादी त भएन भएन, यो त होशको राजनीति पनि भएन । यो त बेहोशको राजनीति भयो, आक्रोशको प्रतिक्रियामा गर्ने प्रतिक्रियात्मक राजनीति भयो । ढाली दिउँ न यो सरकारलाई, बाँकी जे होला होला !

## गिरिजा-सूर्यबहादुरका हातबाट

चन्द-एमाले सरकार ढाल्ने नियत देशी-विदेशी प्रतिक्रियावादीहरूले किन लिए त ? के थियो तात्कालीन ऐतिहासिक सन्दर्भ ? के थियो तात्कालीन समय र परिवेश ? किन यति नै बेला, यही नै परिस्थितिमा यो सरकार हतार हतार ढाल्न खोजिएको थियो ?

### स्वार्थहरु

विगतमा एमालेलाई प्रतिगामी सामाजिक शक्ति- राप्रपाको हालीमुहाली र नायकत्वमा सरकारमा ल्याउन तयार हुनुको पछाडि अन्तर्राष्ट्रिय प्रतिक्रिया-केन्द्र र दरबारका दुईवटा प्रमुख स्वार्थहरू रहेका देखिन्छन्: एक, एमाले एउटा गुणात्मक रूपले नै उन्नत र भिन्न सामाजिक शक्ति हो भन्ने जनधारणा र नौ महिने एमाले शासन कालले आम जनतामा एमालेप्रति पैदा भएको सकारात्मक आशावादी जन-धारणा खत्तम पारीदिनु । र, यो पनि उही ड्याङ्को मूला हो, सबै चोरैचोर हुन् भन्ने जनधारणा सिर्जना गर्नु । दुई, एमालेको हातबाट नै माओवादीहरूको सफाया गराउनु र एमालेको हातबाट कालान्तरमा एमाले स्वयं र तमाम वाम शक्तिहरूको सफाया गर्न सकिने राजनीतिक परिस्थिति सिर्जना गर्नु ।



सूर्यबहादुर थापा र गिरिजाप्रसाद कोइराला : यो मित्रताको कारण के ?



कुनै नयाँ शक्तिले, कुनै सत्ताच्यूत प्रतिगामी वा प्रतिक्रियावादी शक्तिले सत्ता पुनः आफ्नो हातमा पार्न देशमा नेतृत्व-शून्यताको माहौल तयार पार्ने रणनीति अप्नाउने गर्छ । दरबारले पनि यहाँ त्यही गर्न खोजेको हो । कांग्रेस त गतः पाँच वर्षको शासन कालमा निकै बदनाम भइसकेको थियो । तर एमाले भने आम जनतामा बदनाम भइसकेको थिएन । योप्रति जनताको आशावादिता अझै बाँकी थियो । त्यसैले, यसलाई बदनाम गर्न सकिएको खण्डमा नै देशमा नेतृत्व-शून्यताको स्थिति पैदा हुन्थ्यो । "सबै चोरैचोर" भन्ने जनधारणा भएपछि दरबारलाई पुनः आफ्नो सक्रिय नेतृत्वको औचित्य सावित गर्न मलिलो धरातल खडा हुन्थ्यो ।

विगत ६ महिने शासन कालमा राप्रपाले आफूले गरेका र एमालेको हातबाट गराउन खोजिएका कामहरूको सूची हेर्नुहोस्, यो ग्रायण्ड डिजाइन धेरै हदसम्म स्पष्ट हुनेछ । एमाले शासन कालका लोकप्रिय कार्यक्रमहरू, वृद्धभत्ता, विधवा भत्ता, आफ्नो गाउँ आफैं बनाउँ, नौ 'स' को अभियान- यी कामको लागि अर्थमन्त्री रवीन्द्रनाथ शर्माले बजेट रोक्का किन गरे ? संसारभरि पेट्रोलियम पदार्थको भाउ घटेको बेला यहीं त्यसको मूल्य किन बढाइयो ? संकल्प प्रस्ताव विनाको महाकाली सन्धि यतिखेरै वामदेवबाटै अनुमोदन किन गराइयो ? सारै बदनाम प्रहरी अधिकृत नरहरि संग्रौलाको नियुक्ति वामदेवको हातबाट किन गराउन लगाइयो ? एमालेकै हातबाट 'आतंककारी विधेयक' किन ल्याउन खोजियो ? आदि आदि ।

यता माओवादीहरूको दमन पनि एमालेकै हातबाट गराउनु प्रतिक्रियावादीहरूको लागि सबैभन्दा उत्तम विकल्प थियो । अझ एमालेकै हातबाट "सुरक्षा कानून" ब्यूँझाउने र आतंककारी विधेयक ल्याउने काम हुन सके यिनै ऐनका सहाराले भरे एमाले स्वयं र अन्य तमाम वाम र जनपक्षीय शक्तिहरूको घाँटी निमोठ्न सकिने स्थिति पैदा हुन्थ्यो । यी सबै कुरा "हामीले होइन, तैंले नै ल्याएको त हो नि, हामीले त प्रयोग मात्र गरेका हौं" भन्न सकिने खासाको परिस्थिति खडा हुन्थ्यो । यही नियतले वामदेवकै हातबाट पंचायतकालीन बदनाम सार्वजनिक सुरक्षा ऐनलाई पुनः क्रियाशील पारियो पनि ।

यसरी राप्रपाको हातमा सत्ताको मुख्य लगाम दिएर एमालेलाई पुनः सिंहदरबारमा पुऱ्याउन तयार हुनुका पछाडि दरबार र अन्तर्राष्ट्रिय प्रतिक्रियावादी केन्द्रका निश्चित स्वार्थहरू थिए । र, यस्तो स्वार्थ राखेर आफ्नो स्वार्थसिद्धीका लागि उनीहरूले जाल थाप्नु अस्वाभाविक पनि होइन । जानाजान त्यो जालमा पर्न तयार हुने राजनीतिक शक्ति पो कस्तो ? ताजुबको कुरा त यो पो हो ?

एमालेले त्यो जालमा फस्न आँट गर्नुका पछाडि उसका पनि दुईटा स्वार्थ देखिन्छन्: एउटा, स्थानीय चुनावमा अधिकतम उपलब्धि हात पारेर स्थानीय सरकारमा आफ्नो पकड मजबूत पार्नु । अर्को, आफ्नै सरकारको मातहतमा मध्यावधि चुनाव सम्पन्न गरेर आफ्नो एकलौटी बहुमत भएको सरकार ल्याउनु । एमालेका यिनै दुईटा पार्टी-स्वार्थहरू थिए, जसको लागि जुनसुकै नोक्सानीको मूल्यमा पनि राप्रपालाई काँधमा चढाएर एमाले सरकारमा जान तम्तयार भएको थियो ।

एमालेले आफ्नो पहिलो स्वार्थ यो सरकारमार्फत राम्ररी पूरा गऱ्यो । बहुमत त उसको यत्तिकै पनि आउँथ्यो, स्थानीय चुनावमा अत्यधिक बहुमत चाहिं गृह मन्त्रालयसहित सरकारमा आफू हुनुको कारणले आयो ।

एमालेको प्रयत्न थियो- अब दोस्रो स्वार्थ पनि छिटोभन्दा छिटो सिद्धि गर्ने । स्थानीय चुनावमा त "जसरी पनि" अत्यधिक बहुमत ल्यायो । तर यो उपलब्धि उसको निम्ति सारै नै महँगो पऱ्यो । आफ्नो सबैभन्दा बहुमूल्य संपत्ति-जनताको आस्था र विश्वास, जनताको ऊपतिको आशावादितामा ठूलो नोक्सानीको मूल्यमा मात्र उसले यो उपलब्धि हात पाऱ्यो । घरबारी सिंगै बेचेर चारवटा बाखा हात पारेजस्तो भएन यो ? तमाम एमाले पंक्तिले मूल्याङ्कन गर्नु पर्ने विषय भएको छ । राप्रपाको हालीमुहाली भएको सरकारमा गएर जम्माजम्मीमा के पायो त एमालेले ? बढ्ता नोक्सानी र बदनामी पायो कि बढ्ता उपलब्धि ?

दरबार र अन्तर्राष्ट्रिय प्रतिक्रिया केन्द्र दोस्रो स्वार्थ पनि झण्डै झण्डै सिद्धि गर्न सक्षम भइसकेको थियो । माओवादी समस्यालाई राजनीतिक ढंगले समाधान गर्नु पर्छ भनेर सत्तामा आएको एमाले छ महिना नपुग्दै माओवादीलाई आतंकवादी र माओवादी समस्यालाई 'आतंकवादी समस्या' भनेर नामाकरण गर्न पुगिसकेको थियो । माओवादीहरू 'आतंकवादी' ठहरिएपछि त उसमाथि गर्ने व्यवहार भनेको नृशंस दमन नै हो । एमालेको शीर्षस्थ नेतृत्व अब यही दिशामा जान बैचारिक रूपले तम्तयार भएको थियो । एमालेकै भागमा परेको गृह मन्त्रालयले बदनाम पंचायतकालीन सुरक्षा कानून यही नियतले व्युँझाएको थियो । आतंकवादी विधेयकको मस्यौदा ल्याउने स्थायी समितिमा सैद्धान्तिक सहमति पनि यही नियतले भएको थियो । क्याविनेटले अघोषित रूपमा नेपालमा सैनिक र प्रहरीको र उनीहरूमार्फत दरबारको निरंकुशन्त्र फर्काउने बदनाम आतंककारी विधेयकलाई संसदमा तान्ने उद्देश्यले पास समेत गरिसकेको थियो । संसदमा लैजानासाथ एमालेले केही पनि नगरे पनि, कांग्रेस र राप्रपाले नै त्यसलाई पास गरिदिने निश्चित थियो ।

तर देशका तमाम अन्य वामपार्टीहरू र देशका साराजसो वौद्धिकहरूले, पेशागत जन-संगठनहरूले, मानव अधिकारवादी संस्थाहरूले यो विधेयकविरूद्ध सशक्त दवाव-कार्यक्रम र सडक-आन्दोलन छेडे । तर राप्रपा यो कुरा किन मान्यो ? एमालेले निकै 'राष्ट्रवादी' र 'प्रजातन्त्रवादी' ठहऱ्याएका लोकेन्द्रबहादुर चन्द आफैं मध्यावधि चुनावमा तुरून्त जान मानेनन् ।

उता दरबार र अन्तर्राष्ट्रिय प्रतिक्रिया केन्द्रले पनि छ महिनाको दौरानमा नै आफ्नो पहिलो स्वार्थ निकै हदसम्म पूरा गऱ्यो । एमाले यही अवधिमा यति बदनाम भयो कि एमालेको सिंगो इतिहासमा ऊ यति धेरै बदनाम कहिल्यै भएको थिएन । धेरै बदनामी थाहै नहुनाले सिंगो जनमत अझै एमालेविरूद्ध भई नै सकेको देखिएको छैन तर एमालले यस अवधिमा सबैभन्दा बेसी वौद्धिक समुदायको विश्वास र आस्था गुमायो, जो जनमत निर्माणमा निर्णायक भूमिका खेल्छन् । सबै चोरैचोर ठहऱ्याउने र देशमा नेतृत्वको भ्याकूम सिर्जना गर्ने प्रतिगामी केन्द्रको रणनीति धेरै हदसम्म यही अवधिमा सफल भयो । एमालेले

> **एमालेलाई बदनाम गर्न सकिएको खण्डमा नै देशमा नेतृत्व-शून्यताको स्थिति पैदा हुन्थ्यो । "सबै चोरैचोर" भन्ने जनधारणा भएपछि दरबारलाई पुनः आफ्नो सक्रिय नेतृत्वको औचित्य सावित गर्न मलिलो धरातल खडा हुन्थ्यो ।**



**चन्द-एमाले सरकारका उप-प्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतम : राप्रपाको हालीमुहाली भएको सरकारमा गएर जम्माजम्मीमा के पायो त एमालेले ? बढ्ता नोक्सानी र बदनामी पायो कि बढ्ता उपलब्धि ?**

यो विधेयकविरूद्ध देशमा प्रचण्ड जनमत निर्माण भयो । एमाले पंक्तिभित्रकै क्रान्तिकारी शक्तिहरूले एमोलको शीर्षस्थ नेतृत्वलाई यो विधेयक कुनै पनि हालतमा संसदमा नल्याउन सशक्त दवाब दिए । एमाले शीर्षस्थ नेतृत्व यसरी चारैतिरबाट एक्लिएपछि र यही कारणले निकै धेरै बदनाम पनि भएपछि ऊ पछि हट्न बाध्य भयो । विधेयक फिर्ता लिन विवश भयो ।

## समय र परिवेश

बस्, यही ऐतिहासिक सन्दर्भमा, यही समय र परिवेशमा एमाले संलग्न भएको सरकार ढाल्न दरबार र विश्व प्रतिक्रिया-केन्द्र उद्यत भएको देखिन्छ । एकातिर, एमाले वौद्धिक जनसमुदायबीच र केही मात्रामा आम जनसमुदायबीच पनि काफी बदनाम भइसकेको स्थिति, अर्कोतिर, एमालेबाट अब माओवादीमाथि दमन पनि हुन सक्दैन, आतंकवादी विधेयक पनि आउन सक्दैन भन्ने टुंगो लागेको स्थिति, अर्कोतिर, एमाले अब कुनै पनि बेला कुनै पनि तरहले लोकेन्द्रबहादुर चन्दलाई फकाएर मध्यावधि चुनावमा जान सक्छ र त्यसो भयो भने उसले अझै पनि बहुमत ल्याउन सक्छ भन्ने अपार भय- यी सबै कुराको संयोग यही समय र परिवेशमा हुन गएकाले ठीक यही समय र परिस्थितिमा चन्द-एमाले सरकार गिराउने काम भएको हो । र, यी सबै कदमहरूका पछाडि स्पष्टत: दरबारको रणनीतिक डिजाइन देखिन्छ र त्यसमा अन्तर्राष्ट्रिय साम्राज्यवादी केन्द्रहरूको पूट र समर्थन रहेको पनि देखिन्छ ।

थापा-चन्दको कुर्सीको हानाथापको रूपमा यी सारा घटनाक्रमलाई चित्रित गर्ने प्रयत्न सर्वत्र भइरहेको देखिएको छ । यो फजूल कुरा हो । थापा र चन्दबीच व्यक्तित्वको टक्कर नभएको होइन । त्यो छ, तर यो सतह सतहको विश्लेषण मात्रै हो । यदि चन्द त्यति धेरै थापाविरोधी थिए र एमालेको पक्षधर थिए भने उनले अविश्वास प्रस्ताव आउने लगभग सारा कुरा थाहा हुँदाहुँदै पनि बेलैमा मध्यावधि चुनावको निम्ति सिफारिश किन गरेनन् त ? यो त प्रधामन्त्रीको विशेषाधिकारको कुरा थियो । केले छेक्यो उनलाई त्यसो गर्न ?

चन्द पनि दरबारका कट्टर समर्थक, पशुपति शमशेर र कमल थापाहरू पनि दरबारका कट्टर समर्थक । किन पशुपति र कमल थापाहरू चन्द छोडेर थापाको पक्षमा गए त ?

त्यसैले, थापा चन्दको कुर्सी-झगडाको रूपमा मात्र अहिलेका घटनाक्रमलाई हेर्नु सारै नै भ्रमपूर्ण र गलत कुरा हो । यथार्थमा यहाँ दरबारबाट एउटा ग्रायण्ड डिजाइनको जाल बुनिएको देखिन्छ । चेसका सबै गोटीहरू लगभग त्यही डिजाइनकै नाप नक्सा मुताविक चल्न थालिरहेको देखिन्छ । लोकेन्द्रबहादुर चन्द त्यही डिजाइनका एक गोटी मात्र देखिन्छन्, बढीभन्दा बढी भयो भने आफू पनि गोटी मात्र हुने भएकोबाट, सरकार अनायास आफ्नो हातबाट गएकोबाट, उनको व्यक्तिगत अहंकारमा चोट लाग्नाले व्यक्त भएको यो अहंकारजन्य प्रतिक्रिया मात्र हुन सक्छ । त्योभन्दा ज्यादा केही होइन ।

अहिले थापालाई सरकार सुम्पनुको पछाडि प्रतिगामी शक्ति केन्द्रको स्पष्टत: निहित स्वार्थहरू देखिन्छन् : एउटा, एमालेको हातबाट हुन नसकेको माओवादी सफाइ अभियान र वामपन्थी सफाइ अभियान उनको हातबाट सम्पन्न गराउनु, किनकि उनी इतिहासमा दमन-नायकका रूपमा माहिर छन् । अर्को, आगामी मध्यावधि चुनाव कमसेकम एमालेको हातबाट हुन नदिनु र त्यो पनि सके यिनैको हातबाट सम्पन्न गर्नु, किनकि यिनी इतिहासमा 'धाँधली-नायक'का रूपमा समेत स्थापित छन् । दरबारले बेलाबेलामा सूर्यबहादुरलाई यिनै स्वार्थहरूको निम्ति प्रयोग गर्ने गरेको इतिहास साक्षी छ । अहिले पनि यस धारिलो धनकुटेली खुकुरीलाई ठीक यही दिशामा प्रयोग गर्न लगिँदैछ ।

कांग्रेसले पनि स्पष्ट रूपमा केही स्वार्थले थापाको नेतृत्वमा राप्रपालाई आफ्नो काँधमा बोक्न तयार भएको देखिन्छ : एउटा, अहिले थापालाई प्रधानमन्त्रीत्व सुम्पे पनि अर्को वर्ष मध्यावधि चुनाव चाहिँ आफ्नै प्रधानमन्त्रीत्वमा सम्पन्न गर्ने स्वार्थ र यसरी "जसरी भए पनि" पुन: आफ्नो बहुमतको सरकार ल्याउने स्वार्थ । अर्को, सत्ता बाहिर छँदा टिक्न-खानै नसक्ने, मनोबल नै नउठ्ने कांग्रेसी स्थितिको बाध्यताको कारणले सरकारमा गएर पार्टीमा प्राण भर्ने स्वार्थ । तर बढी संभव छ- दरबारले कांग्रेसलाई पनि अन्तत: एमालेलाई जस्तै नराम्ररी लोप्पा ख्वाउनेछ । र कांग्रेस पनि एमालेजस्तै दरबारबाट प्रयोग हुनेछ । किनकि कांग्रेसलाई बलियो पार्न दिएर दरबार वा राप्रपालाई के फाइदा ? गएको ६ वर्षको इतिहास हेर्ने हो भने यहाँ दरबार लगातार कांग्रेस र एमाले दुवैलाई बदनाम गर्ने खेतीमा लागेको देखिन्छ । दुवैलाई अधिकतम रूपमा आफ्नो स्वार्थको निम्ति प्रयोग गर्ने डिजाइनमा लागेको देखिन्छ । दुवैप्रति जनताको आस्था र विश्वास सिध्याएर देशमा नेतृत्वको भ्याकूम सिर्जना गर्ने रणनीतिमा लागेको देखिन्छ । कांग्रेस नेतृत्व र एमाले नेतृत्व दुवै मन्दबुद्धि र सत्तामोहले गर्दा यति बेहोश र अन्धा देखिन्छन् कि उनीहरूलाई यसको कुनै चालपत्तो नै हुने गर्दैन । जे-जस्तो परिणाम होस्, सिर्फ उनीहरूलाई कुर्सी भए पुग्छ ।

तपाई ६ वर्षको सम्पूर्ण राजनीतिक घटनाक्रमको दिशा हेर्नुहोस् । यो ६ वर्षमा कुन-कुन शक्ति झन् झन् अलोकप्रिय हुँदैछन् ? र कुन शक्ति पुन: लोकप्रिय भएर आउँदैछ ? देशमा नेतृत्व-शून्यताको स्थिति सफलतापूर्वक पैदा गरिँदैछ कि छैन, त्यो पैदा गर्ने मूल भूमिका कुन शक्तिले निभाउँदैछ ? जनताको मनमा कांग्रेस र एमाले दुवै चोरैचोर भन्ने धारणा विकसित हुँदै छ कि छैन ? त्यस्तो पर्न गयो भने त्यो स्थितिको अधिकतम फाइदा कसले लिनेछ र कसले लिँदैछ ?

यी प्रश्नमा गौड गरी हेर्ने हो भने अहिले चन्द एमाले सरकार गिर्नु, पहिले कांग्रेस अहिले एमाले नराम्ररी बदनाम हुनु, र यतिखेरै थापाको सरकार सत्तामा आउनुको ऐतिहासिक सन्दर्भ र समय र परिवेश स्पष्ट हुनेछ ।

थापा सरकार सत्तामा आउने बित्तिकै उनले के घोषणा गरे ? उनले पहिलो प्राथमिकता केलाई दिए ? उनले शान्ति सुरक्षालाई नै पहिलो प्राथमिकता भनेका छन् र यसको निहुँमा माओवादी तह लाउने कुरालाई एक नम्बरको कार्यक्रम बताएका छन् । उनले अबदेखि 'जनताको हितमा दिइने' राजाको निर्देशन र सुझाव सरकारलाई मान्य हुने कुरा बताएका छन् । के अहिलेको समय र परिवेश बुझ्न यी दुईटा कुरा नै काफी छैनन् ?

भरखरै राजाबाट रोममा विश्व खाद्य कृषि संगठनको वार्षिक उत्सवमा नेपालको प्रतिनिधित्व भयो । एउटा संवैधानिक राजाले त्यस्तो सभा सम्मेलनमा प्रतिनिधित्व गरेको र भाषण दिएको यो विश्व इतिहासमै पहिलो पटक भनेर संचार माध्यमहरूले प्रचार गरे । वास्तवमा त्यो वार्षिक उत्सवमा किन देशका प्रधानमन्त्रीलाई निम्त्याइएन ? किन संवैधानिक राजाले त्यसमा प्रतिनिधित्व

**मसालको मत निर्णायक भएको स्थितिमा मसालले आफ्नो मतको शर्त नै मध्यावधि चुनाव राख्न सक्थ्यो । त्यस्तै नेमकिपाले पनि ।**



सांसद, क. रोहित (नेमकिपा)



सांसद, क. नवराज सुवेदी (नेकपा मसाल)

गर्ने दरकार भयो ? संवैधानिक राजासित त्यो हक र हैसियत नै कसरी आयो ?

यी घटनाक्रमले दरबार पुनः सक्रिय राजनीतिमा आउन खोजिरहेको र अन्तर्राष्ट्रिय प्रतिक्रिया-केन्द्रहरूको त्यसमा समर्थन र पूट रहेको संकेत गर्छन् । प्रधानमन्त्री थापाको 'राजाको निर्देशन स्वीकार हुने' भन्ने हालसालैको मन्तव्यले पनि देशको यही राजनीतिक दिशाबारे संकेत गरेको छ । लण्डनबाट प्रकाशित हुने प्रशिद्ध पूँजीवादी पत्रिका 'द इकोनोमिष्ट' ले पनि केही समय अघि नेपालको यही राजनीतिक दिशाबारे संकेत गर्दै एउटा खबर प्रकाशित गरेको छ । यसको सबूदको रूपमा त्यस पत्रिकाले नेपालको मन्त्रीमण्डलको बैठकको हालै परिवर्तित प्रचलनलाई अघि सारेको छ । त्यस पत्रिकाका अनुसार २०४६ साल यता मन्त्रीमण्डलको बैठक भएपछि मात्र प्रधानमन्त्रीमार्फत् राजालाई त्यसबारे रिपोर्टिङ गर्ने प्रचलन थियो । चन्द-एमाले सरकारको पालामा आएर त्यो प्रचलन बदलिएको छ । अब मन्त्रीमण्डलको बैठक हुनु अगाडि नै राजासित प्रधामन्त्रीको दर्शन भेट हुने गर्छ ।

यो ऐतिहासिक सन्दर्भ र यो समय एवं परिवेशमा चन्द-एमाले सरकार ढाल्ने काम भएको छ र त्यसको ठाउँमा थापा सरकार सत्तामा ल्याइएको छ ।

**व्यवस्था बदलियो, तर यहाँको राजनीति गर्ने पार्टीको प्रवृत्ति बदलिएन । सत्ताको लागि जे पनि गर्ने प्रवृत्ति पंचायती प्रवृत्ति हो ।**

अहिले यो सरकारले आफ्नो घोषित नीति र कार्यक्रम मुताविक शान्ति सुरक्षाको नाममा र माओवादी सफायाको नाममा वामपन्थी र अन्य जनपक्षीयहरूको सफाया अभियान चलायो भने त्यसको उत्तरदायी को हुने ? यो सरकारले क्रमवद्ध रूपमा दरबारलाई झन् झन् क्रियाशील पार्न थाल्यो भने त्यसको जिम्मेवार को हुने ? जन-आन्दोलनका सारा उपलब्धिलाई यो सरकारले यो वा त्यो निहुँमा खोस्दै लग्यो भने दोषी को हुने ?

यस्तो देखिन्छ, कांग्रेस र एमाले दुवै घोषित लक्ष्य मुताविकको राजनीतिक दाउपेंचमा पूरै विफल देखिएका छन् । यी दुवै प्रमुख पार्टीहरू दरबारको रणनीतिक योजनामा नराम्ररी प्रयोग हुँदै आएको देखिनथालेको छ । त्यसको लागि डुंगा बनेको छ- यिनीहरूको अन्ध-सत्ता भोक । यस पालिको घटनाक्रमले त सत्ताभोक नभए पनि र क्रान्तिकारी नियत भए पनि मसाल र नेमकिपा पनि जान वा अन्जानमै दरबारको डिजाइनको फेरोमा परेका देखिएका छन् । एकातिर, एमालेप्रतिको तीव्र आक्रोश (जुन स्वभाविक छ) । अर्कोतिर, समय र परिवेशभन्दा अलग्गै अलग थलग रूपमा घटनाक्रमलाई हेर्ने दृष्टिकोणका कारणले नै उनीहरू यस फेरोमा परेका हुन् ।

## प्रवृत्ति र दिशा

यही कारणले नेपालको संसदीय राजनीतिका सबै नदीहरू यतिखेर दक्षिणतिर बहन लागेका छन् भनिएको हो । कुनै नदीहरू जानाजान नै सत्ताभोकले गर्दा दक्षिणतिर बहँदैछन्, कुनै नदी गलत दृष्टिकोण र प्रतिक्रियात्मक राजनीति गर्ने प्रवृत्तिले गर्दा अन्जानमै दक्षिणतिर बहँदैछन् । तर जम्मामा नदीहरू दक्षिणतिरै बहँदैछन् ।

व्यवस्था बदलियो, तर यहाँको राजनीति गर्ने पार्टीको प्रवृत्ति बदलिएन । सत्ताको लागि जे पनि गर्ने प्रवृत्ति पंचायती प्रवृत्ति हो । कांग्रेस र एमाले त्यही प्रवृत्तिको प्रदर्शन गर्दैछन् । प्रतिक्रियावादीहरूको चाल र दाउपेंच नै नबुझेर उनीहरूको कदमको समय र परिवेश नै नबुझेर उल्ट्याएको भरमा वा आक्रोशको भरमा प्रतिक्रियात्मक राजनीति गर्ने वा बेहोशको राजनीति गर्ने प्रवृत्ति पनि पंचायतकालीन विपक्षहरूको प्रवृत्ति हो । त्यो प्रवृत्ति पनि यहाँ क्रान्तिकारी पार्टीहरूद्वारा प्रदर्शित भइरहेछ । यी दुवै प्रवृत्तिविरूद्ध लामो प्रवृत्तिगत संघर्ष गर्नुपर्ने स्थिति देशमा पैदा भएको छ । किनकि यी दुवै प्रवृत्तिले प्रत्यक्ष फाइदा प्रतिक्रियावादीहरूलाई भइरहेछ । अन्जानमै भएका गल्तीहरू ठूलै भए पनि कुरा बुझेपछि सच्चिने संभावना हुन्छ । तर जानाजान भएका गल्तीहरू त सच्चिने संभावाना छैन । ती फेरि लगातार दोहोरिरहने निश्चित छ । यी गल्तीहरू दोहोरिरहे भने ४६ सालको जन-आन्दोलनका सहकर्मीहरूद्वारा नै ४६ सालका राजनैतिक उपलब्धिहरू एकपछि अर्को गर्दै सखाप पार्ने काम हुनेछ । दरबारले ४६ सालको उपलब्धि सखाप पार्न खोज्नु स्वाभाविक र बुझ्न सकिने कुरा हो । ४६ सालकै जन-आन्दोलनका प्रणेताहरूले यसका उपलब्धिहरू सखाप पार्न थाल्नु सारै ठूलो ऐतिहासिक दुखान्त हो । यो बुझ्नै नसकिने कुरा हो ।

अन्तमा, एउटा प्रचलित पुरानो हिन्दी गीत यहाँ उद्धृत गर्नु सान्दर्भिक हुन्छ-

"मझधार मे नैया डोले तो माझी पार लगाए
माझी जो नाव डुबोये उसे कौन बचाए ?"

❑

शुभ विजयादशमी
तथा शुभ दीपावलीको
उपलक्ष्यमा बाग्लुङ्ग
जिल्लाबासीहरू तथा
समस्त देशबासीहरूमा
हार्दिक शुभकामना !

सभापति,
लिलाबहादुर थापा
तथा जि.वि.स. परिवार, बाग्लुङ्ग

विजयादशमी
तथा दीपावलीको उपलक्ष्यमा
बाग्लुङ्ग नगरबासीहरू तथा
समस्त देशवासीहरूमा हार्दिक
शुभकामना !



मेयर,
ऋषिराम
शर्मा
तथा बाग्लुङ्ग
नगरपालिका परिवार,
बाग्लुङ्ग



# के हो महानता गणेशमानको ?

◆ श्याम श्रेष्ठ

कुनै पनि उच्च पदमा नभएको एकजना आम नागरिक भएर पनि गणेशमान सिंहले मृत्युपछि जनता र सरकारको तर्फबाट जुन सम्मान पाउनुभयो, त्यो नेपालको इतिहासमै अद्वितीय छ । सरकारले देशको इतिहासमै पहिलोपटक एकजना नागरिकलाई तीन दिनको राष्ट्रिय शोकसहित राजकीय सम्मानका साथ दाहसंस्कार गर्ने प्रशंसनीय कार्य गऱ्यो । सबै विचार र फाँटका जनताले गणेशमानको अन्तिम श्रद्धाञ्जलीका निम्ति जुन स्तरको श्रद्धापूर्ण सहभागिता जनाए, त्यो इतिहासमा सितिमिति देख्न पाइने परिघटना होइन । नौ वाम पार्टीले आफ्नो दुई दिने नेपाल बन्दको कार्यक्रमको अन्तिम दिन गणेशमानको मृत्युको खबर सुनेपछि तत्कालै मध्यान्हदेखि यातायात बन्दको कार्यक्रमलाई बुद्धिमत्तापूर्वक फिर्ता लिएर गणेमानप्रति आफ्नै ढंगको ऐतिहासिक श्रद्धाञ्जली व्यक्त गरे ।

यी घटनाले के छर्लङ्ग पारेका छन् भने, नेपाली जनता देश र जनताको लागि ज्यान अर्पने योद्धाहरूको योगदानको सही मूल्याङ्कन गर्न जान्दछन्, उनीहरूको उचित सम्मान गर्न जान्दछन् । २०४६ सालको प्रजातान्त्रिक जन-आन्दोलनका उपलब्धिहरूलाई कुल्चन खोज्ने प्रतिगामी तत्वहरूको निम्ति गणेशमानलाई नेपाली जनताले दिएको सम्मान एउटा चेतावनी र चुनौती पत्र सरह भएको छ । किनभने, जुन जनता जन-आन्दोलनका एकजना महा-नायकलाई यति धेरै सम्मान गर्न जान्दछन्, ती जनता जन-आन्दोलनका खलनायकहरूलाई परिआएमा रद्दीको टोकरीमा मिल्काउन पनि त जान्दछन् । त्यसैले, नेपालमा अहिले पुनः टाउको उठाउन थालेका जन-आन्दोलनका खलनायकहरू त्राहीमाम र सावधान भए हुन्छ- यहाँका नेताहरूले सत्ता स्वार्थवश बाटो बिराए पनि जनतामा प्रजातान्त्रिक आन्दोलनको चेत अहिले पनि खत्तम भइसकेको छैन । गणेशमानको विशालतम र सर्वसामेल शवयात्राले यही सन्देश दिएको छ ।

गणेशमानलाई नेपाली जनताले दिएको सर्वोच्च सम्मान उहाँ एकजना सर्वोच्च कांग्रेसी नेता हुनुको कारणले थिएन । यो सम्मान जीवनभरि, सिंगै आधा शताब्दीभन्दा लामो समयसम्म, नेपालमा सामन्ती निरंकुशतन्त्र अन्त गर्ने प्रजातान्त्रिक आन्दोलनमा अग्रगामी पंक्तिमा बसेर लड्ने एकजना महान प्रजातान्त्रिक योद्धालाई दिइएको सम्मान थियो । यो सम्मान आफैले जन्माएको र हुर्काएको पार्टी नेपाली कांग्रेसले देशमा समाजको जगसम्म प्रजातान्त्रिक क्रान्तिलाई विस्तार गर्नेवाला छैन, बरू प्रजातन्त्रलाई घुमाई फिराई दरबारमा बुझाउनेवाला छ भन्ने टुंगोमा पुगेपछि चालीसौं वर्षसम्म आफ्नो रगत पसीनाले सिंचेको पार्टीसमेत झ्याटझुट छोड्न साहस गर्ने एकजना दृढ प्रजातन्त्रवादी नेतालाई दिइएको सम्मान थियो । प्रजातन्त्रको सवालमा आफ्नो पार्टीभन्दा पनि माथि उठ्ने प्रयत्न नै गणेशमानको आदर्श र जीवनको उत्कर्ष थियो । अहिले नेपाली कांग्रेस जे जस्ता प्रतिगामी र राष्ट्रघाती कामहरू गर्दैछ, त्यसैको साक्षी र मूक दर्शक भएर गणेशमान बसिरहनु भएको भए उहाँको विगत योगदानका कारणले शोक र श्रद्धाञ्जलि त केही हुन्थ्यो होला, तर यति व्यापक, सर्वसम्मत र सर्वोच्च सम्मान मिल्नु संभव थिएन ।

तर आश्चर्य, उहाँको शवमाथि नेपाली कांग्रेसको झण्डा ओढाएर उहाँलाई कांग्रेसी नेता साबित गर्ने साजिश किसुनजी र गिरिजाबाबुबाट भयो । शवयात्रामा 'नेपाली कांग्रेस-जिन्दावाद !" भन्ने नारा पनि लगाइयो । यो त गणेशमानको जीवनको अन्तिम घडीको आदर्श र व्यक्तित्वमाथि सरासर अन्याय भएन र ? यो त अनैतिकताको पराकाष्ठा भएन र ? ब्यूँझेका बेला गणेशमान स्पष्ट कारणहरूसहित र होशपूर्वक जुन कांग्रेसी झण्डामुनि बस्न सहमत हुनु भएन, त्यही झण्डाले मरेका गणेशमानलाई छोपछाप पारेर जबर्दस्ती आफ्नो पार्न खोज्नु लाशमाथिको निकृष्ठ राजनीति भएन र ?

> **ब्यूँझेका बेला गणेशमान स्पष्ट कारणहरुसहित र होशपूर्वक जुन कांग्रेसी झण्डामुनि बस्न सहमत हुनु भएन, त्यही झण्डाले मरेका गणेशमानलाई छोपछाप पारेर जबर्दस्ती आफ्नो पार्न खोज्नु लाशमाथिको निकृष्ठ राजनीति भएन र ?**

यी घटनाले नेपाली कांग्रेसका नेताहरूको दयनीय नैतिक सांस्कृतिक स्तर र चित्तदशाको राम्रो झझल्को दिएका छन् । उनीहरू अब आफ्नो नभएको हरेक राम्रो कुरालाई आफ्नो भनाउन लालायित देखिएका छन् । आफूसित अब राम्रो भनेर गौरव गर्न लायक कुनै कुरा बाँकी छैन भन्ने चित्तदशाले नै यस्तो लालसा पैदा भएको हुनुपर्छ । नत्र आफूसित राम्रा धेरै कुरा छन् भने आफ्नो हुन छोडेको राम्रोलाई आफ्नो भनाउने स्वाङ किन गर्नु पर्छ र ?

गणेशमानको विशिष्टता केमा देखिन्छ भने उहाँ आम कांग्रेसी नेताहरूमा पाइने यो स्वाङे चित्तदशाबाट मुक्त र माथि देखिनु हुन्छ । उहाँ जिन्दगीभर आफ्नै बूतामा राम्रो बन्न संघर्षरत देखिनु हुन्छ । सिंगो नेपाली कांग्रेस दक्षिणपन्थको संवाहक भइरहेको बेलामा उहाँ कांग्रेस भित्र वामपन्थी प्रवृत्तिका संवाहक देखिनुहुन्छ । चाहे निरंकुश राणातन्त्रविरोधी संघर्षमा होस् या निरंकुश राजतन्त्रविरोधी संघर्षमा, चाहे जनमत संग्रहको सवालमा होस् या छयालीस सालको जन-आन्दोलनमा, चाहे पंचायत प्रवेशको सवालमा होस् वा टनकपुरको सवालमा, उहाँले नेपाली कांग्रेसभित्र सापेक्षतामा वामपन्थी वैचारिक धारको प्रतिनिधित्व गरिरहनु भएको देखिन्छ । गणेशमानलाई गणेशमान गराएकै उहाँको यो वामपन्थी वैचारिक धारले हो ।

गणेशमानको पार्टी परित्यागबाट कांग्रेसभित्रको त्यो धार लगभग भुत्ते हुन पुगेको थियो । तथापि, पार्टीबाट बाहिरिए पनि गणेशमान नै त्यस्ता एकमात्र व्यक्तित्व हुनुहुन्थ्यो, जो कांग्रेसको उग्र-दक्षिणपन्थतिरको यात्रालाई कांग्रेसभित्रैबाट पूर्ण नियन्त्रण गर्न नसके पनि थोरै मुकाबिला गर्ने माहौल तयार पार्न सक्नु हुन्थ्यो । किनभने, उहाँ पार्टीविहीन व्यक्ति भएर पनि एक संस्था बराबर हुनुहुन्थ्यो । गणेशमानको मृत्युबाट त्यो संस्था र प्रवृत्तिको लगभग अन्त भएको छ । अब कांग्रेसभित्र थोरै पनि वाम र जनमुखी रूझान राख्ने नेता शिला खोजे जस्तो खोज्नु पर्ने स्थिति पैदा भएको छ । गणेशमानको मृत्युले पैदा गरेको यो रिक्तता अपूरणीय भएको छ ।

## योगदान र महानता

इतिहासमा गणेशमानको महानतम योगदान के देखिन्छ भने, उहाँ जीवनपर्यन्त सामन्ती निरंकुशतन्त्रको अन्तको लागि लड्नुभयो र त्यसका सामु कहिल्यै झुक्नुभएन । एउटा मान्छे सिंगै आधा शताब्दीसम्म सामन्ती निरंकुश-तन्त्रविरोधी हरेक लडाइँमा मोर्चाको

अघिल्लो पंक्तिमा रहिरहनु भनेको साधारण कुरा होइन । वि.सं १९९६ सालको प्रजा परिषद्को प्रजातान्त्रिक जन-आन्दोलनदेखि २०४६ सालको प्रजातान्त्रिक जन-आन्दोलनसम्म सामन्ती निरंकुशतन्त्र-विरोधी प्रत्येक संघर्षमा गणेशमान अघिल्लो पंक्तिमा देखिनुहुन्छ र जीवन हत्केलामा राखेर उहाँ लडिरहनुभएको देखिन्छ । यो नै गणेशमानको महानता हो र महान योगदान हो । यस हिसाबले गणेशमानलाई सामन्ती निरंकुशतन्त्रको युगको एकजना महान योद्धा भन्न सकिन्छ ।

वि.सं. १९९६ सालकै पर्चा-काण्डमा गिरफ्तार हुँदा उहाँको ज्यान जाने भइसकेको थियो । दशरथ चन्दलगायत चारजनालाई मृत्युदण्ड दिइँदा बडाकाजी रत्नमानका नाति भएकाले मात्र उहाँले सर्वस्वहरण र आजन्म कारावासको सजायँ

**कांग्रेसीहरुमध्ये गणेशमानको योगदान हमेशा सबैभन्दा ठूलो रहेर पनि कांग्रेसी संगठन हमेशा कोइराला बन्धुको हातमा घुमिरह्यो**

पाउनु भएको थियो ।


जेलबाट २००१ सालमा भागेर २००६ सालमा भिक्षाखोरीमा पुनः गिर फ्तार भएपछि उहाँले मृत्युदण्ड पाउनुभएको थियो । प्राविधिक कारणवश त्यो कार्यान्वयन नहुँदै २००७ सालको हेरफेर भयो र मात्रै उहाँ बच्नुभयो ।

मान्छेको असली परिचय उनका समकक्षीहरूसितको तुलनाबाट मात्र छर्लङ्ग हुन्छ । वि.पि.सित गणेशमानको तुलना गर्ने हो भने, नेपालमा पूँजीवादी संसदीय प्रजातन्त्र ल्याउने लडाईंमा गणेशमानको योगदान वि.पि. भन्दा पनि माथि र धेरै देखिन्छ । वि.पि. जीवित भएको भए २०४६ सालको वाम-कांग्रेस संयुक्त जन-आन्दोलन संभव नै हुने थिएन । संयुक्त आन्दोलन नभएको भए पंचायती निरंकुशतन्त्रको अन्त र बहुदलीय पूँजीवादी प्रजातन्त्रको स्थापना संभव थिएन । वि.पि. उग्र कम्युनिष्टविरोधी हुनुहुन्थ्यो । २०३६ सालमा जनमत संग्रहको निम्ति कम्युनिष्टहरूले राखेको पाँच पूर्वशर्तमा र त्यसको निम्ति भएको आन्दोलनमा वि.पि.ले पनि समर्थन गरेको भए २०३६ सालको जनमत संग्रहमै बहुदलको विजय धेरै हदसम्म संभव थियो । र, नेपालको इतिहास त्यतिखेरै अर्को दिशामा जानेथियो । तर वि.पि.ले त्यो बुद्धिमत्ता देखाउनु भएन, यद्यपि गणेशमानको जोड त्यतिखेरै पनि पाँच पूर्वशर्तलाई समर्थन गर्नुपर्छ भन्ने थियो ।

वि.पि.ले राष्ट्रिय मेलमिलापको नीति प्रतिपादन गर्नुभयो, २०३३ सालमा । यो मेलमिलाप असलमा 'जसरी पनि' सामन्ती निरंकुशतन्त्रसित कांग्रेसको राजकीय मेलमिलाप थियो, कम्युनिष्टहरूको अन्तको मूल्यमा । यसअन्तर्गत दरबारले पंचायती बहुदल जस्तो नाक जोगाउने बाटो मात्र प्रदान गरेको भए पनि वि.पि. त्यही शर्तमासमेत पंचायत प्रवेश गर्न तत्पर देखिनु हुन्थ्यो । 'राजा र मेरो घाँटी एकै ठाउँमा जोडिएको छ' भन्ने उहाँको कथन जगजाहेर नै छ । दरबार त्यति पनि लचिलो भएन, र दरबारकै जडता र मूर्खताको कारणले वि.पि.को मेलमिलापको कार्यनीति पूरा भएन । कुरा त्यतिले मात्र अड्केको हो, नत्र नेपाल यतिखेर इण्डोनेशिया भइसक्थ्यो । कांग्रेस र दरबारको गठजोडमा यतिखेर नेपाल नक्कली प्रजातन्त्र भोगिरहेको हुन्थ्यो ।

वि.पि.को मृत्युपछि गणेशमानले नै कांग्रेसलाई त्यो उग्र दक्षिणपन्थी बाटोमा जानबाट रोक्न निर्णायक भूमिका खेलेको देखिन्छ । उहाँले नेतृत्व सम्हालेपछि नै कांग्रेस सत्याग्रह र जन-आन्दोलनको बाटोतिर उन्मुख भएको देखिन्छ । अन्यथा, गिरिजा कोइराला त वि.पि.कै बाटो अनुशरण गर्दै राजासित स-सम्मान पंचायत प्रवेशको बाटोको निम्ति लगातार वार्ता गर्दै थिए । पंचायती शपथ-ग्रहण गर्नु नपर्ने, वर्गीय संगठनको सदस्यता लिनु नपर्ने, एउटै घोषणा-पत्रमा चुनाव लड्न पाइने र अन्तरिम सरकार गठन हुनुपर्ने जस्ता चार मुख्य माग पूरा गरिदिएको खण्डमा गिरिजापन्थी कांग्रेसको लागि पंचायतकालीन सामन्ती निरंकुशतन्त्र नै स्वीकार्य भइसकेको थियो । 'स्याललाई काल आए शहर पस्छ, कांग्रेसलाई काल आए पंचायत पस्छ' भनेर वि.पि.को अनुशरणकर्ता गिरिजाको चिन्तनको विरोध गर्ने र त्यस्तो हुनबाट

# गणेशमान सिंहको संक्षिप्त जीवनी



- जन्म- वि.सं. १९७२ साल कार्तिक २४ गते
- माता तथा पिताको नाम- (सुभद्रादेवी) सानुनानी श्रेष्ठ, ज्ञानमान सिंह
- शिक्षा- प्रारम्भिक शिक्षाको लागि दरबार स्कूलमा भर्ना, ६ कक्षामा अध्ययन रहँदा राणाका सन्तानलाई सम्मान नगरेको कारण स्कूलबाट निस्कासित ।
  कलकत्ताको विद्यासागर कलेजबाट वि.सं १९९४ सालमा म्याट्रिक पास । आइ.एस्सी. सम्मको अध्ययन ।
- राणाविरोधी विभिन्न गतिविधिमा संलग्न- वि.सं. १९९५ देखि ।
- राजनैतिक जीवनमा प्रवेश- वि.सं. १९९७ सालको श्रावण महिनामा प्रजापरिषद्को सदस्यता प्राप्त गरेपछि ।
- विवाह- वि.सं. १९९७ सालमा स्व. महिला नेतृ मंगलादेवीसंग ।
- आजन्म कारावासको सजाय- वि.सं. १९९७ सालमा प्रजापरिषद्का अन्य सदस्यहरुसंगै गिरफ्तार र अंश सर्वस्वसहित आजन्म कैदको सजाय
- फरार- बि.सं. २००१ सालमा जेलको पर्खाल नाघेर ।
- नेपाली राष्ट्रिय कांग्रेसको संस्थापक सदस्य- वि.सं. २००३ सालमा स्व. वि.पि. कोइरालासँग मिलेर कलकत्तामा नेपाली राष्ट्रिय कांग्रेसको स्थापना र त्यसको संस्थापक सदस्य
- नेपाली कांग्रेसको संस्थापक सदस्य- वि.सं. २००६ सालमा नेपाली राष्ट्रिय कांग्रेस र नेपाली प्रजातन्त्र कांग्रेसको कलकत्तामा संयुक्त अधिवेशन र त्यसको संस्थापक सदस्य
- पुनः गिरफ्तार- जनक्रान्तिको पूर्व तयारीको लागि नेपालमा आएर भारत फर्कंदै गर्दा वि.सं. २००६ सालमा भिक्षा खोरीमा गिरफ्तार र मृत्युदण्डको सजायँ । तर सजायँ कार्यान्वय हुन नपाउँदै क्रान्ति हुनाले बचेको । २००७ सालको क्रान्तिसम्म जेलमा नै ।
- मन्त्री पदमा नियुक्ति- २००७ सालको प्रजातन्त्र प्राप्तिपछि राणा कांग्रेसको संयुक्त सरकारमा उद्योग तथा वाणिज्य मन्त्री । वि.सं. २००८ सालमा मातृकाप्रसाद कोइरालाको मन्त्रीमण्डलमा कृषि, भूमि तथा खाद्य मन्त्री (पछि वि.पि. कोइरालाको निर्देशनमा राजिनामा गरेको) वि.सं. २०१५ सालको प्रथम निर्वाचित मन्त्रीमण्डलमा निर्माण तथा यातायात मन्त्री ।
- सांसदमा निर्वाचित- २०१५ सालको प्रथम आम निर्वाचनमा पुष्पलाल श्रेष्ठलाई पराजित गरी सांसदमा निर्वाचित
- पुनः जेल चलन- वि.सं. २०१७ साल पुस १ गते राजा महेन्द्रबाट संसदीय व्यवस्था भंग गरेको घोषणा र सम्पूर्ण मन्त्रीहरुको गिरफ्तारी संगसंगै गणेशमान सिंह पनि गिरफ्तार । सुन्दरीजल जेल चलान र वि.सं. २०१७ साल देखि वि.सं. २०२५ सालसम्म जेल ।
- निर्वासन- वि.सं. २०२५ सालदेखि वि.सं. २०३३ सालसम्म भारतमा निर्वासन र वि.सं. २०३३ सालमा वि.पि.संगै राष्ट्रिय एकता तथा मेलमिलापको राजनीति बोकेर नेपाल प्रवेश । तत्कालीन पंचायत सरकारद्वारा गिरफ्तार गरी महाराजगंजमा नजरबन्द र विभिन्न मुद्दा लगाई मृत्युदण्डको माग । तर पछि भारतीय जनता सरकारको दवाबमा मुद्दा फिर्ता ।
- वि.पि.संग मतभेद- वि.सं. २०३६ सालको जनमत संग्रहपछि जनमत संग्रहमा निःशर्त भाग लिने भन्ने कुरामा वि.पि.सँग मतभेद
- नेपाली कांग्रेसको सर्वोच्च नेता- वि.सं. २०३९ सालमा वि.पि.को देहावसानपछि नेपाली कांग्रेसको सर्वोच्च नेताको पद ग्रहण ।
- वि.सं. २०४२ सालमा राष्ट्रिय एकता र मेलमिलापको नीतिको पुनः परिभाषित गरेर सत्याग्रह आन्दोलनको संचालनमा नेतृत्व ।
- सर्वमान्य नेता- वि.सं. २०४६ सालमा आफ्नै आँगनमा नेपाली कांग्रेसको सम्मेलन गरेर २०४६ सालको जनआन्दोलनको घोषणा । आन्दोलनमा सबै क्षेत्रबाट सर्वमान्य नेताको रुपमा स्वीकार । आन्दोलनपछि बन्ने अन्तरिम मन्त्रीमण्डलमा राजा वीरेन्द्रबाट प्रधानमन्त्री हुन अनुरोध गर्दा अस्वीकार ।
- नेपाली कांग्रेसको पद त्याग- नेपाली कांग्रेसले गरेको अनियमितता तथा अख्तियार गरेका नीतिहरुको विरोध गर्दै वि.सं. २०५१ सालमा नेपाली कांग्रेस त्याग गरेको घोषणा ।
- पुरस्कारबाट सम्मानित- वि.सं. २०४८ सालमा 'पिस रन' र वि.सं. २०५० सालमा 'संयुक्त राष्ट्रसंघीय मानव अधिकार' पुरस्कारबाट सम्मानित ।
- देहावसान- वि.सं. २०५४ साल असोज २ गते करिब विहान ३ बजे । ◆

रोक्ने निर्णायक नेता गणेशमान नै थिए ।

त्यसैले, सामन्ती निरंकुशतन्त्रविरोधी लडाइँमा वि.पि. निर्णायक घडीमा संझौतापरस्त देखिनुहुन्छ, आत्मसमर्पणमुखी देखिनुहुन्छ । वि.पि.को यही चरित्र र व्यवहारका कारणले २०१४ सालको भद्र अवज्ञा आन्दोलनमा पनि वि.पि.ले संविधान सभाको माग छोडेर धारा ५५ को अधिकारसहित राजाले दिएको संविधान स्वीकार्न पुग्नुभएको देखिन्छ । तर गणेशमानमा भने प्रायशः त्यस्तो ढुलमुलपन र संझौता परस्तता देखिन्न । उहाँ सामन्ती निरंकुशतन्त्रविरोधी लडाइँमा अक्सरतया दृढ देखिनुहुन्छ । यो लडाइँमा भरपर्दो मित्रशक्ति को भन्ने सवालमा उहाँ वि.पि.भन्दा स्पष्ट र लचिलो देखिनुहुन्छ । कम्युनिष्टको बहुलठ्ठीपूर्ण विरोध त गणेशमानबाट पनि बेला बेलामा हुनेगर्थ्यो, विशेषतः अरूको उल्क्याहटमा । तर निर्णायक घडीमा कम्युनिष्टहरूसित समेत एकताबद्ध भएर सामन्ती निरंकुशतन्त्र अन्त गर्ने मामलामा उहाँ वि.पि.लगायत कांग्रेसका अरू सबै नेताहरूभन्दा लचिलो, स्पष्ट र बुद्धिमत्तापूर्ण देखिनुहुन्छ । २०४० को दशकमा यो बाटोमा कांग्रेस सिंगैलाई ल्याउनुमा गणेशमानको ठूलो र निर्णायक योगदान छ ।

तथापि, वि.पि. चिन्तक र सिद्धान्तवेत्ता हुनुहुन्थ्यो, गणेशमान साहसी योद्धा, वि.पि. कुशल संगठनकर्ता हुनुहुन्थ्यो, गणेशमान विद्रोही जननेता, वि.पि. मष्तिष्कका धनी हुनुहुन्थ्यो, गणेशमान हृदयका । गणेशमानको यही सीमाका कारणले उहाँको यत्रो योगदानका बावजूद उहाँसित नेपाली कांग्रेसको सांगठनिक पकड दरोसित कहिल्यै रहेन । उहाँ वि.पि. जस्तो देशको सीमा बाहिर पनि निकै प्रख्यात हुन सक्नुभएन र बाह्य विश्वसित जीवन्त संपर्कमा रहन सक्नुभएन । त्यसैले कांग्रेसीहरूमध्ये गणेशमानको योगदान हमेशा सबैभन्दा ठूलो रहेर पनि कांग्रेसी संगठन हमेशा कोइराला बन्धुको हातमा घुमिरह्यो ।

## विद्रोही जीवन र आदर्श

गणेशमान वर्गीय हिसाबले राणाकालीन कुलीन मध्यम वर्गका एकजना संपन्न नेपाली थिए । उनका बाजे बडाकाजी रत्नमान राणाकालीन दरबारका शक्तिसम्पन्न भारदार थिए । बच्चैमा आफ्नो बाबु खसेको हुनाले गणेशमानको हुर्काइ बडाकाजी रत्नमानकै रेखदेखमा भएको थियो ।

गणेशमानको चरित्रमा कुलीन मध्यम वर्गीय विद्रोहीपन उहाँको बालककालदेखि नै पाइन्छ । संभवतः यसको विकास बाबुको प्रेम र स्नेह नपाएको, धन र शक्तिसम्पन्न बाजेको पुल्पुल्याहट पाएकोबाट भएको हुनसक्छ । बच्चैदेखि छाडापनमा मौलाएको उहाँको यो विद्रोही चरित्र उहाँको जीवनको अन्तिम घडीसम्म पनि कायम रहेको देखिन्छ । आफू ६ कक्षा पढ्दा नै शक्तिसम्पन्न राणाका छोराहरूसित अदबसित नबोल्ने उहाँको विद्रोही चरित्रका कारणले उहाँ दरबार हाइस्कूलबाटै निष्काशित हुनुभयो । बहिदारको जागीर पनि राणाकालमा साइकल चढेर विद्रोह गरेवापत गयो । विद्रोही चरित्रले नै उहाँलाई राणाविरोधी आन्दोलनमा धकेल्यो । २०१७ सालदेखि २०४६ सालसम्म पनि, उहाँले निरन्तर राजाको निरंकुशतन्त्र विरूद्धमा विद्रोह गर्दै रहनुभयो । २०४६ सालपछि जब नेपाली कांग्रेसको नेतृत्वले नै प्रजातन्त्रको गला रेट्न थाल्यो, उहाँले आफ्नै पार्टीको नेतृत्वसित पनि विद्रोह गर्नुभयो र पार्टीबाट अलग बस्नुभयो । यसरी यथास्थितिविरूद्ध विद्रोह नै गणेशमानको जीवनको अभिन्न चरित्रका रूपमा देखिन्छ । उहाँको चिन्तनमा रहेको वामपन्थी धार र कम्युनिष्टहरूसित तुलनात्मक निकटता पनि यही विद्रोही चरित्रका कारणले पैदा भएको हुन संभव छ ।





**निर्णायक घडीमा कम्युनिष्टहरुसित समेत एकताबद्ध भएर सामन्ती निरंकुशतन्त्र अन्त गर्ने मामलामा गणेशमान सिंह वि.पि.लगायत कांग्रेसका अरु सबै नेताहरुभन्दा लचिलो, स्पष्ट र बुद्धिमत्तापूर्ण देखिनुहुन्छ ।**

गणेशमानमा सानैदेखि देखिएको अर्को चरित्र हो- मानवीय संवेदनशीलता । माग्न आएको मानिसलाई आफ्नो लुगा पनि फुकालेर दिने हदको मानवीय संवेदनशीलता उहाँको चरित्रमा देखिन्छ । सम्भवतः यही मानवीय संवेदनशीलताको चरित्रले नै उहाँलाई समाज कल्याणको राजनीतितिर धकेलेको हुनुपर्छ ।

वि.सं. १९७२ सालमा काठमाडौंमा जन्मनुभएका गणेशमान चौध वर्ष नपुग्दै प्रजा परिषद्ले चलाएको राणा निरंकुशतन्त्रविरोधी राजनीतिक आन्दोलनमा हामफाली सक्नुभएको थियो । पन्ध्र वर्षको उमेरमा त उहाँले आजीवन कारावास र सर्वस्वहरणको सजाय समेत पाइसक्नुभएको थियो । तर जेल परेको चारै वर्षमा उहाँ जेलको पर्खाल नाघेर भागी भारत पुग्नुभयो । शुरूमा साम्यवादी विचारबाट प्रभावित गणेशमान वि.पि.को सामीप्यपछि पूँजीवादी प्रजातन्त्रको प्रभावमा आउनुभयो । वि.सं. २००३ सालमा नेपाली राष्ट्रिय कांग्रेसको स्थापना र वि.सं. २००६ सालको पार्टी एकीकरणपछि लगातार नेपाली कांग्रेसको शीर्षस्थ नेतृत्व पंक्तिमा गणेशमान हुनुहुन्थ्यो । जीवनपर्यन्त उहाँको आदर्श- पूँजीवादी प्रजातन्त्र रह्यो । र, यही उहाँको सीमा पनि । ८२ वर्षको उमेरमा गएको असोज दुई गते चाक्सीबारीमा उहाँको निधन हुँदा उहाँ यही पूँजीवादी प्रजातन्त्र पनि नेपालमा राम्ररी जनताको घर दैलो र समाजको जगसम्म विस्तार हुन नसकेको र त्यसको एउटा मुख्य तगारो आफैंले जन्माएको र हुर्काएको पार्टी नेपाली कांग्रेस भएको चर्को पीडाबोध गरिरहनु भएको थियो ।

गणेशमानको समग्र जीवनलाई हेर्दा, उहाँ कांग्रेसमा प्रवेश गरेदेखि वि.सं २०३० को दशकसम्म वि.पि.को बौद्धिक व्यक्तित्वबाट नराम्ररी किचिनु भएको देखिन्छ । राम्रो कुरा सोच्ने, वामपन्थी धारमा कुराहरू सोच्ने तर वि.पि.को अगाडि परेपछि गरूडको अगाडि सर्प झैं हुने उहाँको प्रवृत्ति देखिन्छ । वि.पि.कै सहयात्राका दौरानमा उहाँले अन्ततः एकपछि अर्को दक्षिणपन्थी निष्कर्षमा सहमति जनाउनुभएको देखिन्छ । वि.सं. २०३९ सालमा वि.पि.को मृत्युपछि विशेषतः वि.सं. २०४० को दशकदेखि मात्र उहाँले कांग्रेसभित्र स्वतन्त्र छवि बनाउन थाल्नुभएको देखिन्छ । जीवनको अन्तमा पार्टी छोडेपछि विशेषतः भरतपुरको कुर्सी काण्डपछि, उहाँको राजनीतिक क्रियाशीलता काफी शिथिल भएको, र उहाँ परिवारमा समेत एक्लो हुनुभएको भेटिन्छ ।

## सीमाहरु

गणेशमान पनि मान्छे नै हुनुहुन्थ्यो र त्यसैले उहाँका सीमाहरू पनि थिए । गणेशमानलाई बुझ्दा उहाँका यी सीमाहरूसहित बुझ्नुपर्छ ।

गणेशमानको सीमा के हो भने- उहाँ सामन्ती निरंकुशतन्त्रको अन्तको सवालमा स्पष्ट र दृढ देखिनुहुन्छ, तर पूँजीवादी प्रजातन्त्रलाई जीवनको हरेक फाँटमा विस्तार गर्ने सवालमा उहाँ त्यति स्पष्ट पनि देखिनु हुन्न, र दृढ पनि । यो प्रत्येक मध्यम वर्गमा पाइने कमजोरी हो र यो कमजोरी गणेशमानमा पनि पाइन्छ । उहाँले 'आर्थिक क्रान्ति' को कुरा नेपाली कांग्रेसले लागू गरेन भनेर पार्टीसम्म छोड्नुभयो, तर उहाँको 'आर्थिक क्रान्ति' के कस्तो हो त्यो कहिल्यै स्पष्ट र मूर्त भएन । नेपालमा बहुदलीय प्रजातन्त्र प्राप्तिपछि उहाँमा पथ-विचलन र सुस्ती यत्रतत्र देखापर्‍यो । मल्लिक आयोगको प्रतिवेदन कार्यान्वयनको विरोधसम्म पनि गणेशमानले गर्नुभयो । २०४८ सालमा आफ्नै पार्टीका गृहमन्त्रीले आन्दोलनकारी जनतामाथि नृशंस दमन गर्दा 'गोलीको आँखा हुँदैन' भन्ने जस्ता गैर जनमुखी वक्तव्य पनि गणेशमानबाटै जारी भयो । भाइ-भतिजावादबाट मुक्त हुन नसक्नु गणेशमानको अर्को ठूलो कमजोरी थियो । यसका लागि त उहाँले ठूलै बबण्डर मच्चाउनुभयो । टनकपुरको सन्धिको विरोध गर्नुहुने गणेशमानले त्योभन्दा धेरै गुणा राष्ट्रघाती महाकाली सन्धिको विरोध गर्नुभएन । र, उहाँको यससम्बन्धी अडान राष्ट्रहितको पक्षमा देखिएन ।

मैले माथि नै भनिसकें, वि.पि.को सान्निध्यमा त गणेशमानले पटक पटक थुप्रै दक्षिणपन्थी नीति-निर्णयमा आफ्नो ल्याप्चे ठोक्न पुग्नुभएको थियो ।


अमेरिकाबाट फर्केपछि अमेरिकाकै उल्कयाहटमा उहाँले गर्न थालेको कम्युनिष्टहरूको बहुलठ्ठीपूर्ण विरोधले २०४६ सालको जन-आन्दोलनपछि पूँजीवादी प्रजातान्त्रिक क्रान्तिलाई समाजको जगसम्म विस्तार गर्न वामपन्थी र कांग्रेसबीच हुनुपर्ने साझा सहकार्यको वातावरण नै बिगारिदियो । यसअघि उहाँ नै कांग्रेस र कम्युनिष्ट बीचको साझा सेतु हुनुहुन्थ्यो । उहाँबाटै कम्युनिष्टहरूको अकारण र अन्धाधुन्ध विरोध हुन थालेपछि दुवैथरिलाई सहकार्यको लागि एकै टेबुलमा ल्याउने वातावरण बनाउने कसले ?

यी सबै कमजोरीका बावजूद मानिसहरूलाई हेर्ने भनेको समग्रतामा हो, जम्माजम्मीमा हो । जम्माजम्मीमा, गणेशमानको जीवन र कामले नेपाली समाजलाई सामन्ती युगबाट पूँजीवादी युगमा ल्याउन निकै ठूलो भूमिका खेलेको देखिन्छ । उहाँको महानता नै यही योगदानमा छ । ❑

आँखीझ्याल

# चीनलाई कता लैजाला पार्टीको पन्ध्रौं महाधिवेशनले ?

◆ दीपक वैद्य



*भदौ २७ गते पेकिङ्मा प्रारम्भ भएको चीनियाँ कम्युनिष्ट पार्टीको एक हप्ता लामो पन्ध्रौं महाधिवेशन पूँजीवादी विश्वले पनि आशा नगरेको पूँजीवादी आर्थिक सुधार गर्ने निर्णय गरेर सकिएको छ ।*

देङ शियाओ पिङको निधन भएको आठ महिनापछि भदौ २७ गते पेकिङमा प्रारम्भ भएको चीनियाँ कम्युनिष्ट पार्टीको एक हप्ता लामो पन्ध्रौं महाधिवेशन पूँजीवादी विश्वले पनि आशा नगरेको पूँजीवादी आर्थिक सुधार गर्ने निर्णय गरेर सकिएको छ ।

पाँच करोड साठी लाख पार्टी सदस्यता भएको विश्वकै विशालतम पार्टीको यो निर्णयले चीनियाँ जनजीवन, अर्थतन्त्र र राजनीतिमा विशाल हेरफेर ल्याउने निश्चित देखिएको छ । यो निर्णय कार्यान्वयन भयो भने, चीनमा समाजवादको बचेखुचेको अवशेष पनि अब उप्रान्त बाँकी रहने छैन । त्यो अब चीनको लागि एकादेशको कथा हुनेछ ।

त्यस्तो युगान्तकारी के निर्णय गर्‍यो त ची.क.पा.को महाधिवेशनले ? जान्ने सकसकी सबैलाई लागेको हुनुपर्छ ।

निर्णय के हो भने- अब उप्रान्त चीनमा राज्यको स्वामित्वमा चलिरहेका साना र मझौला उद्योग व्यवसायहरू बाँकी राखिने छैनन् । ती या त निजी क्षेत्रलाई वा कामदारहरूलाई बेचिने छन्, या टाट उल्टेको घोषणा गरेर बन्द गरिनेछन्, या तिनलाई निजी कम्पनीहरूसित मिसाइनेछ । अब तिनीहरूमा राज्यको स्वामित्व व्यवस्था होइन, निजी शेयर-होल्डरिङ व्यवस्था लागू गरिनेछ । राज्यको स्वामित्वमा केही हजार वटा जति ठूलो र रणनीतिक हिसाबले महत्वपूर्ण "खम्बा" उद्योगहरू मात्र राखिनेछन्, जस्तो कि, शस्त्र निर्माण, इन्धन र स्टील उद्योग । बाँकी सबै साना मझौला कम्पनीहरूको क्रमबद्ध निजीकरण गरिनेछ ।

सन् १९७८ सम्म चीनका उद्योग व्यवसायहरू मध्ये ७८ प्रतिशत राज्यको स्वामित्वमा थिए र २२ प्रतिशत सामूहिक स्वामित्वमा । १९९५ मा आइपुग्दा राज्यको स्वामित्वमा चल्ने उद्योग व्यवसायहरूको अनुपात डबलभन्दा पनि बेसी घटेर ३४ प्रतिशत हुन पुगेको छ, सामूहिक स्वामित्वमा चल्ने ३७ प्रतिशत र निजी स्वामित्वमा २९ प्रतिशत । चीनमा अहिले झण्डै ३,०५,००० वटा कम्पनीहरू राज्यको स्वामित्वमा चल्छन् । शहरी क्षेत्रको आधाभन्दा बेसी जनताको रोजगारी राज्यको स्वामित्वमा चल्ने उद्योग व्यवसायहरूले नै प्रदान गरिरहेछन् । अहिले भर्खरै महाधिवेशनले गरेको निर्णयले ती सबैको जीवनमा भयंकर कायापलट ल्याइदिनेछ ।

सबैभन्दा सीधा-सीधा दुष्परिणाम के हुनेछ भने, चीनमा अहिले करीब १५ करोड मानिसहरू राज्यको स्वामित्वमा चल्ने कम्पनीहरूमा काम गर्छन्, तीमध्ये तीन करोड मानिसले वर्तमान निर्णय अनुसार डेढ दशकभित्रै आफ्नो कामबाट हात धुनेछन् । उनीहरूको जीवनमा एक्कासी गरीबी र अभावको भुइँचालो जानेछ । यदि उनीहरूको जीवनको गुजाराको निम्ति कुनै बैकल्पिक प्रबन्ध हुन सकेन भने, चीनमा यसले निकट भविष्यमै सामाजिक विद्रोह जन्माउने संभावना छ ।

चीनको राज्यले मजदूरहरूलाई अहिलेसम्म निकै राम्रो सुविधा र जीवन सुरक्षाको प्रबन्ध गरिआएको छ । जस्तो कि, निःशुल्क स्वास्थ्य उपचार, केटाकेटीको शिक्षा व्यवस्था, पेन्सन, बीमा र अरू आधारभूत सुरक्षा सेवाहरू । राज्यको स्वामित्व हटेपछि अधिकांश निजी कम्पनीहरूले ती सबै सेवाहरू दिन सक्ने छैनन । यसले चिनियाँ श्रमिकवर्गको जीवनस्तरलाई ओरालोतिर धकेल्न संभव छ र चीनमा श्रमिक असंतोष र आन्दोलन काफी मात्रामा बढाउन संभव छ ।

चीनमा बढ्दो नोकरशाहीतन्त्र र भ्रष्टाचारले गर्दा अहिले नै राज्यको स्वामित्वमा चल्ने एक लाखभन्दा बेसी कम्पनीहरू संकटग्रस्त अवस्थामा पुगेका छन् । राज्यको बेवास्ताले गर्दा कैयन कार्खानाहरूले अहिले नै तलब काट्ने, ३५ वर्षको उमेरमै मजदूरहरूलाई अवकाश लिन बाध्य गर्ने र जीवन धान्न मात्र पुग्ने ज्याला मात्र दिने काम थालिसकेका छन् । शहरी क्षेत्रमा अहिले नै ३० प्रतिशत मानिसहरू बेरोजगार रहेको बताइन्छ । महाधिवेशनको यो निर्णयपछि त ती उद्योग व्यवसायहरूमा मजदूरहरूको अरू भयंकर बेहाल हुने निश्चित प्रायः छ । बेरोजगारी कैयन गुणा बढ्ने अवश्यंभावी छ । यसले चीनमा ठूलो सामाजिक संकट ल्याउने कुराको पूर्वानुमान सहजै गर्न सकिन्छ ।

समाजवादको एउटा चूरो कुरा व्यक्तिगत स्वामित्वको उन्मूलन हो । चीनमा यतिन्जेल राजकीय स्वामित्व र सामूहिक स्वामित्व भएका उद्योग व्यवसायको अनुपात दुई तिहाइभन्दा पनि ज्यादा थियो । महाधिवेशनको यो निर्णयले यो स्थितिको अन्त गर्नेछ । त्यहाँ अब निजी स्वामित्वको एकलौटी बाहुल्य कायम हुनेछ । यस्तो भएपछि "चिनियाँ ढाँचाको समाजवाद" भन्ने केही कुरा चीनमा बाँकी हुने छैन ।

आर्थिक सुधारले जहिले पनि त्यहीअनुसारको राजनीतिक सुधारको निम्ति बाँधको ढोका खोल्ने गर्छ । तर पन्ध्रौं महाधिवेनको निर्णयमा के अन्तरविरोध भेटिन्छ भने, त्यसले पूँजीवादी आर्थिक सुधारको घोषणा त गरेको छ, परन्तु त्यही अनुकूलको "राजनीतिक सुधार"को भने घोषणा गरेको छैन । आर्थिक व्यवस्था अब पश्चिमेली पूँजीवादी ढाँचाको, राजनैतिक अवस्था पुरानो समाजवादी ढाँचाको । यसबाट यी दुई बीच भविष्यमा स्वभावतः गंभीर अन्तरविरोध पैदा हुनेछ । के संभावना टड्कारो छ भने, चीनमा अब नयाँ उदीयमान पूँजीपति वर्गले राजनैतिक ढाँचा पनि पश्चिमेली पूँजीवादी चरित्रकै हुनुपर्छ भनेर माग गर्न थाल्नेछ । त्यसका लागि पाँच दशवटै 'तियानमेन चोकको आन्दोलन' जस्ता पूँजीवादी सुधारका निम्ति आन्दोलन हुनु नितान्त संभव छ । र, अब दमनले मात्र यो आन्दोलन शान्त हुनेछैन । यो आन्दोलन अब आफैंले पैदा गरेको वस्तुगत स्थितिको वस्तुगत मागका रूपमा उठ्नेछ । पश्चिमेली सरकार र संचार माध्यमहरूले त त्यस्तो माग गर्न नै थालेका छन् ।

त्यसो त अहिले जुन आर्थिक सुधारको घोषणा महाधिवेशनले गरेको छ, त्यो गर्नु पछाडिका आधार पनि ची.क.पा.ले



राष्ट्रपति तथा पार्टी महासचिव जियाङ जेमीन अब चीनलाई पूरापूर पूँजीवादी ढाँचामा रुपान्तरण गर्न कटिबद्ध देखिन्छन् । समाजवादी सिद्धान्त र बाटोप्रति उनमा र वर्तमान चिनियाँ नेतृत्वमा कुनै प्रतिबद्धता र विश्वास देखिन्न ।

प्रकाशमा ल्याएको छ। के भनिएको छ भने, राज्यको स्वात्विमा भएका करीब तीन लाख कम्पनीहरूमध्ये आधा जसो घाटामा चलिरहेछन् । चीनको कूल उत्पादनमा राज्यको स्वामित्वमा चल्ने उद्योग-व्यवसायको अनुपात आधा मात्र छ तर यिनीहरूले घरेलु लगानीको तीन चौथाइ भाग हड्पिरहेछन् । र राज्य अधीनस्थ कंपनीहरूले तिर्नु बाँकी ऋण नै १०० अरब डलर पुगिसकेको छ; जुन उनीहरूले दिने आम्दानीभन्दा अठार गुणा ज्यादा छ ।

निश्चय नै चीनमा राजकीय स्वामित्वका केही उद्योग व्यवसायहरू घाटामा गएका हुन सक्छन् । तर चीनको व्यवस्था समाजवादी हो भने, केही आधारभूत उद्योग र व्यवसाय त नाफाको लागि होइन, जनसेवाका लागि चलाउनु पर्ने हुन्छ, र तिनीहरू घाटामा गए पनि चलाउनु पर्ने हुन्छ । जनताको र देशको आधारभूत आवश्यकताका वस्तुहरू नाफाखोर व्यापारीको हातमा नछोड्ने व्यवस्थाको निम्ति नै त समाजवाद चाहिएको हो । त्यो जिम्मेवारी समाजवादी राज्यले नलिने हो भने समाजवादी राज्य र पूँजीवादी राज्यको बीच भिन्नता नै के ?

फेरि, राजकीय स्वामित्वका उद्योग व्यवसायहरू घाटामा चल्नुको चूरो कारण यसको स्वामित्व व्यवस्था होइन । यदि त्यसो हो भने, चीनमा अझै राजकीय स्वामित्वमा पचास प्रतिशत उद्योग व्यवसायहरू चाहिँ किन नाफामा छन् त ? घाटामा चल्नुको प्रमुख कारण त त्यहाँ विद्यमान भ्रष्ट र निरंकुश नोकरशाहीतन्त्र हो, नीति-निर्णयको चर्को केन्द्रीकरण हो, अकुशल र बेपरवाह व्यवस्थापन हो, मजदूर वर्गमा क्रान्तिकारी चेतना र उत्साहमा भुत्तेपन आउनु हो ।

चीनियाँ कम्युनिष्ट पार्टी समाजवादी सिद्धान्तप्रति प्रतिबद्ध थियो भने उसले घाटाको पछाडिका यी जरो कारणहरूको पो हल गर्न पर्थ्यो, उत्पादनको समाजवादी ढाँचालाई नै भताभुंग पारेर पश्चिमेली पूँजीवादी ढाँचा लागू गर्ने त होइन । पूँजीवादबाट राम्रा र लाभदायक कुराहरू सिक्नु नहुने होइन । तर समाजवादी सार नै खत्तम हुने गरी पूँजीवादबाट सिक्ने भन्ने कुरा कसरी जायज हुन्छ ?

पन्ध्रौं महाधिवेशनले "देङ शियाओ पीङ सिद्धान्त" लाई चिनियाँ राज्यको मार्गदर्शक सिद्धान्तको रुपमा पास गरेको छ । तर देङको सिद्धान्तमा सामाजिक न्यायको लागि कुनै प्राथमिक स्थान देखिन्न ।

यस्तो प्रतीत हुन्छ, देङ शियाओ पिङमा स्वाङकै लागि भए पनि केही समाजवादी संरचना बाँकी राख्ने धङधडी बाँकी थियो । यही कारणले उनको १८ वर्ष लामो व्यवहारवादको प्रयोगका बावजूद चीनका सम्पूर्ण उद्योग व्यवसायहरू मध्ये ७१ प्रतिशत अझै पनि राजकीय र सामूहिक स्वामित्वमा बाँकी रहिरह्यो । परन्तु, देङको शक्तिशाली उत्तराधिकारी राष्ट्रपति तथा पार्टी महासचिव जियाङ जेमीनमा अब त्यति पनि कुरा बाँकी देखिन्न । उनी अब चीनलाई पूरापूर पूँजीवादी ढाँचामा रूपान्तरण गर्न कटिबद्ध देखिन्छन् । समाजवादी सिद्धान्त र बाटोप्रति उनमा र वर्तमान चिनियाँ नेतृत्वमा कुनै प्रतिबद्धता र विश्वास देखिन्न । यही कारणले यो निर्णय पनि सजिलै महाधिवेशनबाट पास हुन संभव भएको हो ।

जियाङ जेमीनको यो प्रस्ताव सन् १९७९ मा देङको चीनका तमाम समाजवादी जन-कम्युनहरू भंग गर्ने प्रस्ताव जत्तिकै गंभीर महत्वको र निर्णायक देखिन्छ । यसले चीनमा समाजवादी युगकै पटाक्षेप गर्ने देखिन्छ । त्यसैले होला, यतिखेर सारा पूँजीवादी विश्वले जियाङको यो निर्णयको हाइहाइ गरिरहेछन् ।

पन्ध्रौं महाधिवेशनको अर्को विशेषता के रह्यो भने- यसले राष्ट्रपति जियाङकै प्रस्तावमा "देङ शियाओ पीङ सिद्धान्त" लाई चिनियाँ राज्यको मार्गदर्शक सिद्धान्तको रूपमा पास गरेको छ । यस अघि मार्क्सवाद-लेनिनवाद-माओ जे दोङ विचारलाई राज्यको मार्गदर्शक सिद्धान्त मानिथ्यो । देङ शियाओ पीङ विचारको मुख्य सार के छ भने- चीन मुक्त हुनुभन्दा पहिले यो धनी हुनुपर्छ र 'बिरालो कालो होस् या सेतो, मूसा पक्रुन्जेल त्यो राम्रो बिरालो हो' । अर्थात्, मुख्य कुरा उत्पादन बढ्नु पर्छ, उत्पादन बढ्छ भने जुनसुकै प्रणालीको जुनसुकै कुरा पनि राम्रो ठानेर अप्नाइनुपर्छ । देङको सिद्धान्तमा सामाजिक न्यायको लागि कुनै प्राथमिक स्थान देखिन्न । ठीकै छ, उत्पादन त बढ्नुपर्छ । तर सामाजिक न्याय कायम गर्दै कि त्यो बिना नै ? सामाजिक न्यायबिना नै उत्पादन बढाउने हो भने देङको सिद्धान्त नै किन चाहियो ? त्यो काम त देङ श्याओ पीङ सिद्धान्तले भन्दा पूँजीवादले नै ज्यादा गरेको छैन र ? यो प्रश्नमा देङको सिद्धान्तले केही बोल्दैन । तर यही सिद्धान्तलाई चीनियाँ राज्यले अब आफ्नो सिद्धान्त बनाएको छ ।



## आँखीझ्याल

पन्धौं महाधिवेशनले देङका उत्तराधिकारी जियाङ जेमीनलाई सर्वशक्तिमान पारेको छ। उनी आफ्ना एकजना शक्तिशाली आलोचक र प्रतिद्वन्दीलाई केन्द्रीय समितिबाटै आउट गर्न समर्थ भएका छन्। उनी हुन्- छियाओ शि, चीनको संसद- राष्ट्रिय जन कांग्रेसका अध्यक्ष। अर्का एकजना शक्तिाली प्रतिद्वन्दी जनरल लि ह्वा छिङलाई पनि पार्टीको शक्तिशाली पोलिटब्यूरो स्थायी समितिबाट यसपल्ट आउट गरिएको छ।

उनी चीनियाँ जनमुक्ति सेनाका सबैभन्दा उच्च पदस्थ कमाण्डर हुन्। उनको हटाइबाट चीनको तात्कालीन राजनीतिक नीति-निर्णय गर्ने अंग- पार्टी केन्द्रको स्थायी समितिमा अब सेनाको तर्फबाट कुनै पनि मान्छे बाँकी नरहेको स्थिति सिर्जना भएको छ।

अहिले छियाओ शिको नं. ३ स्थानमा उप-प्रधानमन्त्री झु रोङजीलाई ल्याइएको छ। आउँदो मार्चमा प्रधानमन्त्री ली पेङको पदावधि सकिनेछ। त्यसपछि प्रधानमन्त्री बनाइने टड्कारो संभावना छ, झु रोङ्जीलाई नै। प्रधानमन्त्री ली पेङलाई चाहिँ त्यसपछि छियाओ शिको स्थानमा जन-कांग्रेसको अध्यक्ष बनाइने संभावना छ।

अहिले जियाङ जेमीनसित जति पद र अधिकार थुप्रिएको छ, त्यति १९७० को दशकमा माओसित पनि थिएन। उनी एकसाथ राष्ट्रपति पनि छन्, पार्टीका महासचिव पनि, चीनको शक्ति सैनिक आयोगका अध्यक्ष पनि। चीनमा सैनिक आयोगको अध्यक्ष चीनियाँ सेनाको सर्वोच्च सेनाधिपति पनि हुने गर्छन्। जन-आधार नभएको, संघर्षमा नखारिएको र आम- जन-आस्था पनि नबटुलिसकेको एकजना मान्छेमा यति धेरै अधिकार र पद थुप्रिनुले चीनमा भविष्यमा निकै भयंकर शक्ति संघर्ष चल्ने र खुँखार तानाशाही सत्ता उदय हुने संभावनाको संकेत दिन्छ।


महाधिवेशनको अर्को महत्वपूर्ण निर्णय हो- चिनियाँ सेनामा आगामी तीन वर्षमा पाँच लाख जवान कटौती गर्ने निर्णय। अहिले चिनियाँ जनमुक्ति सेनामा २९ लाख जवान सैनिकहरू छन् र यो संसारको सबैभन्दा ठूलो सेना मानिन्छ। चिनियाँ सेनालाई आधुनिकीकरण गर्ने खर्च निकाल्न सेनाको संख्यामा यति ठूलो कटौती गर्न लागिएको बताइन्छ।

यस पल्टको महाधिवेशनमा एउटा अनौठो प्रस्तावउपर पनि छलफल भयो। त्यो प्रस्ताव- भूतपूर्व पार्टी महासचिव झाओ झियाङबाट आएको थियो। तियान आनमेन घटना कालमा पार्टी महासचिव रहेका झाओ जियाङले पार्टी महाधिवेनलाई १९८९ को प्रतिक्रान्तिकारी विद्रोहको नाम दिइएको तियान आनमेन घटनाको पुनर्मूल्याङ्कन गर्ने प्रस्ताव लिखित रूपमा पठाएका थिए। त्यो प्रस्तावलाई महाधिवेशनले अस्वीकार गरेको छ। भनिन्छ, त्यतिखेरै तियान आनमेन घटनाप्रति उदार दृष्टिकोण राखेवापत अपदस्थ गरिएका जियाङ अहिले पनि आफ्नै घरमा कडा नजरबन्दमा राखिएका छन्।

जम्माजम्मीमा, जियाङ जेमीनको अगुवाइमा ची.क.पा.को पन्धौं महाधिवेशनले चीनलाई प्रगतिशील दिशामा होइन, प्रतिगामी दिशामा डोऱ्याउने बाटो पक्रेको छ। यसले विश्वभरिका उत्पीडित वर्गहरूलाई क्रान्तिकारी उत्साह र खुशी होइन, चिन्ता र निराशा बाँडेको छ। यो बाटोबाट चीनका केही जनताहरू ठ्याक्के जिउका त बन्नेछन्, चीन आर्थिक हिसाबले सम्पन्न मुलुक पनि बन्ला, तर विश्वसामु शिर ठाडो गरी उभिन सक्ने उच्च नैतिक सांस्कृतिक धरातलको समाजवादी मान्छे चीनमा कदापि पैदा हुने छैन। चीनमा धनी गरीबबीचको वर्ग-विभेद अहिले नै निकै फराकिलो बनिसकेको छ, शहर गाउँको विभेद अहिले नै चर्को भइसकेको छ। त्यो भविष्यमा अरू गहिरो र फराकिलो बन्नेछ। अरू ज्यादा सारै व्यक्तिवादी र स्वार्थी मान्छेको भीड जन्माउने छ- यो पल्टको चिनियाँ कम्युनिष्ट पार्टीको महाधिवेशनको निर्णयले। ❑

# मुक्तिपछिको भारत र चीन : एक तुलना

◆ दीपक वैद्य



**भारतले भर्खरै डेढ महिनाअघि आफ्नो मुक्तिको पचासौं वार्षिक-उत्सव धूमधामसाथ मनायो। चीनले त्यो मनाउन अझ दुई वर्ष बाँकी छ। भारत १९४७ मा मुक्त भयो, चीन १९४९ मा। भारत मुक्त हुँदा ब्रिटिश शासनले गर्दा पूँजीवादको विकासमा भारत चीनभन्दा निकै अगाडि थियो। विकासका पूर्वाधारहरु भारतमा ज्यादा थिए। चीन निकै पछौटे अफीमचीहरुको देश थियो। तर अहिले? अहिले दुवै देशको हालत के छ? पूँजीवाद अहिले चीनले पनि अप्नाइरहेछ, भारतले पनि। तर चीनमा शुरुको तीस वर्ष वैज्ञानिक समाजवादको अभ्यास गरियो, भारतमा चाहिँ चालिसौं वर्ष प्रजातान्त्रिक समाजवादी ढाँचाको पूँजीवाद नै। यी दुई समाज व्यवस्थाले त्यहाँको जीवन र विकासमा के के हेरफेर ल्यायो त? दुवैले यसबीचमा कति विकास गरे त? यो संसारभरि चासोको विषय भएको छ। आउनुहोस्, हामी एकै छिन यो सवालमा घोल्लिउँ, त्यो पनि तथ्य तथ्याङ्कको आधारमा। तथ्याङ्क आफैं बोल्छ- आखिर कुन समाज-व्यवस्था तुलनामा बढी उत्तम रहेछ?**

## विकासका परिसूचकहरु

| | भारत | चीन |
|---|---|---|
| ❑ मुक्ति प्राप्त भएको साल | १९४७ | १९४९ |
| ❑ प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन | १३०० डलर | २५०० डलर |
| ❑ साक्षरता प्रतिशत | ५२.१ | ७८ |
| ❑ अन्तर्राष्ट्रिय गरीबीको रेखामुनिका जनताको प्रतिशत | ५२.५ | २९.४ |
| ❑ टि.भि. प्रति जनसंख्या | ४७ | ५.२ |
| ❑ टेलिफोन प्रति जनसंख्या | ११२ | ६२ |
| ❑ डाक्टर प्रति जंनसंख्या | २,२११ | ६४७ |
| ❑ शिशु मृत्युदर | ७१.१ | ३९.६ |
| ❑ दैनिक खानामा क्यालोरी आपूर्ति, प्रति व्यक्ति सन् १९९२ मा | २३९५ | २७२९ |
| ❑ स्वास्थ्य सेवा पाउने जनसंख्याको प्रतिशत (१९८५ देखि १९९५ मा) | ८५ | ९२ |
| ❑ जन्ममा आयु अपेक्षा- सन् १९६० | ४४.० | ४७.१ |
| सन् १९९३ | ६०.७ | ६८.६ |
| ❑ संसदमा महिलाको प्रतिनिधित्व प्रतिशत | ८.० | २१.० |
| ❑ प्रशासक र व्यवस्थापकहरूमा महिलाहरूको अनुपात, प्रतिशतमा | २.३ | ११.६ |
| ❑ प्राथमिक, माध्यमिक र उच्च शिक्षामा महिलाहरूको भर्ना अनुपात, प्रतिशतमा (१९९३ मा) | ४६.४ | ५४.१ |

## चीन र भारतको सैनिक-यन्त्रको तुलना

| | भारत | चीन |
|---|---|---|
| ❑ थल सेना जवान | ९.८ लाख | २२ लाख |
| ❑ वायु सेना जवान | १.१० लाख | ४.७ लाख |
| ❑ जल सेना जवान | ०.५५ लाख | २.६५ लाख |

### सैनिक उपकरण

| | भारत | चीन |
|---|---|---|
| ❑ टैंकहरू | ३५०० | ८००० |
| ❑ लडाकू विमानहरू | ७७८ | १९७० |
| ❑ युद्धपोतहरू | २६ | ५४ |
| ❑ पनडुब्बीहरू | १९ | ६३ |

## आर्थिक परिसूचकहरु

| | भारत | चीन |
|---|---|---|
| ❑ कुल गार्हस्थ्य उत्पादन बृद्धि दर | ७.० | ९.६ |
| ❑ औद्योगिक उत्पादन बृद्धि दर | ५.१ | १०.९ |
| ❑ व्यापार बचत, अरब डलरमा | -५.६ | +३१.० |
| ❑ विदेशी मुद्राको संचिती, अरब डलरमा | २६.३ | १२२.८ |

स्रोतहरू: ◆ विकासका परिसूचकहरूको- Newsweek, अगस्त ४, १९९७। UNDP, Human Development Report, १९९६ ◆ आर्थिक परिसूचकहरूको- The Economist, Sept. 20, 1997 ◆ सेना संबन्धी- Newsweek, अगस्त ४, १९९७



## फुलिरहेछ रातो फूल बमवर्षाबीच !

# लेवनानी कम्युनिष्ट आन्दोलनको कथा

विश्व कम्युनिष्ट आन्दोलन स्तंभअन्तर्गत हामीले गतांकदेखि एशियाली देशहरु लेवनान र सिरियाको कम्युनिष्ट आन्दोलनको संयुक्त इतिहासलाई खोतल्ने प्रयास गरेका थियौं । गतांकमा लेवनान र सिरियाको कम्युनिष्ट आन्दोलनको शुरुवातदेखि त्यस आन्दोलनले फ्रान्सिसी साम्राज्यवादका विरुद्ध चलाएको लामो संघर्षका उतार-चढावहरुको कथा हामीले छापेका थियौं । त्यस कथामा लेवनान र सिरियाको फ्रान्सिसी साम्राज्यवादको चंगुलबाट भएको 'मुक्ति' सम्म रेखांकित गर्ने प्रयास गरेका थियौं ।

यो अंकमा हामीले लेवनानको 'मुक्ति'पछिको गणतान्त्रिक व्यवस्थामा लेवनानी कम्युनिष्ट पार्टीले भोग्नुपरेका प्रतिबन्धका व्यथाहरुदेखि त्यसले चलाएका संघर्षहरुका कथाहरु प्रस्तुत गर्दैछौं ।

आफ्नै छापामार दस्तालगायत आफ्नो रेडियो र टि.भि. स्टेशनसमेत भएको लेवनानी कम्युनिष्ट पार्टीको कथाको दोस्रो भाग !

इतिहासका किताबहरूमा लेवनान २६ नोभेम्बर, १९४१ का दिन फ्रान्सिसी साम्राज्यवादको चंगुलबाट स्वतन्त्र भएको कुरा लेखिएको पाइन्छ । वास्तवमा, लेवनान फ्रान्सिसी सैनिकहरूबाट ३१ डिसेम्बर, १९४६ मा मात्रै मुक्त भएको थियो । १९४१ मै स्वतन्त्र भएको भनिएको देश लेवनानले फ्रान्सिसी सैनिकहरूको चंगुलबाट मुक्त हुनसमेत पाँच वर्ष लाग्यो । त्यो 'मुक्ति' पनि औपचारिक खालको मात्र थियो । फ्रान्सिसी साम्राज्यवादीहरूले लेवनानको स्वतन्त्रता र सार्वभौमिकतामाथि भित्रभित्रै बल-मिच्याइँ गर्ने काम दशकौंसम्म जारी राखेको इतिहास अहिलेसम्म अलिखित नै रहेको देखिन्छ । फ्रान्सिसी सामाज्यवादीहरूले लेवनानी जनताले संघर्षस्वरूप पाएको स्वतन्त्रता र सार्वभौमिकताको अधिकारलाई निरर्थक पार्न जातीय र धार्मिक कलह पनि लेवनानलाई 'उपहार'स्वरूप दिएका थिए । राष्ट्रिय मुक्ति आन्दोलनको नेतृत्व गर्ने राष्ट्रिय पूँजीपति वर्गको पार्टी **'नेशनल ब्लक'** र श्रमिक वर्गीय पार्टी **'लेवनानी कम्युनिष्ट पार्टी'**लाई सत्ता हस्तान्तरण गर्नुपर्ला भनेर जाति र धर्मको आधारमा सत्ता बाँडफाँड गर्ने नीति फ्रान्सिसी साम्राज्यवादीहरूले लिए ।

> आफ्नै छापामार दस्तालगायत आफ्नो रेडियो र टि.भि. स्टेशनसमेत भएको लेवनानी कम्युनिष्ट पार्टीको कथाको दोस्रो भाग !

उनीहरूले 'राष्ट्रिय संझौता'को नाममा त्यसबेला बहुसंख्या भएको क्रिश्चियन धर्मावलम्बी मेरोनाइट (Maronite) जातिका व्यक्तिलाई हमेशा राष्ट्रपति पद दिने र इस्लाम धर्मावलम्बी सुन्नी- मुसलमानहरूलाई प्रधानमन्त्री पद दिने व्यवस्था गरे । यसरी, धर्म र जातिको हिसाबले सत्ता बाँडफाँड गर्ने नीतिले गर्दा जाति र धर्मको राजनीति गर्ने धर्मका ठेकेदारहरू, कबिलाका सरदारहरू, युद्ध सरदार सामन्तहरूदेखि लिएर केही साम्राज्यवादपरस्त दलाल पूँजीपतिहरू पनि खुशी भए । तर, फ्रान्सिसी साम्राज्यवादीहरूद्वारा थोपरिएको यो जाति र धर्मको घृणित राजनीतिले कालान्तरमा गएर १९७५ देखि जातीय कलह र धार्मिक युद्धको जंगली रूप लियो ।

जाति र धर्मको राजनीतिका पछाडि फ्रान्सिसी साम्राज्यवादीहरूको निहित स्वार्थ लुकेको थियो । त्यसमा क्रिश्चियन धर्मावलम्बी मेरोनाइट जातिका राष्ट्रपतिमार्फत् लेवनानमाथिको हस्तक्षेपलाई जारी राख्ने स्वार्थ लुकेको थियो । धर्म र धर्मका ठेकेदारहरू र तथाकथित मेरोनाइट नेताहरूको पश्चिम भक्ति, विशेषतः हिटलरदेखि चाल्स डि गालसम्मलाई आदर्श ठान्ने र अमेरिकादेखि इजरायलसम्मलाई आफ्नो प्रभु मान्ने परम्परा रहेको देखिन्छ ।

### कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध

यो पृष्ठभूमिमा 'स्वतन्त्र' भएको लेवनानमा सामाज्यवाद र सामन्तवादविरोधी लेवनानी कम्युनिष्ट पार्टी (Labanese Communist Party) ले धार्मिक सहिष्णुता, जातीय सद्भाव र पूर्ण प्रजातन्त्रको नारासहित आफ्नो क्रियाशीलताको क्रमलाई जारी राख्यो । तर 'स्वतन्त्र' लेवनानका नयाँ शासकहरू भने वैचारिक असहिष्णुता बोकेर साम्राज्यवादी-पूँजीवादीहरूको नीति- निर्देशनमा लेवनानी कम्युनिष्ट पार्टी (लेकपा) लाई प्रतिबन्ध लगाइराख्ने षड्यन्त्रको जालो बुन्न व्यस्त हुन थाले । १९४३ देखि १९४७ सम्म अघोषित रूपमा 'प्रतिबन्ध को स्थिति' बीच क्रियाशील लेकपामाथि अन्ततः १९४८ देखि घोषित प्रतिबन्ध लाग्यो ।

सत्ताधारीहरूद्वारा लगाइएको प्रतिबन्धले गर्दा लेकपाले खुला राजनीति गरेर जनसंगठन निर्माण गर्ने र संघर्ष उत्थान गर्ने अवसरबाट केही हदसम्म वञ्चित हुनुपर्‍यो । भूमिगत रूपमा क्रियाशील भएर पनि लेकपाले लेवनानको राजधानी वेरूत शहरदेखि त्रिपोली र सइदा जस्ता प्रमुख शहरहरूमा वाम राजनीतिलाई अगाडि बढाउन थाल्यो । अमेरिका र बेलायत जस्ता साम्राज्यवादी राष्ट्रहरूको अगुवाइमा १९४८ मा प्यालेस्टिनी भूमिमा इजरायल नामक यहूदी राज्य निर्माण भएपछि लेवनानमा प्यालेस्टिनी जनताको ओइरो लाग्न थाल्यो । लेकपाले प्यालेस्टिनी शरणार्थीहरूबीच पनि काम गर्न थाल्यो । प्यालेस्टिनी कम्युनिष्ट र

देशभक्त शक्तिहरूसँग मिलेर लेकपाले 'प्यालेस्टिनी प्रतिरोध आन्दोलन' चलाउने शरणार्थीहरूबीच वाम-राजनीति विस्तार गर्ने कामलाई अगाडि बढायो ।

प्रतिबन्धपछि पनि लेकपा त्यहाँको राष्ट्रिय राजनीतिमा अप्रत्यक्ष रूपले क्रियाशील रहेको तथ्य पूँजीवादी इतिहासकारहरूले समेत स्वीकारेका छन् । लेकपाले विभिन्न नाम र आवरणमा राष्ट्रिय राजनीतिमा हस्तक्षेप गरिरहेको तथ्य 'प्रगतिशील शक्ति' नामक मंचको क्रियाकलापहरूबाट थाहा हुन्छ । लेकपाले यही 'प्रगतिशील शक्ति' को नामबाट साम्राज्यवादपरस्त शक्तिहरूका विरूद्ध चुनावी संघर्ष अगाडि बढाएको थियो । १९५० को दशकमा 'प्रगतिशील शक्ति' को नामबाट चुनाव लड्ने क्रममा लेकपाका मुस्तफा अल अरिस १० हजार मत लिई राजधानी बेरूतबाट संसदमा निर्वाचित भएका थिए । १९५० को दशकमा चुनावी राजनीतिमा पछि नै परेको यो पार्टीलाई त्यतिखेर लेवनानको एउटा प्रमुख क्रियाशील राजनीति शक्तिको रूपमा लिइन्थ्यो ।

## अमेरिकी हस्तक्षेपको शुरुवात र वाम राजनीति

साम्राज्यवादी शक्तिहरू र लेवनानी प्रतिक्रियावादीहरूको आड-भरोसामा शासन चलाइरहेका मेरोनाइट क्रिश्चियन राष्ट्रपति क्यामिले चमाऊनले जून, १९५७ मा भएको संसदीय निर्वाचनमा व्यापक धाँधली गरेर सबै विपक्षी नेताहरूलाई पराजित गरे । उनले यतिविधि डरलाग्दो ढंगले धाँधली गर्नुका पछाडि अर्को अवधिका लागि राष्ट्रपति बन्ने उनको चाहना साकार पार्नका लागि संसदलाई आफ्नो पकडमा राख्ने दुराशय लुकिरहेको थियो । यसका साथै अमेरिकी साम्राज्यवादको नीति-निर्देशनमा आर्थिक-राजनीतिक कार्यक्रम संचालन गर्न संसदमा सजिलो स्थिति पार्ने चाहना पनि त्यसभित्र जोडिएको थियो ।

राष्ट्रपति क्यामिलो चमाऊनको यो दुराशय बुझेर विपक्षी राजनीतिक पार्टीहरूले धाँधलीको विरोधमा संघर्ष चलाए । लेकपा लगायत अन्य देशभक्त र वामपन्थी शक्तिहरूले सशस्त्र विद्रोह शुरू गरी बेरूतमा समेत हलचल मच्चाए । उनले लेवनानको तेलको मूल पाइप लाइनलाई ध्वस्त पारे, अमेरिकी पुस्तकालय जलाए र देशका अन्य भूभागमा विद्रोह मच्चाए । यसरी राष्ट्रपतिको गलत क्रियाकलापले लेवनानमा गृहयुद्ध निम्त्यायो ।

ठीक यही मौकामा १९५८, जुलाई १५ मा अमेरिकाले इराकमा भएको सत्ता-संघर्षलाई सहयोग गर्ने नाममा बेरूतको बन्दरगाहमा आफ्ना नौसैनिक जहाजहरू पठायो । राष्ट्रपति चमाऊनको अनुरोधमा लेवनानी भूमिमा आफ्ना सैनिकहरू उतार्न अलिकति पनि नहिच्किचाएको अमेरिकाले यसप्रकार लेवनानी देशभक्त तथा वामपन्थी शक्तिहरूमाथि दमन गर्न सहयोग पुऱ्यायो । अरब जगत्को तेलको विशाल भण्डारमाथि लूट मच्चाउन जस्तोसुकै घृणित अपराध गर्न पनि पछि नपर्ने अमेरिकाको यो पाइलाले लेवनानमा मात्र होइन, अरब जगत् र सिंगो विश्वमा अमेरिकाको साम्राज्यवादी चाल पुनः एक पटक प्रकट भयो ।

अमेरिकी साम्राज्यवादको प्रत्यक्ष सैनिक सहयोग पाएपछि राष्ट्रपति चमाऊन झनै निरंकुश भए । उनले भूमिगत रूपमा सशस्त्र गतिविधि चलाइरहेको लेकपामाथि पनि निर्ममतापूर्वक दमन गरे । तर जतिसुकै दमन गरे पनि, जतिसुकै प्रतिबन्ध लगाए पनि लेकपाको क्रियाशीलतालाई निमिट्यान्न पार्न शासकहरू कदापि सफल भएनन्, न त उनीहरूले लेकपाको क्रान्तिको सपनामाथि नै प्रतिबन्ध लगाउन सके ।

**हस्तक्षेपका क्रममा सिरियाले प्यालेस्टिनी मुक्ति संगठन र त्यसलाई सहयोग र समर्थन गर्ने लेवनानका प्रगतिशील र वामपन्थी शक्तिहरुमाथि दमनचक्र चलायो ।**



लेकपा लगायत लेवनानका वामपन्थी शक्तिहरुको नेशनल प्याट्रियोटिक फोर्सेज अफ लेवनानका एक वृद्ध छापामार, जसले प्यालेष्टिनी प्रतिरोध आन्दोलनलाई सघाएका थिए ।

## पूँजीवादीकरणको क्रममा क्रान्तिको सपना

भनिन्छ- १९६० देखि १९७५ सम्म भएको तीव्र पूँजीवादीकरणको कालमा लेवनानी जनतामा क्रान्तिको कार्यक्रमप्रति निकै धेरै आकर्षण बढ्यो । क्यामिले चमाऊनपछि सत्तासीन भएका अर्का मेरोनाइट क्रिश्चियन राष्ट्रपति फाउद चेहाब उर्फ शिहाबले साम्राज्यवादी र पूँजीवादीहरूको स्वार्थअनुकूल शुरू गरेको पूँजीवादीकरणको अभियानको क्रममा सीमान्तमा परेका जनतामा क्रान्तिको आवश्यकता महसुस हुन थाल्यो ।

१९६० देखि १९७५ सम्मको अवधिमा शासकहरूले देशी-विदेशी पूँजीपतिहरूलाई काफी धेरै प्रोत्साहन दिए । फलतः व्यापार, बैंकिङ्ग, र पर्यटन व्यवसाय फस्टाउन थाले । व्यापारबाट पैसा कमाएका, बैंक र रियल स्टेटमा लगानी गरेका र पूर्ख्यौली सम्पत्ति भएका मानिसहरूका लागि विहान स्की खेल्ने, साँझ नक्कली तलाउ र समुद्रमा पौडी खेल्ने र सन बाथ गर्ने 'सानो स्वर्ग' को रूपमा लेवनानलाई विकसित गरियो ।

तर दश नंग्रा खियाएर बाँच्नु पर्ने अधिकांश जनताको लागि भने 'गणतान्त्रिक लेवनान' सानो नर्कभन्दा केही फरक भएन । सार्वजनिक बस र सामाजिक सुरक्षाको अभावमा बाँच्न विवश लेवनानी जनता स्वास्थ्य, शिक्षा, रोजगारी र मनोरंजनबाट वञ्चित जीवनप्रति वाक्क-दिक्क भए । यही पृष्ठभूमिमा एकातिर लेवनानी कम्युनिष्ट पार्टी (लेकपा) क्रान्तिको कार्यक्रमका साथ जनसंगठन निर्माण गर्ने, जनसंघर्षहरू सिर्जना गर्ने कार्यमा अगाडि देखापर्न थाल्यो । यसका साथै, पार्टीको दोस्रो र तेस्रो महाधिवेशनको म्याण्डेटअनुसार, साम्राज्यवादी अमेरिका र त्यसको मानस-पुत्रः इजरायलको विस्तारवादी नीति र आक्रमणका विरूद्ध 'अरब फ्रन्ट' को निर्माण गर्नुपर्ने नारासहित प्यालेस्टिनी क्रान्तिलाई मलजल दिने नीति लेकपाले लियो । १९६७ मा अरब इजरायलबीच दोस्रो पटक युद्ध हुनुभन्दा केही समय अगाडि लेकपाको अगुवाइमा गठित 'प्रगतिशील पार्टीहरूको फ्रन्ट' ले लेबनान र लेवनान बाहिर महत्वपूर्ण भूमिका खेल्यो । जून १९६७ को युद्धमा अरब जगत् पराजित भएपछि युद्धको क्रममा लेवनानमा जन-परिचालन गर्ने मोर्चा पनि विभाजित भयो । मोर्चाको विभाजनमा त्यसका घटकहरूमा देखापरेको 'अति राष्ट्रवादी धार' र 'अति वामपन्थी धार' जस्ता फरक-फरक प्रवृत्तिहरूले काम गरेको विश्लेषण लेकपाको छ ।

प्रगतिशील पार्टीहरूको मोर्चाको विभाजनले गर्दा देशमा प्रतिक्रियावादी खेमाको दबदबा बढ्न थाल्यो । सत्तासीन प्रतिक्रियावादीहरूले जन-संघर्ष र मजदूर संघर्षको क्रममा प्राप्त भएका आर्थिक, सामाजिक र राजनैतिक अधिकारहरूमाथि धावा बोल्न थाले । यसैबीच, लेकपालगायत अन्य प्रगतिशील पार्टीहरूले प्रतिक्रियावादीहरूको आक्रमणका विरूद्ध प्रत्याक्रमण गर्ने र जन-संघर्षहरू उत्थान गर्ने गर्न थाले । विभिन्न पेशा र पार्टीगत मोर्चाबन्दीहरू हुन थाले । यो स्थितिमा सत्तासीन प्रतिक्रियावादीहरू केही हदसम्म पछि हटे र केही प्रजातान्त्रिक अधिकारहरू दिन उनीहरू बाध्य भए ।

## १९७० को उथल-पुथल

सन् १९७० लेवनानी कम्युनिष्ट पार्टीको लागि उथल-पुथलले भरिएको वर्ष भयो । त्यही वर्ष जनसंघर्षको दवाबवश लेवनानी शासकहरू लेवनानको कम्युनिष्ट आन्दोलनको करीब पाँच दशक लामो इतिहासमा पहिलो पटक लेकपालाई वैधानिकता प्रदान गर्न बाध्य भए । स्मरणीय छ, १९७० को ग्रीष्म ऋतुमा लेकपामाथि लाग्दै आएको प्रतिबन्ध फुकुवा भएको थियो ।

त्यही वर्ष लेकपाभित्र पनि विभाजन भयो । यसलाई लेकपाले एउटा अवसरवादी दक्षिणपन्थी खेमाको रूपमा विकसित भएर गएको र अर्को खेमा अति वामपन्थी भड्काऊमा फँसेको भनी विश्लेषण गऱ्यो । लेकपाभन्दा 'क्रान्तिकारी नारा' का साथ देखा परेको कम्युनिष्ट पार्टीको नाम हो- अर्गनाइजेशन अफ कमयुनिष्ट एक्शन इन लेवनान (Ocal) । मुशीन इब्राहिमको नेतृत्वमा संचालित यस पार्टीको प्रथम महाधिवेशन १९७१ मा भएको थियो । लेवनानी कम्युनिष्ट आन्दोलनमा यस पार्टीको पनि आफ्नै अलग्गै भूमिका र महत्त्व रहेको देखिन्छ ।

लेकपाले भने, श्रमिक वर्गबीच ट्रेड युनियन अभियान चलाउने, किसान र विद्यार्थीहरूबीच क्रान्तिकारी भूमिसुधारको नारासहित किसान संगठन निर्माण गर्ने र विद्यार्थी राजनीति अगाडि बढाउने काम प्रारम्भ गऱ्यो ।

मूलतः तत्कालीन सोभियत संघको कम्युनिष्ट पार्टीसँग नजिक रहेको यस पार्टीका नीति र कार्यक्रमहरू सोभियत संघको विदेश नीति अनुकूल रहेको आरोप लाग्दै आएको तथ्य पनि यहाँ स्मरणीय देखिन्छ । जे भए तापनि, यस पार्टीले लेवनानका देशभक्त र प्रजातान्त्रिक शक्तिहरूलाई गोलबन्द गर्न र इजरायली अमेरिकी गठबन्धनको विरोधमा गरेका संघर्षहरू उल्लेखनीय नै देखिन्छन् ।

यति सबै हुँदा हुँदै पनि लेकपा लेवनानी क्रान्तिको सर्वमान्य नेतृत्वकर्ता र पूँजीवादी-प्रतिक्रियावादी शक्तिको बलियो बैकल्पिक क्रान्तिकारी शक्तिको

**पैसावालहरुका लागि बिहान स्की खेल्ने, साँझ नक्कली तलाउ र समुद्रमा पौडी खेल्ने र सन बाथ गर्ने 'सानो स्वर्ग' को रुपमा लेवनानलाई विकसित गरियो ।**

रूपमा विकसित हुन सकिरहेको थिएन । यही स्थितिमा लेवनानी शासकहरू र पूँजीवादी प्रजातन्त्रबाट वाक्क भएका मध्यम र निम्न मध्यम वर्गका जनताले विकल्पको खोजी गर्न थाले । विभिन्न विदेशी शक्तिहरूको आडमा, धर्म, सम्प्रदाय र जातिको नाममा राजनीति गर्ने शक्तिहरूले यही भावभूमिबाट फाइदा लिई संगठित र संघर्षशील स्वरूप देखाउन थाले ।

### १९७५ को गृहयुद्धमा वामपन्थीहरु

यही भावभूमिमा १९७५ मा क्रिश्चियन मेरोनाइट राष्ट्रपति गमायलको हत्या प्रयासको निहुँमा गृहयुद्ध शुरू भयो । प्यालेस्टिनी समुह- डेमोक्रेटिक फ्रन्टले हत्याको प्रयास गरेको आरोप लागेपछि क्रिश्चियन मिलिशिया विशेषतः फालान्जिष्टहरूले लेवनानी मुसलमान र प्यालेस्टिनी जनताको नरसंहार गर्न थाल्यो । लेवनानी र प्यालेस्टिनी जनताले पनि प्रत्याक्रमण गर्न थालेपछि यो मुसलमान र क्रिश्चियन धर्मावलम्बीहरूको गृहयुद्धमा परिणत भयो । यस युद्धमा प्यालेस्टिनीहरूको पक्षमा लडेर लेवनानी कम्युनिष्टहरूले अन्तर्राष्ट्रिय भाइचारा प्रदर्शन गरे ।

इजरायलको पटक-पटक आक्रमणबाट दिक्क भइसकेका लेवनानी जनताले यो गृहयुद्धको क्रममा सिरियाली आक्रमणको पनि सामना गर्नुपर्‍यो । आफ्नो स्वार्थ अनुकूलको सरकार स्थापना गरी मध्यपूर्वमा आफ्नो प्रभाव जमाउने उद्देश्यले सिरियाले अमेरिकाको सहयोगमा १९७६ देखि लेवनानको गृहयुद्धमा हस्तक्षेप गरेको थियो ।

यस हस्तक्षेपका क्रममा सिरियाले प्यालेस्टिनी मुक्ति संगठन (PLO) र त्यसलाई सहयोग र समर्थन गर्ने लेवनानका प्रगतिशील र वामपन्थी शक्तिहरूमाथि दमनचक्र चलायो । PLO संग नजिक बसेर संघर्षरत लेकपाको सैनिक शक्तिमाथि सिरियाले बर्बरतापूर्वक दमन गर्‍यो ।

सिरियाको यो विस्तारवादी हस्तक्षेपले गर्दा लेवनानका क्रिश्चियन- मेरोनाइट सम्प्रदाय र त्यसका राष्ट्रपति वशीर गमायललाई इजरायलको शरणमा जान निकै सजिलो पर्‍यो । त्यही मौकामा १९७८ मा दक्षिणी लेवनानमाथि इजरायलले कब्जा गरी आफ्नो विस्तारवादी छवि छर्लङ्ग्याइछाड्यो । इजरायल र अमेरिकाको सहयोग लिएर विपक्षी राजनीतिक पार्टीहरू, लेकपा लगायत 'अमाल मुभमेन्ट' नामक मुस्लिम संगठनमाथि दमन गर्न लेवनानी राष्ट्रपति गमायल अगाडि सरे । यसरी शुरू भएको धर्म-जाति र सम्प्रदायको गृहयुद्ध कहिले छिटफुट मात्रामा त कहिले घनीभूत मात्रामा चल्दै अगाडि बढ्न थाल्यो ।

पछि सिरियाको ठाउँमा अरब लीगले र इजरायलको ठाउँमा संयुक्त राष्ट्र संघले 'शान्ति सैनिक' पठाएर गृहयुद्धलाई साम्य पार्न खोजे तापनि लेवनान देशी-विदेशीहरूको युद्ध-भूमि भइरह्यो । लेवनान सिंगै मुसलमान, क्रिश्चियन, सिया-सुन्नी र द्रुज शक्तिको रूपमा विभाजित भइसकेको थियो । सिरिया, इजरायल र अमेरिका लगायत अरब जगतका इरान, इराक, साउदी अरब र जोर्डन पछि यो युद्धमा आ-आफ्नो वर्चश्व कायम गर्न मनपरी ढंगले क्रियाशील हुन थाले ।

इजरायलले क्रिश्चियन मेरोनाइटहरूलाई, उनीहरूको फालान्जिष्ट समूह जस्तो मृत्युदस्तालाई सैनिक सहयोग दिने कामलाई जारी राख्यो । यसलाई घनीभूत पार्न उसले लेवनानमाथि मनपरी ढंगले छानी छानीकन बमवर्षा गर्ने, रकेट र मिसाइल प्रहार गर्ने र लेवनानी-प्यालेस्टिनी जनताको हत्या गर्ने कामलाई निरन्तर अगाडि बढाइराख्यो ।

अन्ततः अमेरिकाकै सहयोग र समर्थनमा इजरायलले जून, १९८२ मा लेवनानमाथि आक्रमण गरेर प्यालेस्टिनी र लेवनानी जनता, तिनीहरूको संगठन र सैनिक शक्तिलाई ध्वस्त पार्ने बर्बर अभियान नै चलायो !

इजरायली आक्रमणको मूल उद्देश्य थियो- प्यालेस्टिनी प्रतिरोध आन्दोलनको ढाड भाँच्नु, लेवनानलाई आफ्नो र आफ्ना प्रभु अमेरिकाको नव उपनिवेश बनाउनु र सिरियाली सैनिकहरूलाई लेवनानबाट धपाउनु ! दुई-तीन वर्ष लामो जनप्रतिरोध, विशेषतः प्यालेस्टिनी, लेवनानी जनताका लडाकूहरूको संयुक्त प्रतिरोध पछि १९८५ मा इजरायली आक्रमणकारीहरू पछि हट्नुपर्‍यो । यसमा सिरियाली सैनिकहरूले पनि प्यालेस्टिनी र लेवनानी लडाकूहरूको सहयोग गरेर आफ्नो आक्रमणकारी छविमा सुधार गरेका थिए ।

१९८२ देखि १९८५ सम्ममा इजरायली आक्रमणकारीहरूले २० हजार लेवनानी-प्यालेस्टिनीहरूको हत्या गरे, ४० हजारलाई घाइते पारे, ४ लाखलाई घरबारविहीन तुल्याए ! अमेरिकाको आशीर्वाद प्राप्त इजरायलको यो जघन्य अपराध त्यसपछिका वर्षहरूमा पनि निरन्तर जारी रह्यो ।

❑ लेवनानी कम्युनिष्ट पार्टी गृहयुद्धको खरानीबीच कसरी उत्थान हुँदैछ ?- पढ्नुहोस् आउँदो अंकमा

◆ राजेन्द्र महर्जन

# अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई एकजूट पार्न छैठौं अन्तर्राष्ट्रिय सेमिनार

सोभियत संघको विघटन र समाजवादी खेमाको पतनसंगै शुरू भएको पूँजीवादीकरणको लहर र समाजवादविरोधी आँधीलाई चिर्नका लागि विश्वमा राष्ट्रिय, क्षेत्रीय, महादेशीय र अन्तर्राष्ट्रिय स्तरका वामपन्थी भेला, सेमिनार र अन्तर्क्रियाहरू हुँदै आइरहेका छन् । यसै क्रममा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई एकजूट पार्ने उद्देश्यले बेल्जियमको राजधानी ब्रुसेल्समा छैठौं अन्तर्राष्ट्रिय सेमिनार आयोजना गरिएको छ ।

१९९७, मई २ देखि ४ अर्थात् गत वैशाख २० देखि २२ सम्म ब्रुसेल्समा भव्यतापूर्वक सम्पन्न भएको सो सेमिनारमा ५२ देशका ७६ वटा कम्युनिष्ट पार्टी तथा संगठनका प्रतिनिधि र पर्यवेक्षकहरूको सक्रिय सहभागिता थियो । त्यस अन्तर्राष्ट्रिय सेमिनारप्रति समर्थन र ऐक्यबद्धता जनाउँदै विश्वका ७९ वटा कम्युनिष्ट पार्टीहरू र क्रान्तिकारी संगठनहरूले शुभकामना सन्देशहरू पठाएका थिए ।

क. लुडो मार्टिन्सको नेतृत्वमा क्रियाशील वर्कर्स पार्टी अफ बेल्जियम (PTB) को आयोजनामा भएको अन्तर्राष्ट्रिय सेमिनार हुनुभन्दा अगाडि मई १ मा PTB द्वारा बेल्जियम विश्वविद्यालयको प्रांगणमा ऐतिहासिक मई दिवसको उपलक्ष्यमा भव्य समारोह आयोजना गरिएको थियो । सो समारोहमा हजारौं मजदूरहरू, विद्यार्थीहरू एवं युवाहरू सहभागी भएका थिए । दिनभरि चलेको सो समारोहको क्रममा मजदूर वर्गको जीवन र संघर्षसंग सम्बन्धित सवालहरूमा विभिन्न इकाईहरूमा चर्चा-परिचर्चाको आयोजना पनि गरिएको थियो । ती परिचर्चाहरू विभिन्न देशबाट सेमिनारमा सहभागी हुन गएका विदेशी कमरेडहरूले संचालन गरेका थिए ।

मई १ कै साँझ बेल्जियम विश्वविद्यालयको मुख्य अडिटोरियममा केन्द्रीय सभा भयो । सभालाई PTB का अध्यक्ष क. लुडो मार्टिन्सले सारगर्भित सम्बोधन गरेका थिए । PTB का महासचिव कमरेडले दर्शक वर्ग र स्रोताहरूलाई विदेशी कमरेडहरूको परिचय गराएका थिए । सभाको समापन इन्टरनेशनल गीतको सामुहिक गानबाट गरियो, जुन गीत विदेशी कमरेडहरूले समेत गाएका थिए ।

**५२ देशका ७६ वटा कम्युनिष्ट पार्टी तथा संगठनका प्रतिनिधि र पर्यवेक्षकहरुको सक्रिय सहभागिता थियो ।**

भोलिपल्ट, मई २ देखि ४ सम्म भएको अन्तर्राष्ट्रिय सेमिनारको मूल विषयवस्तु थियो- "आजको विश्वमा अक्टोबर क्रान्तिको बाटो लाइनको महत्व !"

यस विषयमा विभिन्न देशका कम्युनिष्ट पार्टीहरूले रूसमा लेनिनको नेतृत्वमा भएको अक्टोबर समाजवादी क्रान्तिका विभिन्न पक्षहरूसंग सम्बन्धित आफ्ना विचारहरू, दस्तावेज प्रस्तुत गरेका थिए । आयोजक पार्टी- PTB का अध्यक्ष क. लुडो मार्टिन्सले सेमिनारको पहिलो सत्रमा यसै विषयसंग सम्बन्धित मूल दस्तावेज प्रस्तुत गरेका थिए । 'अक्टोबर क्रान्तिको बाटो अहिले पनि प्रासंगिक छ' भन्ने ठोस विचार प्रकट गर्दै उनले विश्वभरि सर्वहारा वर्गको क्रान्ति अथवा समाजवादी क्रान्तिको जल्दोबल्दो आवश्यकता भइरहेको घोषणा गरेका थिए ।

सेमिनारमा अधिकांश कम्युनिष्ट पार्टीहरूले पूँजीवादी राज्यसत्ताका विरूद्ध क्रान्तिकारीहरूले बल प्रयोग गर्नुपर्ने, सर्वहारा अधिनायकत्व लागू गर्नुपर्ने जस्ता अक्टोबर क्रान्तिका शिक्षाहरूको प्रासंगिकता माथि जोड दिएका थिए ।

PTB को अगुवाइमा प्रत्येक वर्ष मई २ देखि ४ मा हुँदै आइरहेको अन्तर्राष्ट्रिय कम्युनिष्ट सेमिनारले विश्वमा कम्युनिष्टहरू बीच व्यापक अन्तर्क्रिया गर्ने एउटा मूल थलो निर्माण गर्दै गइरहेको र भावना-त्मक रूपमा एकजूट पार्ने, दस्तावेजहरू आदान-प्रदान गर्ने काममा निकै ठूलो भूमिका खेलिरहेको छ । ❑

# चे ग्वेभारा: क. किम इल सुङको आँखामा



क. किम इल सुङसित हात मिलाउँदै क. चे (१९६०)

अक्टोबर, १९९७ अर्थात् असोजको पछिल्लो आधाआधी र कार्तिकको पहिलो दुई हप्ता विश्व कम्युनिष्ट आन्दोलनको लागि निकै महत्त्वपूर्ण समय साबित भयो।

यही समयभित्र विश्व क्रान्तिका नायक क. चे ग्वेभाराको अस्थिपञ्जरलाई क्यूबामा धूमधामका साथ समारोहहरु आयोजना गरी समाधिस्थ गरियो। क. चेले सहादत प्राप्त गर्नु भएको तीस–तीस वर्षपछि फेला पारिएको उहाँको लाशलाई उहाँले आफ्नो जीवनकालमा विजय हासिल गर्नुभएको क्युबाली शहर–सान्ता क्लारामा समाधिस्थ गरिएको छ।

उहाँको तीसौं स्मृति दिवसको उपलक्ष्यमा सान्ता क्लारा शहरलगायत अन्य क्युबाली शहरहरुमा ठूला–ठूला सभा–समारोहहरु आयोजना गरिएको समाचार प्राप्त हुँदैछ।

क. चेको तीसौं स्मृति दिवस कै उपलक्ष्यमा उहाँले शहादत प्राप्त गर्नुभएको देश– बोलिभियामा पनि विशाल आयोजनाहरु भएका छन्। उहाँलाई मारिएको गाउँ ला हिग्वेरा र उहाँको लाश लुकाइएको शहर भ्यालेग्राण्डेमा प्रगतिशील कन्सर्टहरुका साथै अन्य सभा–समारोहहरु आयोजना गरिएका छन्।

यता भारतका वामपन्थीहरुले क. चे ग्वेभाराकी छोरीहरु अलैदा ग्वेभारा र सेलिया ग्वेभारालाई कलकत्ता बोलाएर क. चेको स्मृति दिवस भव्यतापूर्वक आयोजना गरिरहेका छन्।

यी अक्टोबर महिनामै क. चे ग्वेभारा र क. फिडेल क्यास्त्रोको नेतृत्वमा सशस्त्र क्रान्ति भएको देश– क्यूबाको कम्युनिष्ट पार्टीको पाँचौं महाधिवेशन सफलतापूर्वक आयोजना गरिएको छ। क. फिडेल क्यास्त्रोलाई पुनः महासचिव पदमा निर्वाचित गरेर क्यूबाली कम्युनिष्ट पार्टीको पाँचौं महाधिवेशनले राष्ट्रपति क. क्यास्त्रोको नेतृत्वमा संचालित समाजवादी क्युबालाई अझ मजबूत पार्ने र क्यूबाली कम्युनिष्ट पार्टीलाई अझ बेसी क्रान्तिकारी पार्ने घोषणा गरेको छ।

यही अक्टोबर महिनामै क्युबाका १५ हजार नगर सभासदहरुको चुनाव सानदार ढंगले सफल भएको खबर छ। ९५ प्रतिशत मतदाताहरुको सहभागितामा भएको यस चुनावलाई क. फिडेल क्यास्त्रोले 'सबै प्रजातन्त्रहरु र प्रजातन्त्रवादीहरु भन्दा बेसी प्रजातान्त्रिक' भनी प्रशंसा गर्नु भएको छ।

यति धेरै महत्त्वपूर्ण साबित भएको अक्टोबर महिनाका सबै घटनाहरुको विस्तृत रिपोर्ट हामी आगामी अंकमा प्रस्तुत गर्ने जमर्को गर्नेछौं।

यहाँ यस अंकका लागि हामीले अर्जेन्टिनाका डाक्टर अर्नेष्टो ग्वेभाराबाट क्युबाली क्रान्तिपछि विश्व क्रान्तिका नायक हुनु भएका कमरेड चे ग्वेभारासंग सम्बन्धित एउटा महत्वपूर्ण सामग्री प्रस्तुत गर्दछौं। सुख, शान्ति, स्वतन्त्रता र समानता चाहने विश्वका सबै जनताका एक नम्बरको शत्रु अमेरिकी साम्राज्यवादको विहान खन्न क्यूबा, कंगो र बोलिभियामा सशस्त्र संघर्ष गर्नुभएका क. चेको साम्राज्यवादविरोधी संघर्षको मूल्यांकनसमेत गरिएको यस लेखका लेखक हुनुहुन्थ्यो– क. किम इल सुङ।

उहाँको तीसौं स्मृति दिवसको उपलक्ष्यमा क. चेप्रति हार्दिक श्रद्धाञ्जलिसहित कोरियाली क्रान्तिका नायक तथा उत्तर कोरियाका पूर्व राष्ट्रपति क. किम इल सुङद्वारा क. चेको प्रथम स्मृति दिवसको उपलक्ष्यमा अभिव्यक्त विचारहरु।

## क. चे र साम्राज्यवाद विरोधी संघर्ष

ल्याटिन अमेरिकी जनताका बीच जन्मनु भएका एक अजेय क्रान्तिकारी योद्धा तथा सच्चा अन्तरराष्ट्रवादका हिमायती कमरेड अर्नेष्टो चे ग्वेभाराको वीरतापूर्ण देहान्त बोलिभियाको रणभूमिमा भएको झण्डै एक वर्ष भयो। विश्वभरका क्रान्तिकारी जनताहरूको साथसाथै कोरियाली जनताले कमरेड चे ग्वेभाराको देहान्तको पहिलो वार्षिक दिन शत्रुप्रति बल्दो घृणाका साथ शोकाकुल भई मनाउँदैछन्।

चे ग्वेभाराले युवावस्थाको शुरूदेखि नै साम्राज्यवादविरोधी, अमेरिकाविरोधी संघर्षको झण्डा उच्चा उठाई जनताहरूलाई स्वतन्त्रता र मुक्ति ल्याउने पवित्र संघर्षको बाटो अप्नाउनुभयो र उत्पीडित जनताहरूको क्रान्तिकारी हेतुका लागि आफ्नो सम्पूर्ण जीवन समर्पण गर्नुभयो।

मध्ययुगी धार्मिक र राजनैतिक भ्रमहरूले ढाकछोप गरेको शोषणको ठाउँ एक नंगा, निर्लज्ज, प्रत्यक्ष र क्रूर शोषणले लिएको र मानवको प्रतिष्ठा विनिमय मूल्यमा परिणत भएको, आधुनिक पूँजीवादीहरूको रक्तसिंचित इतिहासको शुरू हुने पर्दा खुलेदेखि आजसम्मको लामो अवधिमा विश्वका अनेक साम्यवादीहरू र क्रान्तिकारी लडाकूहरूले पुराना थोत्रा र भ्रष्ट सबै थोक हटाई समाजको सम्पूर्ण स्वतन्त्रतालाई नै क्रान्तिकारी ढंगबाट पुनर्गठन गर्ने, पुरानो घृणित समाजको माथिल्लो तहलाई उखेली स्वतन्त्र सुखी नौलो समाजको जन्म दिने क्रान्तिकारी हुरीमा आफ्नो रगत बगाएर जीवन बलिदान दिएका छन्। चे ग्वेभाराले यस पवित्र संघर्षका लागि आफ्नो अमूल्य जीवन अर्पण गर्नुभयो र यसरी उहाँ विश्वका क्रान्तिकारी शहीदहरूको लाममा एक आदरणीय सदस्य हुनुभयो।

चे ग्वेभारा संघर्षदेखि नथाक्ने एक अथक क्रान्तिकारी तथा सांघुरो राष्ट्रवादी भावनाहरूदेखि बिलकुल मुक्त सच्चा अन्तरराष्ट्रियवादका हिमायती हुनुहुन्थ्यो। जीवनभर वहाँले एक अडिग क्रान्तिकारी योद्धा र सच्चा अन्तरराष्ट्रियवादीको राम्रो नमूना बनी देखाउनुभयो।

कमरेड फिडेल क्याष्टोले नेतृत्व गर्नुभएका क्यूबाली क्रान्तिकारीहरूलाई साथ दिंदै चे ग्वेभाराले एक वीरतापूर्ण संघर्ष शुरू गर्नुभयो र अमेरिकी साम्राज्यवाद र त्यसको पिट्ठू बतिस्ताको तानाशाही शासनलाई खत्तम गर्न र क्यूबाको क्रान्तिको विजय प्राप्त गर्न ठूलो देन दिनुभयो। सन् १९६५ मा चे ग्वेभाराले बल्दो क्रान्तिकारी उमंगका साथ क्यूबाको विजयी भूमिलाई छोडी आफ्नो संघर्षको रंगमञ्च अर्को नयाँ अखडामा सार्नुभयो, जहाँ अनेकन बाधाहरू र कठीन परीक्षाहरू उहाँका लागि पर्खिराखेका थिए। उहाँ ल्याटिन अमेरिकाभित्र जहाँ जानु भए पनि अमेरिकी साम्राज्यवाद र त्यसका प्रिय नोकरहरूका विरूद्ध व्यापक जनसमूहलाई संगठन गरी सशस्त्र संघर्ष गर्नमा लाग्नुभयो र जीवनको अन्तिम बेलासम्म पनि अग्रीम

मोर्चामा उभिएर वीरतासाथ लड्नु भयो ।

चे ग्वेभाराका क्रान्तिकारी गतिविधिहरूले क्यूबाको क्रान्तिको विजयलाई अरू बढी सुदृढ गर्नमा र पूरा ल्याटिन अमेरिकी क्रान्तिको प्रगति छिटो पार्नमा निकै ठूलो देन दियो ।

क्यूबाली क्रान्तिको विजय ल्याटिन अमेरिकामा समाजवादी क्रान्तिको पहिलो विजय हो, तथा महान् अक्टूबर क्रान्तिको क्रम ल्याटिन अमेरिकामा पुगेको हो । क्यूबाली क्रान्तिको विजय प्रस्फुटित भइरहेकोले अस्तिसम्म मात्रै अमेरिकी साम्राज्यवादको पैतृक सम्पत्ति मानिएको ल्याटिन अमेरिकामा समाजवादको लाल झण्डा अहिले उच्चा फर्फराइरहेछ र समाजवादी शिविर पश्चिमी भूगोलार्धमा फैलिन गएको छ एवं त्यसको शक्ति धेरै बढेको छ । आज ल्याटिन अमेरिकी क्रान्तिको सबभन्दा अघिल्लो लाममा नै दृढतापूर्वक कदम बढाइरहेको गणतन्त्र क्यूबा संघर्षशील ल्याटिन अमेरिकी जनताहरूका लागि आशाको प्रकाशस्तम्भ हो र यसले उनीहरूको संघर्षको बाटोमा विजयको प्रकाश दिन्छ । क्यूबाली क्रान्तिको विजयले पश्चिमी भू-गोलार्धमा अमेरिकी साम्राज्यवादीहरूको औपनिवेशिक व्यवस्थालाई जगैदेखि हल्लाई दियो र सारा ल्याटिन अमेरिकालाई क्रान्तिकारी हुरीमा पारेको छ, र त्यस क्षेत्रका जनताहरूलाई स्वाधीनता र स्वतन्त्रताका लागि पवित्र संघर्षमा जोडतोडसित जगाइरहेको छ । साँच्चै भनुं भने, क्यूबाली क्रान्तिको विजय ल्याटिन अमेरिकामा अमेरिकी साम्राज्यवादी व्यवस्थाको औपनिवेशिक शासनको पतनको शुरू थियो, धेरै समयदेखि यस क्षेत्रका जनतामाथि शोषण र दमन गरिरहने अमेरिकी साम्राज्यवादप्रति कठोर फैसला थियो तथा यसलाई पतनतर्फ पुयाउने कदम थियो ।

क्यूबाली क्रान्तिको विजय सुदृढीकरण हुनु क्यूबाली जनताको जीवन-मरण र उत्थान-पतनको निर्णय गर्ने खालको महत्वपूर्ण समस्या हो र साथै, ल्याटिन अमेरिकी क्रान्तिको सामान्य विकासको भविष्य निर्णय गर्ने एक मूल समस्या हो ।

कुनै पनि मुलुकमा क्रान्ति उज्वल र सफलतापूर्वक शुरू भए पनि त्यसले निक्कै समयसम्म कष्टमय पीडा भोग्नुपर्दछ । अन्तरराष्ट्रिय पूँजीवादको घेराभित्र सर्वहाराले शक्ति लिएका मुलुकहरू पूँजीवादबाट समाजवाद ल्याउँदा हुने क्रान्तिकारी संक्रमणको स्थितिको सम्पूर्ण ऐतिहासिक अवधिभर साम्राज्यवादी अतिक्रमण तथा पूँजीवादको पुनर्स्थापनाको भयबाट मुक्त छैनन् । शासनबाट फालिएका शोषक वर्गहरूले आफ्नो गुमेका स्थानहरू फेरि पाउनको लागि सधैं प्रयत्न गर्छन् र विदेशी साम्राज्यवादीहरू निरन्तर सशस्त्र हमलाहरू, राजनैतिक र विचारधारात्मक रूपले ध्वंसात्मक कार्यहरूका लागि षड्यन्त्रहरू र चालबाजीहरू निरन्तर गरिरहन्छन् ।

अमेरिकी साम्राज्यवादीहरू र ल्याटिन अमेरिकी प्रतिक्रियावादीहरूले गणतन्त्र क्यूबालाई निकै घृणा गर्छन् र यसको अस्तित्वदेखि नै डराउँछन् र यसलाई खत्तम गर्न हठपूर्वक तथा द्वेषपूर्वक साजिस रच्दैछन् । पश्चिमी भूगोलार्धमा पसिरहेको 'साम्यवादी भूत'लाई धपाउन र ल्याटिन अमेरिकालाई घेरिराखेको घाँसे मैदानको डढेलो जस्तो जनमुक्ति संघर्षहरूलाई रोक्नाका लागि क्यूबाली क्रान्तिलाई नै खत्तम गर्न उनीहरू कडा परिश्रम गर्दैछन् । अमेरिकी साम्राज्यवादीहरूले सिधै सशस्त्र सेना प्रयोग गरी क्यूबाको घाँटी निमोठ्ने योजनाका साथै आफ्ना अधीनमा तथा मातहतमा रहेका प्रतिक्रियावादी ल्याटिन अमेरिकी तानाशाही शासनहरूलाई उस्काएर क्यूबामा राजनैतिक र आर्थिक दवाब दिई नाकाबन्दीद्वारा क्यूबालाई खत्तम पार्न खोजिरहेछन् ।


अन्तर्राष्ट्रिय पूँजीको घेराभित्र शासन कब्जा गरेका राष्ट्रहरूले क्रान्तिको अन्तिम विजय प्राप्त गर्नाका लागि हर तरहले आफ्ना आन्तरिक शक्तिहरूलाई बल पुऱ्याउनका साथै विश्व समाजवादी क्रान्तिका अरू टोलीहरूबाट ठोस समर्थन प्राप्त गर्नुपर्दछ र सबै देशका मजदूर वर्गहरू र सारा विश्वका उत्पीडित जनताहरूबाट व्यापक अन्तर्राष्ट्रिय मद्दत प्राप्त गर्नुपर्दछ । अर्को शब्दमा, विश्वका अधिकांश मुलुकहरूमा कमसेकम संगसंगैका केही मुलुकहरूमा एकपछि अर्को क्रान्ति भई साम्राज्यवादी घेराबन्दीलाई समाजवादी घेराबन्दीमा बदल्नुपर्दछ, समाजवादी मुलुकको चारैतिर रहेको साम्राज्यवादको घेरा तोडेर सर्वहारा अधिनायकवादलाई विश्वव्यापी व्यवस्थामा परिणत हुने बाटो खोल्नुपर्दछ र घेराबन्दीमा परेको एक मुलुकको समाजवादी गढ एक्लो पर्ने स्थितिलाई खत्तम गरी अन्तर्राष्ट्रिय मजदूर वर्गहरू र विश्वका उत्पीडित जनताहरूको संघर्षशील एकताको बलियो गाँठो तयार गर्नुपर्दछ । अनि मात्रै साम्राज्यवादीहरूको सशस्त्र हस्तक्षेप र पूँजीवाद पुनर्स्थापना गर्ने प्रयासलाई रोक्न सम्भव हुनेछ र समाजवादको अन्तिम विजय प्राप्त भयो भन्न सकिनेछ ।

पूँजीको शक्ति अन्तर्राष्ट्रिय हो, त्यस्तै जनताहरूको मुक्ति संघर्ष पनि अन्तर्राष्ट्रिय आन्दोलन हो । एक एक मुलुकका क्रान्तिकारी संघर्षहरू राष्ट्रिय आन्दोलन हुन् र साथै विश्वव्यापी क्रान्तिका पनि अंग हुन् । सबै मुलुकहरूका क्रान्तिकारी संघर्षहरूमा परस्परमा टेवा दिने र एक अर्कोको पूरकको सम्बन्ध हुन्छ र ती सब विश्वक्रान्तिको एक प्रवाहमा मिल्छन् । विजय भइसकेका क्रान्तिले विजय हुन बाँकी मुलुकहरूका क्रान्तिहरूलाई आफ्नो अनुभव र उदाहरणद्वारा मद्दत गर्नुपर्दछ र विश्वका राष्ट्रहरूका मुक्ति संघर्षमा आफ्नो राजनैतिक, आर्थिक र सैनिक शक्तिद्वारा सक्रिय सहयोग दिनुपर्दछ । अर्कोतिर, क्रान्ति सफल नभइसकेका मुलुकहरूका जनताहरूले साम्राज्यवादी दमननीतिको विरोधमा अरू मुलुकहरूका विजयी क्रान्तिहरूको संरक्षण गर्न अरू बढी सक्रिय भई संघर्ष गर्नुपर्दछ र आफ्ना क्रान्तिहरूको सफलता छिटो पार्नुपर्दछ । यो विश्व क्रान्तिकारी आन्दोलनको विकासको नियम तथा जनमुक्ति संघर्षको दौरानमा बसिसकेको उत्तम परम्परा हो ।

क्यूबाली क्रान्ति विश्व क्रान्तिको एक अभिन्न अंग हो र खासगरी, ल्याटिन अमेरिकामा क्रान्तिको श्रृंखलाको निर्णयात्मक क्रम हो । क्यूबाली क्रान्तिको रक्षा गर्नु, यसका विजयहरूलाई सुदृढ गरी बढाउँदै लग्नु क्यूबाली जनताको मात्र कर्तव्य नभई ल्याटिन अमेरिकी उत्पीडित जनताहरू तथा विश्वका सबै क्रान्तिकारी जनताहरूको अन्तरराष्ट्रिय कर्तव्य पनि हो । जसरी विश्वको पूँजीवादी व्यवस्थामा पहिलो प्वाल पारिदिने रूसको अक्टूबर क्रान्तिका उपलब्धिहरूको रक्षा गर्नु विश्व क्रान्तिको विकासको भविष्य निर्णय गर्ने महतवपूर्ण प्रश्न थियो, त्यसरी नै ल्याटिन अमेरिकी साम्राज्यवादको औपनिवेशिक व्यवस्थामा पहिलो प्वाल पार्ने क्यूबाली क्रान्तिका उपलब्धिहरूको रक्षा गर्नु ल्याटिन अमेरिकी क्रान्तिको भाग्य निर्णय गर्ने महत्वपूर्ण प्रश्न हो ।

क्यूबाली क्रान्तिको रक्षा गर्नका लागि क्यूबाको आसपासमा रहेका ल्याटिन अमेरिकी मुलुकहरूमा क्रान्तिकारी आन्दोलनलाई बढाउँदै लैजानु निकै आवश्यक कुरा छ । अमेरिकी साम्राज्यवादले पाइला हालेका अनेक ल्याटिन अमेरिकी मुलुकहरूमा क्रान्तिका प्रचण्ड ज्वालाहरू जति जति दन्कन्छन्, अमेरिकी साम्राज्यवादको शक्ति त्यति नै छिन्नभिन्न र कमजोर हुन्छ । र, अमेरिकी साम्राज्यवादीहरू र त्यसका पिट्ठूहरूको संयुक्त शक्तिद्वारा क्यूबाको घाँटी निमोठ्ने प्रयासहरू अवश्य विफल हुनेछन् । फेरि, अरू केही ल्याटिन अमेरिकी मुलुकहरूमा क्रान्तिको विजय भएपछि साम्राज्यवादको घेराबाट क्यूबा उम्किने छ, क्यूबाली र ल्याटिन अमेरिकी क्रान्तिहरूमा एक अनुकूल स्थिति आउने छ र विश्व क्रान्ति अझ अगाडि बढ्नेछ ।

क्रान्ति हुन, यसको निम्ति मनोगत र वस्तुगत स्थिति सृजना गरिनुपर्दछ । प्रत्येक मुलुकमा क्रान्ति खास वास्तविकताहरू सुहाउँदो गरी चलाउनुपर्दछ, जसमा वस्तुगत क्रान्तिकारी स्थितिको सृजना भएको छ । तर यसको मतलब क्रान्ति आफैं विकसित हुन वा आफैं परिपक्व हुन सक्छ भन्ने होइन । क्रान्ति त क्रान्तिकारीहरूको सक्रिय र कठोर संघर्षद्वारा मात्रै सधैं अगाडि बढ्दछ र परिपक्व हुन्छ । क्रान्ति भनेको कठीन छ भनी सक्रिय संघर्षको उपेक्षा गरी अनुकूल स्थिति पर्खिरहेर



**उहाँले अधूरो छोड्नु भएको क्रान्तिकारी उद्देश्य ल्याटिन अमेरिकी क्रान्तिकारीहरु र विश्वभरका क्रान्तिकारी जनताहरुको संघर्षबाट अवश्यै पूरा हुनेछ ।**



## ल्याटिन अमेरिकी क्रान्तिकारीहरुका साथमा वीरतापूर्ण सशस्त्र संघर्ष गर्नुभएका चे ग्वेभाराको बहादुर कार्यप्रति सारा विश्वका क्रान्तिकारी जनताहरु गहिरो सहानुभूति प्रकट गर्दछन् ।

क्रान्तिकारी शक्तिहरूलाई हुर्काउन सकिन्न । संघर्ष नगरिकन क्रान्तिकारी शक्तिहरू स्वत: तयार गर्न सकिन्न, क्रान्तिकारी शक्तिहरूलाई कठोर संघर्षद्वारा मात्र हुर्काउन र सुदृढ गर्न सकिन्छ । बैरीले गर्ने दमनको विरूद्ध क्रान्तिकारी शक्तिहरूलाई रक्षा गरी तथा, साथै ठोस संघर्षद्वारा स्थिरपूर्वक तिनीहरूको संचय र निर्माण गरी क्रान्तिको निर्णयात्मक घडीको सामना गर्न तयारी गरिएन भने वस्तुगत स्थितिको सृजना भइसके तापनि क्रान्तिमा विजय प्राप्त गर्न असम्भव हुनेछ । त्याग बलिदान गर्नुपर्ला भनी निहुँ गरी क्रान्तिबाट विमुख हुनुको अर्थ वास्तवमा जनतालाई पूँजीप्रति आजीवन दास भएर रहन बाध्य गर्नु हो, जनतालाई क्रूर शोषण र दमन, असह्य दुर्व्यवहार र अनादर, भीषण यातना र बलिदान सदाका लागि सहन बाध्य गर्नु हो । सामान्य रूपमा पुरानो समाजका घाउबाट हुने चिरकालदेखिको पीडालाई सहनुभन्दा क्रान्तिकारी मोडमा अनुभव गरिने तीव्र पीडालाई सहनु धेरै सजिलो छ । सामाजिक क्रान्ति ल्याउनु मध्य दिउँसोको उज्यालोमा राजमार्गमा हिंड्ने जस्तो सजिलो छैन, हावाको धार संगसगै डुंगा चलाउनु जस्तो निविर्घ्नपूर्वक, सरलतापूर्वक अगाडि बढ्न पनि सकिन्न । क्रान्तिको बाटोमा मोटा काँडावाल झाडीहरू र घुमाउरो मोडहरू हुन सक्छन् र केही समयका लागि गतिरोध तथा आंशिक त्याग बलिदान हुन सक्छन् । त्याग बलिदान गर्नुपर्ने डरले बाधा कठिनाईको सामुन्ने दब्नु र क्रान्तिमा हिच्किचाउनु क्रान्तिकारीलाई सुहाउने प्रवृत्ति होइन ।

आन्तरिक र बाह्य स्थितिको सही मूल्यांकनको र शत्रु मित्रका बीचमा शक्ति संतुलनको उचित लेखाजोखाको आधारमा वैज्ञानिक तरिकाबाट प्रयोजित र होशियारीपूर्वक संघर्षको बाटो निर्धारण गर्नु, केन्द्रबिन्दु तत्वहरूको पालन पोषण गरी तथा क्रान्तिको परीक्षण-आगोमा जनसमूहलाई जागृत गर्ने, सक्रिय संघर्ष शुरू गरी तर साधारण बखतमा विघ्नबाधादेखि बची तथा अनावश्यक त्याग बलिदानलाई पन्छ्याई क्रान्तिकारी शक्तिहरूको संचय र निर्माण गर्नु र महान् क्रान्तिकारी घटनाको सामना गर्न पूर्ण तयारी गर्नु हरेक मुलुकका क्रान्तिकारीहरूको कार्यभार हो । र, क्रान्तिकारी स्थितिको सृजना हुने बित्तिकै ती क्रान्तिकारीहरूले प्रतिक्रियावादी शासनलाई छिया छिया पार्नका लागि हुने अन्तिम परीक्षामा ढीलासुस्ती नगरिकन मौका नगुमाई उठ्नु पर्दछ ।

क्रान्तिकारी संघर्षको रूप र तरिका पनि व्यक्तिहरूको इच्छाले निर्धारण हुने होइन, बरू सधैं नै सृजना भएको मनोगत र वस्तुगत स्थिति र प्रतिक्रियावादी शासक वर्गहरूको प्रतिरोधद्वारा निर्धारित हुन्छ । क्रान्तिकारीहरू हरेक प्रकारको संघर्षका लागि तयार रहनुपर्दछ र राजनैतिक र आर्थिक संघर्ष, हिंसात्मक र अहिंसात्मक संघर्ष, कानूनी र गैरकानूनी संघर्ष जस्ता विभिन्न प्रकार तथा तरिकाका संघर्षहरूको उचित संयोजन गरी क्रान्तिकारी आन्दोलनलाई प्रभावकारी रूपले अगाडि बढाउनुपर्दछ ।

प्रतिक्रान्तिकारी हिंसा सबै शोषक वर्गहरूका लागि शासनको एक अनिवार्य साधन हो । कुनै पनि शासक वर्गले आफ्नो आधिपत्यलाई त्यसै छोडिदिएको वा कुनै पनि प्रतिक्रियावादी वर्गले प्रतिक्रान्तिकारी हिंसात्मक तरिका प्रयोग नगरिकन नम्रतापूर्वक आफ्नो शक्ति त्यागेको एउटा पनि उदाहरण मानव इतिहासमा अहिलेसम्म छैन । खासगरिकन, साम्राज्यवादीहरूले आफ्नो अन्त्य जति जति नजिक आइपुग्छ, उति नै ज्यानतोड ढंगले आफ्नो शासन कायम गर्नका लागि हिंसात्मक साधनलाई प्रयोग गर्छन् । साम्राज्यवादीहरूले आफ्नै मुलुकका जनतालाई दमन गर्नको साथै अरू मुलुकहरूमा आक्रमण र लूट गर्न आना फौज प्रयोग गरी रक्तपातपूर्ण तरिकाबाट उत्पीडित राष्ट्रहरूका सबै क्रान्तिकारी प्रगतिलाई रोक्छन् ।

यस्तो स्थितिमा विदेशी साम्राज्यशाहीहरूलाई चकनाचूर पार्न र तिनीहरूसित साँठगाँठ राख्ने देशभित्रका शोषकवर्गहरूका प्रतिक्रियावादी तानाशाही यन्त्र फाल्नका लागि क्रान्तिकारी हिंसा प्रयोग नगरिकन उत्पीडित राष्टहरूको मुक्ति संघर्षको विजय हुन सक्तैन । हिंसालाई हिंसाले मुकाबिला गर्न र प्रतिक्रान्तिकारी सशस्त्र शक्तिहरूलाई क्रान्तिकारी सशस्त्र शक्तिहरूद्वारा चकनाचूर पार्न अनिवार्य छ ।

ल्याटिन अमेरिकामा अहिले बेतोडले चलिराखेको क्रान्तिकारी ज्वालाहरू यस क्षेत्रमा सृजना भएको क्रान्तिकारी स्थितिका स्वाभाविक फल हुन् ।

ल्याटिन अमेरिकी मुलुकहरूमा पूर्णतया बहुसंख्या अमेरिकी साम्राज्यवादको पूरा आधिपत्य र दासतामा राखिएका छन् । सं.रा. अमेरिका समर्थक अधिनायकत्वहरू कैयौं ल्याटिन अमेरिकी मुलुकहरूमा स्थापित भएका छन् र यी मुलुकहरूको अर्थव्यवस्था पूरै अमेरिकी एकाधिकार पूँजीको पुच्छरको रूपमा परिणत भएको छ । अमेरिकी साम्राज्यवादीहरूको ल्याटिन अमेरिकाप्रति आक्रमण र लूटको नीति यस क्षेत्रको प्रगतिलाई रोकिराख्ने प्रमुख बन्धन हो र यसले त्यहाँका जनताहरूलाई असह्य दुर्दशा र विपतमा डुबाइदिएको छ । अमेरिकी साम्राज्यवादीहरू र सं.रा. अमेरिकासमर्थक ल्याटिन अमेरिकी अधिनायकत्वहरूले सेना र पुलिस लगायत विस्तृत दमन साधनहरू खडा गरी जनताका सबै प्रकारका क्रान्तिकारी प्रगतिलाई अत्यन्त क्रूर रूपले दमन गर्दछन् ।

ल्याटिन अमेरिकाका भुत्रेझाम्रे र भोका, उत्पीडित र तिरस्कृत जनता अत्याचारीहरूका विरद्ध हतियार लिएर संघर्ष गर्न अघि सरेनन् भने तिनीहरूले स्वतन्त्रता र मुक्ति प्राप्त गर्न सक्ने छैनन् भन्ने कुरा स्पष्ट छ ।

चे ग्वेभाराले ल्याटिन अमेरिकी क्रान्तिकारीहरूसित मिली सर्वहेरा अन्तर्राष्ट्रियवादको झण्डामुनि साम्राज्यवादविरोधी, अमेरिकाविरोधी संघको झण्डामुनि क्यूबाली क्रान्तिको प्रतिरक्षा गर्न र ल्याटिन अमेरिकी उत्पीडित जनताको मुक्तिको दिन चाँडो ल्याउनको निम्ति बलिदान गर्न नडराई आफ्नो हातमा हतियार लिई विभिन्न ल्याटिन अमेरिकी मुलुकहरूमा एक सक्रिय वीरतापूर्ण क्रान्तिकारी संघर्ष शुरू गरिदिनुभयो । ल्याटिन अमेरिकी क्रान्तिकारीहरूका साथमा वीरतापूर्ण सशस्त्र संघर्ष गर्नुभएका चे ग्वेभाराको बहादुर कार्यप्रति सारा विश्वका क्रान्तिकारी जनताहरू गहिरो सहानुभूति प्रकट गर्दछन् । चे ग्वेभाराको उज्वल दृष्टान्त ल्याटिन अमेरिकी जनताहरूका क्रान्तिकारी संघर्षका लागि मात्र होइन, एशियाई र अफ्रिकी जनताहरूका मुक्ति संघर्षका लागि पनि एक अति उत्तम उदाहरण भएको छ र त्यसले उनीहरूलाई वीरतापूर्ण कार्यहरू गर्नमा प्रेरणा दिन्छ ।

चे ग्वेभारा अहिले हामीहरूसित हुनुहुन्न तर उहाँले बगाउनु भएको रगत कहिल्यै पनि खेर जाने छैन । उहाँको नाउँ र उहाँले गर्नु भएका सदास्थायी क्रान्तिकारी पराक्रमी कार्यहरू मनुष्य जातिको मुक्ति इतिहासमा सदा रहिरहने छन् र उहाँको उच्च क्रान्तिकारी उत्साह अमर हुनेछ । एशियाई, अफ्रिकी र ल्याटिन अमेरिकी क्रान्तिकारी संघर्षको निर्णयात्मक युद्ध क्षेत्रमा हजारौं, दशौं हजार चे ग्वेभाराहरू प्रकट हुनेछन् र उहाँले अधूरो छोड्नु भएको क्रान्तिकारी उद्देश्य ल्याटिन अमेरिकी क्रान्तिकारीहरू र विश्वभरका क्रान्तिकारी जनताहरूको संघर्षबाट अवश्यै पूरा हुनेछ ।

(क्रमश:)




**चे ग्वेभारा**

**विश्व क्रान्तिका नायक**

राजेन्द्र महर्जनद्वारा लिखित क. चे ग्वेभारा सम्बन्धी रोचक, रोमान्चक र ज्ञानवर्द्धक जीवनकथाको पुस्तक (चेबारे निनु चापागाई र श्याम श्रेष्ठको मूल्याङ्कनसहित)

स्टक सीमित छ, आफ्नो प्रति आजै सुरक्षित गर्नुहोला

अन्तर्क्रिया प्रकाशन प्रा.लि.
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो.ब.नं. ७०५०, काठमाडौं ।

**क. चेको आकर्षक फोटो !**

पोष्टरको रुपमा फ्रेममा हालेर घरका भित्ताहरुमा टाँग्न मिल्ने खालको फोटो पोष्टरको मूल्य रू. ५ मात्रै

# धार्मिक कर्मकाण्डहरूबारे बनाउनु पर्ने धारणा के ?

हाम्रो समाजमा प्रचलित अनेकथरि तिथि, चाड-पर्व, जात्रा-मेला, पूजा, ब्रत, श्राद्ध, किरिया आदिबारे प्रगतिशीलहरुले बनाउनु पर्ने धारणा के र कस्तो हुनुपर्छ ?- भन्नेबारे र यिनीहरुका सन्दर्भमा अप्नाउनु पर्ने व्यवहारबारे खोजबीन र अन्तर्क्रिया हुनु अत्यन्त जरुरी भएको छ । यसबारे विगतमा विभिन्न व्यक्तिहरुले र प्रकाशनहरुले छिटफुट प्रयत्नहरु नगरेका हैनन्, तर ती अपेक्षा गरिएभन्दा निकै कम भएको अनुभव गरिएको छ ।

यस सन्दर्भमा "मूल्यांकन" ले पनि केही पहल गर्नु जरुरी ठान्दै आएकोमा गत भाद्र-असोजमा "जन-एकता" साप्ताहिकले यसबारे दुई अंकमा गरी एउटा बहस प्रस्तुत गऱ्यो । गत भाद्र १३ गते साहित्यकार खगेन्द्र संग्रौलाकी आमाको मृत्यु भएकोमा उहाँले आमाको काजकृयाका सन्दर्भमा अप्नाउनु भएको व्यवहारबारे पत्रको रुपमा 'हिमालय टाइम्स' दैनिकमा लेख्नु भएको एउटा लेखलाई 'जन-एकता' ले भाद्र ३० गतेको आफ्नो अंकमा छाप्यो । यस लेखप्रति अर्का साहित्यकार पुण्यप्रसाद खरेलले एउटा प्रतिक्रिया लेख्नुभयो । 'जन-एकता' को असोज १३ गतेको अंकमा उक्त प्रतिकृया-लेख छापियो ।

यी दुवै रचनाहरुले हामीले जरुरी ठान्दै आएको उपरोक्त विषयमा ठोस रुपमा एउटा अन्तर्क्रिया शुरु गरेको ठानी ती दुवै रचनालाई यहाँ प्रस्तुत गरिएको छ ।

-मूल्याङ्कन

## आमाको मृत्युपछिका क्षणहरुमा

◆ खगेन्द्र संग्रौला

प्रिय गोविन्द,

त्रियासी वटा हिउँद काटेर भदौ १३ गते आमा बित्नुभयो । हुन त सबै मृत्यु असामयिक हुँदैनन्, तर पनि स्नेह र भावुकतावश सबै मृत्युलाई असामयिक भनिदिने हाम्रो चल्तीको संस्कार छ । केही देख्ने, केही भन्ने, केही सुन्ने र केही गर्ने रहर र क्षमता नहुनु र ज्यानमा निरर्थक निसास छटपटी मात्र बाँकी रहनु भनेको जीवनको प्रयोजन सकिनु हो । जीवनको प्रयोजन सकिएपछि जिउनुको सार्थकता र आनन्द पनि सकिन्छ । तसर्थ, आमाको मृत्यु शायद सामयिक नै थियो । तर प्रियजनको सामयिक मृत्युले उब्जाउने शोकानुभूतिको तीव्रता र सघनता सापेक्ष रूपले कम पीडादायी हुन्छ कि हुदैन, मलाई थाहा छैन ।

आमाको जिउँदो भौतिक शरीरको अवसानसँगै त्यसमा अन्तर्निहित सबै जीववैज्ञानिक/मनोवैज्ञानिक प्रक्रियाहरूको पनि स्वभावत: अवसान भयो । भौतिक शरीरभन्दा पृथक रहेको, चिर शान्तिको लागि कामना गर्नुपर्ने वा




मोक्षको लागि दान गर्नुपर्ने, आमाको कुनै अगोचर, रहस्यमय आत्मा मेरो लागि रहेन । त्यसैले आमाको मृत्युपछि काका र भतिजा, मित्र र शुभचिन्तकहरूका मुखेन्जी मैले आफ्नो अन्तस्करणको भावना प्रकट गरेथें- आमाको मृत्युसँगै उहाँप्रतिको मेरा सबै कर्तव्यहरूको पनि अन्त भयो । अब आमाको सद्गुणहरूको सम्झना गर्नु र त्यस स्मृतिप्रति अदरभाव प्रकट गर्नुबाहेक म अरू केही पनि गर्दिनँ । र गोविन्द, मैले गरिनँ पनि ।

कथित लोकापवादका पाखण्डसामु बिनाप्रश्न, बिना तर्क, बिना अर्थ चुपचाप शिर झुकाउँदै मैले जुल्फी मुण्डन गरिनँ । जनै र कन्दनीको पासो मैले लगाइनँ । आमाको अस्तित्वहीन हंसलाई पिण्ड पानी दिन ढिकोरोसम्म म धाइनँ । मैले नून बारिनँ, छाक छाडिनँ । कोरोभित्र परालमाथि म पसारो परिनँ । छोटोमा भनूँ, विभत्स गरूड पुराणको कुटील पिन्जराभित्र परपीडक, ठगाहा कर्मकाण्डको क्रूर चक्रव्यूहमा म पसिनँ । बी.पी. कोइराला, देवीप्रसाद उप्रेती (उदारमना जिम्दार बा), चित्रबहादुर के.सी., रामबाबु प्रसाई आदि यस बागी बाटोका मेरा सामान्य प्रेरकहरू हुन् । तर मेरो प्रेरणाको मूल मुहान चाहिँ मेरो आफ्नै जीवन-अनुभवले मलाई सिकाएको निठूरी पाठ हो ।

तीस वर्षअघि बुबा बित्नु हुँदा म एक्काइस वर्षको थिएँ । तिनताक लौकिक जीवनका नानावली परपीडक नाटकहरू र चरम पाखण्डी कर्मकाण्डीय विधि व्यवहारहरूबारे ममा उति गहिरो जानकारी र अनुभव थिएन । पहिलो पटक गरूड पुराण सुनेर धार्मिक पाखण्डभित्रको चरम परपीडक प्रवृत्ति र निकृष्ठ ठगवृत्तिबारे थोरै नै भए पनि ममा ज्ञानोदय भएथ्यो ।

यसपाला गरूड पुराणका एकाध अध्याय सुन्दा मेरा ती पुराना भयकारी स्मृतिहरू ताजा भए । विचित्रको कूट मनोविज्ञान र कपट कलामा आधारित छ- खाइदेउ मार्काको यो गरूड पुराण । नर्ककुण्डमा पापीले पाउने श्रृंखलाबद्ध अकल्पनीय दारूण यातनाको विभत्स वर्णनबाट यो 'गिद्ध-पुराण' शुरू हुन्छ । मृतकका शोकसन्तप्त आफन्तहरूका आहत भावनाहरूलाई यसले झन् क्षतविक्षत तुल्याउँछ, तिनको मनोबल, तिनको विवेक र तिनको तर्कशक्तिलाई यसले धूजाधूजा पार्छ । र, पितृलाई नर्कको यातनाबाट मोक्षदान गर्ने एकाधिकार पाएको लोभी पुरेतले मृतकका प्रियजनहरूको दमित र दुर्बल मानसिकताबाट फाइदा उठाई दानका



पुण्यप्रसाद खरेल

**क्रिया गर्ने सवालमा के-के गर्ने र के के नगर्ने, एउटा नीतिशास्त्र बनाइनु पर्दछ । बेजिम्मेवारी र व्यक्तिगत आग्रहबाट जे पायो त्यही गर्ने हो भने त बाबुआमाको मृत्यु भएपछि दाम्लोले घाँटी वा खुट्टामा बाँधेर, घिसार्दै लगेर बगाए वा छोपे पनि भयो नि !**

नियमावली चाहियो भन्ने कुरा नै आजको चुनौति हो । एउटा एकताबद्ध सांस्कृतिक आन्दोलनले मात्र पुरातन संस्कृतिको ठाउँमा केही प्रभावी प्रतिक्रिया उत्पन्न गर्न सक्छ । हजारौं वर्षको, अठासी हजार ऋषिको सोचको वरको रूख उखेल्न बिना मेलोमेसो र बिनातालको विद्रोहले सक्तैन ।


खगेन्द्रजी लगायत धेरै प्रगतिशील, प्रगतिवादी सांस्कृतिक कर्मीहरूको आँखामा यी सवालहरू पर्न जरूरी छ । हामीले पुरातन र काम नलाग्ने चलन, अन्ध सनातनी प्रचलनलाई छाड्नुपर्छ, त्यागनुपर्दछ । तथापि, निरपेक्ष रूपमा सम्पूर्ण पुरातन चलन त्याज्य छैनन् । हाम्रो सम्पूर्ण संस्कृति आलोच्य छैन । के-के छ जसलाई त्याग्नुपर्छ, त्याग्न शुरू गर्नुपर्दछ र के के छन् जसलाई हामीले पक्रनुपर्दछ, जसलाई अझ बढी संरक्षण गर्नुपर्दछ । हाम्रो चलन, रीतिरिवाज र संस्कृतिको बारेमा हामी सबैसँग एउटा स्पष्ट सोचको जरूरी छ । कुनै कुरालाई इन्कार गर्दा त्यसको विकल्प प्रस्तुत गरिएन भने सफल होइन्न । यदि खाना बनाउन दाउराको प्रयोग नगर्ने हो भने, अन्य इन्धनको विकल्प उपस्थित हुनुपर्छ अन्यथा या त दाउराको प्रयोग गर्न विवश हुनुपर्छ या खाना काँचै खाने ! यही स्थिति सबै कुरामा आइपर्छ ।

क्रिया गर्ने सवालमा के-के गर्ने र के के नगर्ने, एउटा नीतिशास्त्र बनाइनु पर्दछ । हामी धेरै छौं, अनगिन्ति छौं- सांस्कृतिक रूपान्तरण चाहनेहरू, सांस्कृतिक रूपान्तरणको पक्षपाति खगेन्द्रजी मात्र होइनन् । यसैले रूपान्तरण संस्थागत प्रयासबाट हुनुपर्दछ । व्यक्ति-व्यक्तिले छरपस्ट विद्रोह गरे यो साध्य छैन । अझ बेजिम्मेवारी र व्यक्तिगत आग्रहबाट जे पायो त्यही गर्ने हो या विरोध मात्र गर्ने हो, क्रिया गर्ने कुराप्रति कुनै सोच नबनाउने हो भने त बाबुआमाको मृत्यु भएपछि दाम्लोले घाँटी वा खुट्टामा बाँधेर, घिसार्दै लगेर बगाए वा छोपे पनि भयो नि ! निर्जन ठाउँमा गिद्धलाई खान फ्याँकिदिए पनि भयो नि ! मरिसक्नासाथ उनीप्रतिका कर्तव्यहरूको अन्त्य हुन्छ कि हुन्न ? कतिबेला, कति दिनपछि या के- के गरेपछि, गरिदिएपछि कर्तव्यहरूको अन्त्य हुन्छ । अझ जीवित अवस्थाका बाबु या आमाका कामनाहरूलाई कसरी लिने ? केही सवालहरू हुन् । यी प्रश्नहरूको जवाफ संस्थागतहरूमा आउनु पर्छ, सामुहिक हुनुपर्छ, युक्तिसंगत हुनुपर्छ । यसकारण, क्रिया गर्ने सवालदेखि लिएर हाम्रो समाजमा हामीले मनाउने रीतिरिवाज, विभिन्न धार्मिक जातीय चाडपर्वहरूको बारेमा समेत एउटा निश्चित सोच बनाउनु जरूरी छ ।


आज हामी दशैं, तिहार तथा वर्षभरिका यस्तै सांस्कृतिक पर्वहरूको बारेमा विभिन्न छरपस्ट सोच बनाउँछौं । परम्परागत रूपमा सनातनबाट प्राप्त विविध पूजाआजा, पुराण आदिको बारेमा यस्तै स्थिति छ । यसकारण, हामीले संस्थागत रूपमा, आन्दोलनको रूपमा हरेकबारेमा एउटा दृष्टिकोण बनाउनुपर्छ । सबैको एकै स्वर र एकै चालमा प्रतिकार या परिमार्जन या रूपान्तरण गरिनुपर्छ । अहिले हाम्रा वरिपरि रहेका छरछिमेकी समाज नै हामी सबैको सबैभन्दा महत्वपूर्ण मानिस हुन् । ती मानिसको परिवर्तन गर्नुपर्दछ । यसो गरिरहँदा हामीले हाम्रो समाजको ख्याल गर्ने पर्दछ । हामी अराजकतावादी होइनौं । हामी विद्रोही मात्र पनि होइनौं । हामीसंग हरेक विषयको राम्रो र सुसंस्कृत विकल्प हुनुपर्छ ।

यसकारण, संसार बदल्न चाहनेहरूको, प्रगतिशील तथा प्रगतिवादीहरूको क्रियाकलाप तथा सोच जिम्मेवारीपूर्ण, सत्यतामा आधारित, युक्तिसंगत र प्रिय हुन्छ या प्रिय बनाइनुपर्छ । हाम्रा उक्त विषयवस्तु उपरका विकल्पहरू सबैको जानकारीका लागि या छलफलका लागि आउने अपेक्षा गर्दछु ।

❑ मेचीनगर-१० (काँकरभिट्टा)
२०५४।६।७


अब पाईप जगतमा नयाँ उत्साह !
नयाँ उदय - विश्वासको साथ !



मुक्तेश्वर P. V. C. पाईप

शहरदेखि गाउँसम्म सर्वत्र उपलब्ध छ !

**मुक्तेश्वर पाईप नै किन ?**

- मुक्तेश्वर रिजिड पि.भि.सी. पाईप जि.आई. पाईपको तुलनामा किफायती तथा सस्तो पर्दछ ।
- हलुङ्गो भएकोले ओसार-पसारमा सुविधाको साथै ढुवानी खर्च कम पर्दछ ।
- यसमा फलामे पाइपमा जस्तो खिया लाग्दैन ।
- जडान खर्च तथा ज्याला कम पर्दछ ।
- भित्र-बाहिर चिप्लो हुने भएकोले बहाव शक्ति बढी हुन्छ ।
- कुनै पनि किसिमको रसायनले यसलाई असर पार्दैन ।
- भवनहरूको निकास प्रणालीमा लगाउँदा सुन्दर देखिन्छ ।
- चुहावट हुने जोखिम प्रतिशत कम छ ।
- यसको टिकाउपन लामो अवधिको हुन्छ ।
- यो पूर्णतया स्वास्थ्यप्रद छ ।

सधैं सम्झनुहोस्

**मुक्तेश्वर पाईप ई.प्रा.लि.**

**(चिराग उद्योग समूह)**

पो.ब.नं. ११४९१, पुतलीसडक
फोन नं.: ४२०७७३
फ्याक्स: ४२१९४५

**उच्चस्तरीय जर्मन प्रविधिको प्रयोगद्वारा नेपालमा उत्पादित नेपाल गुणस्तर चिन्ह प्राप्त विभिन्न साइज र क्षमताका मुक्तेश्वर पाईपहरु नै प्रयोग गरौं !**

# अब त्यस्तो संझौता नहुने खालको संघर्ष गर्नु परेको छ



## 'भूगोल पार्क काण्ड' मा के भएको थियो ?

## सुश्री शान्ता श्रेष्ठसंगको कुराकानी

इतिहासमा जनता र देशका लागि थुप्रै गौरवपूर्ण लडाइँहरु लडेर पनि वर्तमानको राजनैतिक मैदानमा प्रत्यक्ष देखा नपर्नुको कारणले गर्दा संचारको दुनियाँबाट हराइरहेका थुप्रै योद्धाहरु अझै जीउँदैछन् । ती योद्धाहरुमध्ये सुश्री शान्ता श्रेष्ठ पनि एक हुनुहुन्छ !

१४ वर्षको कलिलो उमेरदेखि नै नेपाली महिला आन्दोलन तथा राजनैतिक आन्दोलनमा होमिनु भएकी उहाँले २००७ सालको प्रजातन्त्र प्राप्तिको राजनैतिक आन्दोलनमा सक्रियतापूर्वक भाग लिनुभएको थियो । त्यसपछि पनि २०१५ सालमा उहाँले रेडियो नेपालमा नोकरी शुरु गर्नुभन्दा पहिलेका वर्षहरुमा प्रजातन्त्रको सुरक्षार्थ चलाइएका कैयौं आन्दोलनहरुमा उहाँ सक्रियतापूर्वक सरिक हुनुभएको थियो ।

सुश्री शान्ता श्रेष्ठको जन्म वि.सं. १९९० सालमा काठमाडौंको क्षेत्रपाटीमा भएको थियो । उहाँका पिता आनन्दलाल श्रेष्ठ र आमा मोहनमाया श्रेष्ठ त्यस समयका राजनैतिक रुपमा सचेत र सक्रिय व्यक्तिहरु थिए । २००४ सालमा मंगलादेवी सिंहको नेतृत्वमा गठित 'नेपाल महिला संघ' मा संगठित भई महिला आन्दोलन तथा राजनैतिक आन्दोलनमा सरिक हुनुभएकी सुश्री शान्ता श्रेष्ठले १७ वर्षको उमेरमा २००७ सालमा राणाहरुले बालक ज्ञानेन्द्रलाई राजा बनाएकोमा जनताको मनस्थिति के छ भनी बुझ्न निरीक्षण गर्न आएको ब्रिटिश मिशनलाई विरोधस्वरुप एयरपोर्टमा पत्र बुझाउन जाँदा प्रहरीहरुसंग भिड्दै साहसपूर्वक हज्जारौं जन-समुदायलाई नेतृत्व प्रदान गरी आफ्नो बहादुरी देखाउनु भएको थियो । त्यस्तै, २००८ सालको दिल्ली सम्झौताविरोधी संघर्षमा पनि सक्रियतापूर्वक भाग लिई उहाँ जेल पर्नु भएको थियो ।

२०१९ सालमा बुबाको मृत्युपछि घरको आर्थिक स्थिति उहाँले नै थाम्नु परेको र आन्दोलनमा लाग्दालाग्दै नै सोच्नसमेत पनि नभ्याएर विवाह गर्न नपाउनु भएकी सुश्री शान्ता श्रेष्ठ हाल पुरानो वानेश्वरस्थित आफ्नै निवासमा एक्लै बस्नुहुन्छ । २०१५ सालदेखि रेडियो नेपालमा कहिले ज्यालादारी र कहिले अस्थायी कर्मचारीको रुपमा काम गर्दै आउनु भएकी उहाँलाई २०४८ सालमा गिरिजा सरकारले बिनाकारण नोकरीबाट बर्खास्त गरेको थियो । उहाँले वि.कम.सम्मको औपचारिक शिक्षा हासिल गर्नु भएको छ ।

प्रस्तुत छ- इतिहासको एक योद्धा भएर पनि हाल कुनै पनि राजनैतिक पार्टीमा आवद्ध नहुनु भएकी सुश्री शान्ता श्रेष्ठसंग उहाँकै निवास बानेश्वरमा मूल्याङ्कनले लिएको ताजा कुराकानीको सारसंक्षेप ।

प्रस्तुतिः तुल्सीदास महर्जन

**❑ तपाई २००४ सालदेखि नै नेपाली महिला आन्दोलनमा लाग्नु भएको देखिन्छ । आन्दोलनमा लाग्न तपाईले प्रेरणा कहाँबाट पाउनु भयो ?**

-शुरूमा मैले मेरा मामा पूर्णबहादुर बान्दव (श्रेष्ठ) बाट आन्दोलनमा लाग्न प्रेरणा पाएँ । त्यतिखेर म सानै थिएँ, जुनबेला मेरा मामा जेलमा हुनुहुन्थ्यो । म मेरी आमासंग जेलमा पटक पटक मामालाई भेट्न जान्थें । मामालाई जेलमा असाध्य नै बढी यातना दिइएको थियो । भेट्न जाँदा उहाँलाई नेल र हतकडी लगाइरहेको र हिंड्न नै नसक्ने गरी शारीरिक यातना दिइराखेको देख्दा मेरी आमा रूनुहुन्थ्यो । मलाई पनि मनमा असाध्यै चोट लाग्थ्यो । मेरी आमाले एक पटक मामालाई राणाहरूसंग माफी किन नमागेको भनी प्रश्न गर्दा उहाँले "आफ्नो कुनै गल्ती नै नभइकन किन माफी माग्ने ?" भन्ने प्रतिप्रश्न मेरी आमालाई सोधेको घटनाले मलाई मनमा असाध्यै छोयो । जेलमा भेट्न जाँदा बारम्बार मामाले मलाई भन्नु हुन्थ्यो- 'राणा शासन खत्तम नभएसम्म म छुट्दिनँ । यो शासनलाई खत्तम गर्न तिमीले राम्री पढ्नु पर्छ ।' मामाको यो वाक्यले मलाई राणाहरूका विरूद्ध आफूलाई सशक्त रूपमा उभ्याउन र आन्दोलनमा लाग्न ठूलो प्रेरणा प्रदान गर्‍यो ।



**❑ तपाईको मामा जेलमा पर्नुको कारण के थियो त ?**

-वास्तवमा पूर्णबहादुर बान्दव मेरो साखै मामा नभई मेरी आमाकी ठूली आमाको छोरा हुनुहुन्थ्यो । उहाँ रूद्र शमशेरकहाँ नोकरी गर्नुहुन्थ्यो । त्यतिबेला राणा प्रधानमन्त्री जुद्ध शमशेर थियो । राणा परिवारभित्रको झगडाले रूद्र शमशेरलाई पाल्पातिर धपाइयो । रूद्र शमशेर धपाईंदा उसको सम्पत्ति ओसार्न मेरा मामाले सहयोग गरे भन्ने झुठो अभियोग लगाई उहाँलाई जुद्ध शमशेरले कुनै कैद सजाय नै नतोकिकन जेलमा अत्यधिक शारीरिक यातना दिई कोचेको थियो । पछि गणेशमानहरू पनि त्यही जेलमा कैद गरिंदा उनीहरूलाई सघाएको भन्ने आधारमा मेरा मामा पनि राजनैतिक बन्दीको रूपमा रहनु भयो ।

मेरा मामा २००७ सालको परिवर्तनपछि मात्र जेलबाट छुट्नु भयो । जेलमा उहाँले जम्मा १६ वर्ष बिताउनु भयो ।

**❑ मामा बाहेक पनि अरु कसैबाट प्रेरणा पाउनु भएको थियो ?**

-मामा पछि मेरो प्रेरणाको स्रोत भनेका मेरा गुरूहरू हुन् ।

दिवाकर भाजु, भुवनलाल प्रधान र नन्दलाल जोशी मेरा गुरूहरू हुनुहुन्थ्यो । गुरूहरूले हामी विद्यार्थीहरूलाई बारम्बार 'प्रजातन्त्र ल्याउनुपर्छ, मानव अधिकार चाहिन्छ, राणा शासन खत्तम गर्नुपर्छ ।' भन्ने कुरा बुझाउनु हुन्थ्यो । अझ हामी तीन-चार जना केटीहरूलाई छानेर गुरूहरूले विशेष कक्षाहरू संचालन गर्नुहुन्थ्यो । गुरूहरूले हामीलाई इन्क्लावको अर्थ परिवर्तन हो भन्ने बुझाउदै 'इन्क्लाव जिन्दावाद !' भन्ने नारा लगाउन प्रेरित गर्नुहुन्थ्यो । त्यही प्रेरणाबाट म २००४ साल वैशाख १७ को राणा शासनविरोधी पहिलो जुलूसमा सहभागी

राणा प्रधानमन्त्रीलाई मान्न जनता तयार थिएन ।

❑

गृहमन्त्री विश्वेश्वरप्रसाद कोइराला थिए । उनको आदेशमा त्यो आन्दोलनलाई व्यापक रूपमा दबाइयो ।

❑

हामीलाई पुष्पलाल लगायत कोही पनि कम्युनिष्टले मद्दत गरेनन् ।

भएँ ।

❑ **२००४ सालमा 'नेपाल महिला संघ' को जन्म हुँदा त्यसमा को-को थिए र त्यस संघका उद्देश्य, नीति तथा कार्यक्रमहरु के-के थिए ?**

-त्यतिखेर त्यो 'संघ' साह्रै सानो साइजमा स्थापना भएको थियो । संघको स्थापनाको लागि २००४ साल श्रावण १७ गते काठमाडौंको म्हेपीमा म लगायत स्नेहलता, कनकलता, श्री माया, साहना, साधना, चम्पादेवी, हिरादेवी, रामलक्ष्मी, कामाक्षादेवी, मंगलादेवी, प्रतिभा, सीतादेवी आदि गरी जम्मा १७ जना महिलाहरू भेला भएका थियौं । र, त्यस भेलाबाट मंगलादेवीको नेतृत्वमा सो 'संघ' को स्थापना भयो । तर, जहाँसम्म संघका कार्यक्रमहरूको सवाल छ, त्यस सम्बन्धी सबै कुराहरू प्रजातन्त्रका लागि लागीपरेका दाजुहरूकै आड-भरोसा र निर्देशनमा तयार भएका थिए । विधानहरू बनाउने र त्यससम्बन्धमा बुझाउने तथा व्याख्या-विश्लेषण गर्ने सबै काम उहाँहरूबाट नै भएको थियो । त्यसो हुनुको कारण चाहि महिलाहरू वैचारिक रूपमा असक्षम हुनु रहेको थियो ।

❑ **ती दाजुहरु को-को हुनुहुन्थ्यो त ?**

-नेपाल महिला संघको स्थापना गर्न हामीलाई मुख्य रूपमा आड-भरोसा र निर्देशन दिने दाजु मंगलमान श्रेष्ठ हुनुहुन्थ्यो । उहाँ राणा शासनका विरूद्ध जन-चेतना फैलाउन सक्रियतापूर्वक लाग्नु हुन्थ्यो । उहाँले जातीय भेदभावका विरूद्ध सशक्त आवाज उठाउनु भएको थियो । उहाँ त्यतिखेरै च्यामे तथा धोबीहरूको घरमा गएर भात समेत खानु हुन्थ्यो । त्यसो गरेकाले टोलटोलका रूढीगत मानिसहरूले उहाँलाई घरको छिँडीसम्म पनि पस्न दिँदैनथे । तर, के गर्ने ? आफूले अपमान सहेर पनि त्यत्रो संघर्ष उठाउने व्यक्ति आखिर २००७ सालको परिवर्तन पछाडिको समयमा नै औषधि गर्न नपाएर मर्नु पऱ्यो । उहाँ जण्डीस रोगबाट चर्को बिरामी भएको अवस्थामा मैले गणेशमान सिंहलाई उहाँको सहयोगको लागि अनुरोध गरेको थिएँ, तर उहाँले वास्ता गर्नु भएन । आखिर त्यतिखेर त्यही रोगबाट उहाँको मृत्यु भयो ।

हामीलाई 'नेपाल महिला संघ' खोल्नमा सहयोग गर्नुहुने अन्य दाजुहरू मदन लोचन सिंह, विष्णव सुन्दर प्रधान, मथुरालाल श्रेष्ठ, दिवाकर भाजु, चित्तरञ्जन नेपाली, नन्दलाल जोशी, टंक बिलास बज्राचार्य, गजु सुन्दर प्रधान आदि हुनुहुन्थ्यो ।

❑ **त्यतिखेर नेपाल महिला संघले के-के ठोस कार्यहरु गऱ्यो ?**

-नेपाल महिला संघले स्थापनाको लगत्तै २००४ सालमा राणा प्रधानमन्त्री पद्म शमशेरले बनाएको संविधानमा महिलालाई भोट दिने अधिकार नभएकोमा




**नेपाली महिलाहरु गौचर विमान स्थलमा ब्रिटिश कूटनीतिज्ञहरु आउँदा विरोध-प्रदर्शन गर्दै (शान्ता श्रेष्ठ बायाँ)**

## यत्तिकैमा मैले फायरिङ्ग गरिरहेका एकजना सिपाहीको अगाडि गई 'लौ हान् गोली' भनी छाती थापिदिएँ

विरोध गर्न ४०/४५ जनाको एक प्रतिनिधिमण्डल पद्म शमशेरकहाँ पठायो । त्यस प्रतिनिधि मण्डलले पद्म शमशेरसमक्ष महिलाहरूले पनि पुरूषसरह समान रूपमा शिक्षा पाउनुपर्ने, समान रूपमा जागीर पाउनु पर्ने जस्ता मागहरू पनि राखेको थियो ।

महिलाहरूको उक्त संगठित प्रयासलाई शुरूमा राणा सरकारले धम्क्याउने, तर्साउने र दबाउने जस्ता कार्य गरे पनि पछि माग पूरा गर्ने बचन दिन त्यो बाध्य भयो । महिलाहरूको शिक्षाका लागि पद्मकन्या स्कूलको स्थापना गरियो । तर पनि राणा सरकारले महिलाहरूलाई भोट दिने अधिकार भने दिएन ।

२००७ सालको परिवर्तन पछाडि नेपालमा राणा-कांग्रेसको संयुक्त सरकार बन्यो । वास्तवमा त्यो सरकार दिल्लीमा भएको राणा, कांग्रेस र राजाबीच भएको सम्झौताको फलस्वरूप बनेको थियो ।

२००७ सालमा जनताले गरेको सशस्त्र जन-विद्रोह राणा शासनलाई पूर्णतः नष्ट गर्नलाई थियो । तर, राणा शासनको अन्त्यपछि पनि पुनः राणा मोहन शमशेरलाई नै प्रधानमन्त्रीमा राखेर राणा-कांग्रेसको सरकार गठन हुँदा सबै छक्क परेका थिए । राणा प्रधानमन्त्रीलाई मान्न जनता तयार थिएनन् । त्यसैले दिल्ली सम्झौताको विरोधमा जनताहरू सडकमा उत्रे । यसै क्रममा जुलूसमा प्रहरीले गोली हान्दा चिनीया काजीको मृत्यु भयो ।

त्यतिखेर नेपाल महिला संघले पनि किसान संगठन र विद्यार्थी फेडरेशनसंग मिलेर २००८ सालमा दिल्ली सम्झौताको विरोधमा काठमाडौंमा आन्दोलन गरेको थियो । त्यतिखेर गृहमन्त्री विश्वेश्वरप्रसाद कोइराला थिए । उनको आदेशमा त्यो आन्दोलनलाई व्यापक रूपमा दबाइयो । त्यो आन्दोलन **'भूगोल पार्क काण्ड'** को रूपमा चिनिन्छ ।

आन्दोलन दबाउन गृहमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले २००८ साल फागुन १९ गते त्यतिखेर विज्ञप्ति जारी गरेका थिए । त्यस विज्ञप्तिमा तीन वटा कुराहरू समावेश थिए:

एक- शान्ति खल्बलाउने कुनै संघ, संगठन र दल खोल्न नपाइने,

दुई- शान्ति खल्बलाउने आशय भएको कुनै पनि पार्टीलाई प्रतिबन्ध गरिने

तीन- सरकारका कर्मचारी कसैले पनि संघ वा संगठनमा काम गर्न नपाइने ।

र, त्यही बेला नै नेपाल कम्युनिष्ट पार्टीलाई प्रतिबन्धित गरिएको थियो, जसलाई पछि टंकप्रसाद आचार्य प्रधानमन्त्री भएपछि मात्र फुकुवा गरियो । यसरी प्रजातन्त्र आएको लगत्तैपछि नै कांग्रेसले कम्युनिष्टहरूलाई दमन गरेको थियो ।

❑ **'भूगोल पार्क काण्ड' मा के भएको थियो ?**

-त्यतिबेला भूगोल पार्कमा महिला, किसान र विद्यार्थी संगठनको संयुक्त आमसभाको कार्यक्रम राखिएको थियो । त्यस कार्यक्रममा महिला, किसान र विद्यार्थी संगठनहरूबाट एकजना बोल्ने र एकजनाले प्लेकार्ड समात्ने गरी दुई/दुई जनाको टोली खटाइएको थियो । महिला संघबाट साहना प्रधान र प्रभा नेपालीलाई खटाइएको थियो, जसमा साहना प्रधानले बोल्ने र प्रभा नेपालीले प्लेकार्ड समात्ने कार्यक्रम थियो ।

त्यस दिन शुरूमा भूगोल पार्कभित्र मानिसहरू जान डराइरहेका थिए । हामी आठ जना जति महिलाहरूले टाढाटाढा सडक छेउ बसेका पुरूषहरूलाई त्यहाँभित्र पस्न अनुरोध गऱ्यौं । तर डराएर कोही पनि पार्कभित्र पसेनन् । यत्तिकैमा हामी महिलाहरू भूगोल पार्कभित्र पस्यौं । साहना दिदीले बोल्न थाल्नु भयो । त्यसपछि मात्र बल्ल मानिसहरू बिस्तारै पार्क नजिक आउन थाले । तर, एकै छिनपछि नै प्रहरीहरू आइ मासलाई दमकलबाट पानी छ्यापी तितरबितर पारे । हामीलाई महिला प्रहरीहरू आई समाएर लगे । हामीलाई बेस्सरी पिट्दै डि.एस.पी. कार्यालय हनुमान ढोकामा लगियो । अरू ७५ जना जति पुरूषहरूलाई पनि बेस्सरी कुट्दै हनुमान ढोकामा लगियो ।

❑ **त्यो आन्दोलनमा मंगलादेवी सिंहको सहभागिता थिएन ?**

-थिएन । उहाँ अध्यक्ष भए पनि बाहिर निस्कनु हुन्थ्यो । उहाँको श्रीमान् (गणेशमान सिंह) त्यतिबेला मन्त्री थिए । श्रीमान् नै मन्त्री भएपछि उहाँ के आउनुहुन्थ्यो र ?

❑ **त्यतिखेर 'नेपाल महिला संघ' लाई कम्युनिष्टहरुले केही सहयोग गरेनन् ?**

-पुष्पलालले हामी केही चार पाँच जना महिलाहरूलाई विद्यालयमा पढाउनुका साथसाथै कम्युनिष्ट पार्टीको पनि तालिम दिने भनेर यहाँ पत्र पठाई भारतमा बोलाएका थिए । त्यस अनुसार म र प्रभा नेपाली भारतमा गयौं, तर हामी बिचल्लीमा पऱ्यौं । त्यहाँ हामीलाई पुष्पलाल लगायत कोही पनि कम्युनिष्टले मद्दत गरेनन् । हामीले धेरै दुःख पायौं ।

❑ **राणा शासनका विरुद्ध देशमा जन-विद्रोह चलिरहेको बेला भएको**

**एयरपोर्ट काण्ड, २००७ सालबारे केही बताइदिनु हुन्छ कि ?**

-राजा त्रिभुवन २००७ साल कार्तिक २२ गते दिल्लीमा गएपछि यहाँ ठूलो संघर्ष भयो । दिनहुँ जस्तो हड्ताल हुन्थ्यो । ज्ञानेन्द्रलाई राजा मान्न कोही पनि तयार थिएन ।

त्यस दिन बिहानै भारतीय दूतावासमार्फत केही मानिसहरूले दिउँसो निरीक्षणको लागि ब्रिटिश मिशन आउने कुराको सुईको पाएका थिए । यो सूचना एक कान दुई कान मैदान भई दिउँसोसम्ममा चारैतर्फ फैलियो । यो सूचनाबाट आक्रोशित भई मानिसहरू दिउँसोसम्ममा विभिन्न बाटो गरी एयरपोर्टमा हज्जारौंको संख्यामा ब्रिटिश मिशनलाई विरोध गर्न जम्मा भए ।

म र प्रभा नेपाली पनि एयरपोर्टतर्फ लाग्यौं । बाटोमा त यत्तिकै मानिसहरूको घुइँचो थियो । पसलहरू जम्मै बन्द थिए । हामी जुत्तासम्म पनि नलगाइकन वनकालीको बाटो हतार-हतार कुदेका थियौं । वनकालीमा पुग्दा हामीले जानकी प्रधान र त्रिपुवर सिंहका भाइ विजयवर सिंहलाई भेट्यौं । उनीहरूले मलाई ब्रिटिश मिशनलाई एउटा विरोध-पत्र दिने जिम्मा दिए ।

ब्रिटिश मिशनको टोली बोकेको प्लेन मानिसहरूको भीडको कारणले पटक-पटक उत्रने प्रयत्न गरेर पनि उत्रन सकिराखेको थिएन । बल्ल दिउँसो २:३० बजेतिर त्यो प्लेन एयरपोर्टमा उत्र्यो । तुरून्त सारा मानिसहरूले प्लेनलाई घेर्न पुगे । तर, सिपाहीहरूले लगत्तै अन्धाधुन्ध लाठी चार्ज गर्न थाले र यसको साथसाथै त्यहाँ ड्याङ्ग... ड्याङ्ग फायरिङ्ग गरेको आवाज आयो । सारा मानिसहरू भागाभाग भए ।

यत्तिकैमा मैले फायरिङ्ग गरिरहेका एकजना सिपाहीको अगाडि गई 'लौ हान् गोली' भनी छाती थापिदिएँ । तर, त्यस सिपाहीले गोली चलाएको रहेनछ, खाली ब्ल्याङ्क फायर मात्र गरेको रहेछ । ऊ जिल्ल पर्‍यो । अनि तुरून्तै मैले 'गोली हानेको होइन रहेछ' भनेर सबैलाई बोलाएपछि टाढा भागेका हजारौं जनताहरू फेरि प्लेन नजिक जम्मा भए । त्यतिबेलासम्ममा ब्रिटिश मिशनका मानिसहरू प्लेनबाट ओर्लेर मोटरमा चढिसकेका रहेछन् । त्यत्तिकैमा मलाई कसैले उठाएर त्यस मोटरमाथि बम्परमा राखिदिए । लगत्तै मैले विरोध-पत्र त्यो मिशनलाई दिइदिएँ । म घाउचोटले रगताम्य थिएँ । तर, त्यो मैले चाल पाइनँ । लगातार राणा शासनको विरोधमा नारा लगाइरहें । त्यसपछि मलाई गिरफ्तार गरी त्यही मोटरभित्र हुलेर लान खोजियो तर त्यहीं जन-समुदायबीच बसेका मेरा गुरूहरूले मलाई उनीहरूबाट खोसेर जोगाए ।

❑ **दिल्ली सम्झौताको विरोधस्वरुप २००८ सालमा नेहरुको नेपाल भ्रमणमा महिलाहरुले कालो झण्डा देखाएका थिए भनिन्छ ? त्यसमा तपाई पनि हुनुहुन्थ्यो ?**

-म त्यतिबेला यहाँ थिइनँ । तर, मैले सुनेअनुसार त्यतिबेला त्यस काण्डमा आठजना महिलाहरू पक्राउमा परेका थिए । तिनीहरूमा विष्णु केशरी, सावित्री श्रेष्ठ, पूर्ण खड्गी, श्री माया श्रेष्ठ (नेपाल महासंघकी कोषाध्यक्ष), इन्दिरा श्रेष्ठ, रेणुका श्रेष्ठ, शारदा (कामाक्षादेवीकी बहिनी) र आरती ।



इजरायलकी प्रधानमन्त्री श्रीमती गोल्डा मायरका साथमा (१९६२)

❑ **२००७ सालपछि तपाई कुनै राजनैतिक दलसंग नजिक बसेर काम गर्नु भएन ?**

-पुष्पलालहरूले भारतमा बोलाएर मलाई विचल्ली पारेदेखि मैले कम्युनिष्ट नेताहरूप्रति राम्रो धारणा बनाउन सकिनँ । त्यसैले म २००८ सालपछि नेपाली कांग्रेसको नजिक बसेर आन्दोलनमा लागें । तर, मलाई साम्यवादसित त त्यस्तो नफरत केही छैन । कांग्रेसको नजिक भए पनि म प्रत्यक्ष रूपमा सदस्यकै रूपमा कांग्रेसको राजनीतिमा कहिल्यै लागिनँ ।

❑ **तपाईले रेडियो नेपालमा कहिलेदेखि कहिलेसम्म काम गर्नुभयो ?**

-मैले २०१५ सालदेखि २०४८ श्रावण ६ गतेसम्म रेडियोमा काम गरें ।

❑ **नोकरीको अवधिभरि तपाई राजनैतिक क्षेत्रमा प्रत्यक्ष सहभागी बन्नु भएन ?**

-मैले २०४६ सालको जन-आन्दोलनमा त भूमिका निभाएँ नि । र, त्यस आन्दोलनको लगत्तै साहस गरिकन नै मैले रेडियो नेपालमा कर्मचारी संघ खोल्नमा महत्वपूर्ण भूमिका खेलें । त्यतिबेलासम्म त मेरो नोकरी नै ३१/३२ वर्ष पुगिसकेको थियो । तर अझै म ज्यालादारीमै थिएँ ।

❑ **स्थायी हुनु भएको थिएन ?**

-अहँ, एक पटक बीचमा अस्थायी गरिएको थियो । तर पछि पुनः ज्यालामा नै राखियो । म मात्र होइन रेडियोमा माइकसित काम गर्नेहरू जति छन् ती सबै नै ज्यालमा थिए ।

तर, ३५ वर्ष काम गरिसकेपछि गिरिजा सरकारको पालामा २०४८ श्रावण ६ गते मलाई बिनाकारण नोकरीबाट अवकास दिइयो ।

❑ **अब हामी वर्तमानमा आऔं, पैतृक सम्पत्ति छोरीले पनि पाउनु पर्छ भन्ने सवालमा तपाईको विचार के छ ?**

-पैतृक सम्पत्तिको सवाल गलत त म भन्दिन तर अहिले यो नारा उठाउने बेला भएको छैन भन्ने मलाई लाग्दछ । पहिले त महिलाहरूमा चेतना नै फैलाउनु पर्‍यो नि ! त्यस सम्बन्धमा अहिले त महिलाहरूको नै मनस्थिति बन्न सकेको छैन ।

❑ **तपाईको अहिलेको जीवन कसरी चलिरहेछ ?**

-हेर्नुस्, मैले त विवाह पनि गरेको छैन । मेरो बुबा २०१९ सालमा र आमा २०५० सालमा बित्नु भयो । मैले यो घर २०३३ सालमा किनेको हुँ । अहिले म यही घर भाडामा लगाएर त्यसको आम्दानी खाएर एक्लै बाँचिरहेको छु ।

❑ **अहिले तपाईको नोकरी पनि छैन, समय कसरी बिताइराख्नु भएको छ ?**

-साथीभाइहरूसंग रिसाएर, खुशाएर र गफगाफ गरेर ।

होइन ! आजकै अवस्था ल्याउनु थियो भने, लोकेन्द्र र सूर्यबहादुरलाई शासन गर्न दिनु छ भने हिजो त्यत्रो संघर्ष किन गर्नु परेको होला, जनताका छोराछोरीहरूलाई त्यत्रो बलिदान किन दिन लगाएको होला ?

> **ब्रिटिश मिशनको टोली बोकेको प्लेन मानिसहरुको भीडको कारणले उत्रन सकिराखेको थिएन । बल्ल दिउँसो २:३० बजेतिर त्यो प्लेन एयरपोर्टमा उत्र्यो ।**

हामीले २००७ साल अगाडिदेखि २०४६ सालसम्म नै प्रजातन्त्रको लागि संघर्ष गर्दै आयौं । तर, आज प्रजातन्त्र आएपछि पनि यस्तो भोग्नु पर्दा कस्तो मनस्थिति भयो होला ? तपाई नै भन्नुस् त !

यो बीचमा मैले केही किताबहरू लेखें र प्रकाशित पनि गरें ।

❑ **कुन कुन किताबहरु लेख्नु भयो ?**

-'सारंगीमा नअटाएको शुर' (कथा संग्रह- २०४२ तिर लेखेको), बोलाएँ विहानी मैले (कविता संग्रह), तेत्तीस पुतली (संस्मरण) र खाली हात (रेडियो नेपालमा काम गर्दाको संस्मरण) । अहिले पनि दुई तीनवटा किताबहरू छन् तर पैसाको अभावमा प्रकाशन गर्न सकिरहेको छैन ।

❑ **अबको आन्दोलनमा कसरी भाग लिने सोचाइ बनाउनु भएको छ ?**

-अब त धेरै कुरा सोच्नु पर्ने भएको छ । नेपालमा प्रत्येक आन्दोलन बीचैमा सम्झौताले बिग्रेको छ ।

२००७ सालमा दिल्ली सम्झौताले गर्दा परिवर्तन पछाडि पनि उही उही मानिसहरू सत्तामा रहे । त्यस्तै ०४६ सालमा पनि सम्झौता भयो, अहिले पनि हिजैका खुँखार जनविरोधी मानिसहरू सत्तामा छन् ।

त्यसैले अब त्यस्तो सम्झौता नहुने खालको संघर्ष हामी जनताले गर्नु परेको छ, अहिलेका नेताहरूलाई विश्वास गर्ने ठाउँ छैन ।

❑

*हिन्दूहरूको मात्र महान चाड विजयादशमी तथा शुभ दीपावलीको सुखद उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

**धौलागिरी सामुदायिक स्रोत विकास केन्द्र**

# पहाडको कृषि उत्पादन बढाउने गजबको उपाय

◆ मधुकर उपाध्याय
जलाधार विशेषज्ञ



सिङ्गै आधा नेपाल अहिले पनि पहाडमै बस्छ र उनीहरूको मुख्य जीविकाको स्रोत खेती हो । तर नेपालको पछौटेपनको एउटा मुख्य कारण के भइरहेछ भने, एक करोड जनसंख्याले जीवन धान्ने यो क्षेत्रमा गएको तीस वर्षदेखि कृषि उत्पादन हरेक वर्ष एक-एक प्रतिशतका दरले घट्दै गइरहेछ । जबकि, खाने मुख चाहिँ यही क्षेत्रमा हरेक वर्ष दुई प्रतिशतभन्दा पनि ज्यादा दरले बढ्दैछ ।

> अरबौं रुपियाँ खन्याइसक्यौं हामीले कृषि उत्पादन बढाउने नाममा । तर पनि खै त कृषि उत्पादन बढेको ?

आठ-आठ वटा पंच वर्षीय योजनाहरू गुजारिसक्यौं हामीले । हरेक पंच वर्षीय योजनामा कृषिलाई उच्च प्राथमिकता दिइएको छ । अरबौं रूपियाँ खन्याइसक्यौं हामीले कृषि उत्पादन बढाउने नाममा । तर पनि खै त कृषि उत्पादन बढेको ? यो त उल्टो घट्दै पो छ ! यसले देखाइरहेछ- हाम्रा लगानीहरू ठीक ठाउँमा परेका छैनन् र यी व्यर्थ भइरहेछन् । प्रतिफल दिने ठाउँमा र दिने ढंगले हाम्रा लगानीहरू भइरहेका छैनन् । हाम्रो लगानीको ढंग, क्षेत्र र दिशा- तीनवटै गलत भइरहेछ ।

नेपालका अधिकांश जिल्लाहरू पहाडी क्षेत्रमा पर्दछन् । यी जिल्लामा "अति ज्यादा पानी र अति थोरै पानी" को समस्या चरम रूपमा देखिन्छ ।

जेठदेखि भदौसम्म अति ज्यादा पानी पर्छ । हामी अखबारमा खबर देख्छौं- बाढीले यतिवटा गाउँ सिनित्तै बगायो, पहिरोले यति घर र यतिजना मान्छे गर्भमा पुऱ्यो । फलानो सडक नै पहिरोले पुऱ्यो, चिलानो पुल नै बाढीले बगायो, कुलेखानीको पानीले सिंगै सर्लाही बाढीग्रस्त भयो । हामी बाढी र पहिरो पीडितहरूका लागि खाना, लुगा र ओखती पठाउन तम्सिन्छौं, हामी प्रकृतिको प्रकोपले ग्रस्त ठाउँमा स्वयंमसेवा गर्न लम्किन्छौं ।

जब फागुन-चैत लाग्छ, पहाडका मूलहरू सुक्छन् । यता खडेरीले हाम्रो रिजर्भ्वाएरको पानी सिनित्तै सुक्छ । धारामा टुटी मात्र हुन्छ, टुटीबाट पानी आउँदैन । अखबारमा रित्तो धाराको कार्टून छापिन्छ र त्यसमा भनिन्छ- "हेर बाबु, यो कलधारामा उहिले उहिले पानी पनि आउँथ्यो !"

कुलेखानीको दहमा पानी सुकेर लोड शेडिङ शुरू हुन्छ । घाँसहरू मर्नाले दूध दहीको उत्पादन भसक्कै घट्छ र पाउडर मिसिएको ठसक्क गन्हाउने डेरीको दूध बजारमा आउन थाल्छ । ताजा हरिया तरकारीहरू बजारबाट गायब हुन्छन् । सफाइका लागि पर्याप्त पानी नै नहुनाले अनेकौं रोगहरू फैलन्छन् । यी सबै कुराले हाम्रो जन-जीवन दुर्दशाग्रस्त हुन्छ । पत्र-पत्रिकामा फेरि भँगेरा टाउके अक्षरमा यी दुर्दशाका खबरहरू देखिन्छन् ।

हामी अब वर्षादको प्रतिक्षामा व्यग्र हुन्छौं । असार लाग्छ, मनसुन आउँछ र फेरि हामी त्यही अति ज्यादा पानीको समस्याले दुर्दशाग्रस्त हुन्छौं । हिउँद सिद्धिन्छ, फेरि हामी "अति कम पानी" ले दुर्दशाग्रस्त हुन्छौं । यो कहिल्यै नटुंगिने दुष्चक्रमा हामी फन्फन्ती घुमिरहेछौं ।

पानी नेपालको सबैभन्दा महत्वपूर्ण प्राकृतिक स्रोत हो । यो प्रकृतिबाट हामीलाई सित्तैमा प्राप्त छ । तर यही पानीको सही व्यवस्थापन गर्न नसक्नाले दुई भिन्न समयमा हामीलाई पानीले नै समस्याग्रस्त पारिरहेछ । कहिले अति ज्यादा पानीले, कहिले अति थोरै पानीले ।

पहाड र तराई दुबै ठाउँमा जनताको जीवनका धेरैजसो प्रमुख समस्याहरू पानीसँगै सम्बन्धित छन् । हाम्रा चारवटा विकासका प्राथमिकता छन्: खानेपानीको आपूर्ति, सिंचाई, विद्युत र सडक । यी चारवटामध्ये तीनवटा पानीसँगै सम्बन्धित छन् ।

तर आकाशबाट मनसुनमार्फत् जुन पानी हामी पाउँछौं, त्यो असीमित छैन । नेपालमा जेठदेखि भदौसम्म जुन मनसुन वर्षा हुन्छ, त्यो साठीदेखि असी दिनसम्मको हुन्छ । वर्षभरिमा जुन वर्षा हुन्छ, त्यसमध्ये लगभग ८० प्रतिशत वर्षाको पानी यही साठीदेखि असी दिनसम्मको मनसुन वर्षाबाट प्राप्त हुन्छ । र, त्यो चार महिनाको अवधिमा प्राप्त हुन्छ । तर वर्षाको साराका सारा पानी हाम्रो काममा आउँदैन । धेरैजसो पानी उत्तिकै बगेर जान्छ, केही वाफ भएर उड्छ, केही रूख विरूवाले सोस्छन् र पातमार्फत् फेरि वातावरणमै उडेर जान्छन्, केही अन्य प्राकृतिक प्रक्रियामा खर्च हुन्छन् । खालि वर्षाको सानो अंश मात्र भूगर्भमा पस्छ र माटोमा मिल्छ । यही पानी बोट विरूवा र सारा जीवजन्तुको प्राण धान्न लगातार काममा आउँछ ।



> ललितपुरको केही पहाडी क्षेत्रमा मूलको पानीको वैज्ञानिक सिद्धान्तलाई एउटा प्रविधि अप्नाएर व्यवहारमा प्रयोग गरिहेर्दा त्यसले अद्भूत नतिजा निकालेको छ ।

हामी मूलहरूबाट जुन पानी आएको देख्छौं, त्यो यही भूगर्भ वा माटोमा पसेको गतः वर्षाको पानी हो । त्यो पृथ्वीको कुनै भागबाट माटोभित्र पस्छ, भित्र प्रकृतिमा त्यसको भण्डारन हुन्छ र पृथ्वीकै कुनै अर्को भागबाट त्यो मूल भएर निस्कन्छ । ट्यूबवेल र इनारको पानी पनि त्यही पृथ्वीभित्र भण्डारन भएको वर्षाको पानी हो । ताजा पानी भन्ने त्यस्तो कुनै कुरा संसारमा हुँदैन । हरेक मूलको पानी विगत वर्षातको पानी हो । प्रकृतिले भण्डारन र फिल्टर गरेर त्यो हामीलाई दिएको मात्र हो ।

त्यसैले, मूलको पानीको वैज्ञानिक नियम के हो भने, अति ज्यादा पानी भएको बेला भूगर्भभित्र ज्यादाभन्दा ज्यादा वर्षाको पानी छिराउन र भण्डारन गर्न सकियो भने अति कम पानी हुने सुख्खा याममा हामी मूलबाट ज्यादाभन्दा ज्यादा पानी पाउन सक्छौं । जमीनमाथि जति सक्यो ज्यादा मनसुन वर्षाको पानी भण्डारन गर्न सक्यौं भने, हामी भूगर्भभित्र ज्यादाभन्दा ज्यादा पानी

छिराउन र जम्मा गर्न सक्छौं ।

छोटोमा भन्ने हो भने- वर्षा अवधिको "अति ज्यादा पानी"को राम्रो व्यवस्थापन गर्ने हो भने, खडेरी अवधिको "अति कम पानी"का समस्या राम्रोसित हल गर्न संभव छ ।

बस्, हामीले ललितपुरका केही पहाडी क्षेत्रमा यही मूलको पानीको वैज्ञानिक सिद्धान्तलाई एउटा प्रविधि अप्नाएर व्यवहारमा प्रयोग गरिहेर्‍यौं । त्यहाँ त्यसले अद्भूत नतिजा निकालेको छ । त्यहाँको कृषि उत्पादन भइराखेकै मल, बीउ र प्रविधिबाट वर्षे पानीको व्यवस्थापन मात्र गर्नाले २५ देखि ५० प्रतिशतसम्म बढेको देखिएको छ । दश भारी मकै आउने ठाउँमा यही प्रविधिबाट उत्तिकै तेह्रदेखि पन्ध्र भारीसम्म मकै आएको देखिएको छ । एक हेक्टरमा मुश्किलले दुई हजार केजी मकै फल्ने ठाउँमा अहिले सत्ताइस सय केजी मकै फल्न थालेको छ । वर्षामा घिरौंला, काँक्रो, फर्सी, अलि अलि उमारी खाने र हिउँदमा शहरबाट तरकारी उत्पादन गरी खाने पहाडी गाउँहरू अहिले एकै वर्षमा एक लाखको तरकारी बेच्ने ल्याकतमा पुगेका छन् ।



तपाई अहिले नेपालको पहाडी क्षेत्रमा छत्तीसै जिल्लाको कृषि उत्पादनको चार्ट-हेर्नुहोस् । तपाई पहाडी क्षेत्रका पैतीसै जिल्लाको कृषि उत्पादन, विशेष गरी मकैको उत्पादन दुई दशकैदेखि घटिरहेको पाउनु हुनेछ । सन् १९८८ सम्म त ललितपुरको पनि घटिरहेको पाउनु हुनेछ । तर एक्कासि १९८९ देखि त्यहाँको कृषि उत्पादन ह्वात्तै बढेको देखिन्छ र त्यो लगातार बढी नै रहेको देखिन्छ । १९९३ मा देशभरि बाढी पहिरो गएको बखत त्यहाँ पनि केही प्रभाव पर्‍यो र उत्पादन घट्यो । तर चौपट्टै घट्दा पनि ललितपुरको कृषि उत्पादन अरू सबै पहाडी जिल्लाभन्दा माथि देखिन्छ ।

स्मरणीय छ, सन् १९८९ भनेको हामीले ललितपुरमा जमीनमाथि वर्षाको पानी भण्डारन गर्ने प्रविधि प्रयोग गर्न थालेको एक वर्षपछिको साल हो ।

> पोखरी प्रविधि हाम्रा सारा पहाडी क्षेत्रका लागि सबैभन्दा सस्तो र सरल, तर सबैभन्दा प्रभावकारी, खेती उब्जनी बढाउने, पहिरो रोक्ने र वातावरण हराभरा पार्ने वैज्ञानिक प्रविधि हुन सक्छ

यसले त्यहाँ कृषि उत्पादन मात्र बढाएको होइन, अरू चमत्कारहरू पनि गरेको छ । त्यो के भने, यो प्रविधि प्रयोग गरे जति सबै ठाउँमा केही पनि नगरी तार जाली नै नलगाई पहिरो ड्याम्मै रोकिएको छ । पहिरो रोकिएको धरातलमा वृक्षारोपण नै नगरी रूख बिरूवाहरू हलक्क उम्रन थालेका छन् । पानीको मूलहरूको दिगोपन बढेको छ ।

के हो त त्यस्तो अदभूत नतिजा निकाल्ने प्रविधि ? कसरी त्यसले यस्तो चमत्कारिक परिणाम निकाल्यो ? किन ललितपुरमा मात्रै कृषि उत्पादन बढ्दैछ ?

## पोखरी प्रविधि

नतिजा यसको अदभूत छ, तर नेपालको निम्ति यो बिलकुलै नयाँ प्रविधि होइन । यो नेपालकै पहाडी गाउँहरूमा पहिले पहिले अत्यन्त प्रचलित अनि सरल प्रविधि हो । कलधारा आएपछि यो प्रविधि स्वत: हराउँदै गएको थियो । हामीले त्यही परम्परागत बुद्धिमानीमा आधारित नेपालकै प्राचीन प्रविधिलाई फेरि ब्यूँझाएका मात्रै हौं ।

त्यो प्रविधि हो- पोखरी प्रविधि । पहाड-पर्वत, डाँडा डाँडामा सकेजति ठाउँमा पोखरी खनेर त्यहाँ वर्षाको पानी भडारन गर्ने प्रविधि ।

हाम्रा पुर्खाहरू कलधारा नभएको बेलामा यस्तै पोखरीहरू डाँडा डाँडामा बनाएर त्यहाँ वर्षाको पानी जम्मा गर्थे । यस्तो पोखरी मूलत: आहालको निमित्त प्रयोग हुन्थ्यो- भैंसी नुहाउनको निम्ति । साथै, गाईबस्तुलाई पानी खुवाउन, लुगा र भाँडावर्तन धुन र करेसाबारीमा पानी लाउनको निम्ति पनि यसको प्रयोग हुन्थ्यो । यस्तो पोखरीको विस्तृत वैज्ञानिक उपादेयता हाम्रा पुर्खाहरूलाई थाहा नभएको हुन सक्छ । तर आहाल बनाउने, पोखरी बनाउने चलन हाम्रा पहाडी गाउँ-घरमा व्यापक रूपमा पाइन्छ ।


घर घरमा वा छर-छिमेकमा कलधारा आएपछि भैंसीको आङमा सिधै पाइपको पानी खन्याउन पाइयो । गाई-बस्तुलाई पनि पाइपकै पानी खुवाउन पाइयो । लुगा र भाँडावर्तन धुन पनि पोखरी चाहिएन । करेसाबारीमा पानी लाउन पनि पोखरी चाहिएन । त्यसपछि त आहाल र पोखरीको उपादेयता हराउँदै गयो । बेवास्ताले गर्दा आहाल र पोखरीहरू पुरिँदै गए । कतिपय ठाउँमा आहाल र पोखरीहरू गायबै भए ।

तर हामीले आफ्नो प्रयोगबाट देख्यौं- घर घरमा, छरछिमेकमै कलधारा आए पनि पोखरी प्रविधि हाम्रा सारा पहाडी क्षेत्रका लागि सबैभन्दा सस्तो र सरल, तर सबैभन्दा प्रभावकारी खेती उब्जनी बढाउने, पहिरो रोक्ने र वातावरण हराभरा पार्ने वैज्ञानिक प्रविधि हुन सक्छ । विश्वभरिकै

> पोखरी प्रविधि यस्तो प्रविधि हो, जसको लागि कुनै विदेशी दाता एजेन्सीको दया चाहिँदैन । कुनै डलरको थैली चाहिँदैन । यो प्रविधिको प्रतिफल हात पार्न आठ दश वर्ष पर्खनु पनि पर्दैन ।



## ललितपुर जिल्लामा उत्पादकत्व कसरी बढ्दैछ ?




पहाडी क्षेत्रका लागि यो प्रविधि वरदान साबित हुन सक्छ। "अति ज्यादा पानी" लाई उचित व्यवस्थापन गरेर "अति कम पानी" को समस्या हल गर्ने सिद्धान्तमा आधारित यो पोखरी प्रविधि जोसुकैले जुनसुकै बेला जहाँसुकै पनि प्रयोग गर्न सक्ने प्रविधि हुन सक्छ।

यो यस्तो प्रविधि हो, जसको लागि कुनै विदेशी दाता एजेन्सीको दया चाहिँदैन। कुनै डलरको थैली चाहिँदैन। यो प्रविधिको प्रतिफल हात पार्न आठ दश वर्ष पर्खनु पनि पर्दैन। कुनै पनि पहाडी क्षेत्रमा डाँडामाथि यो वर्ष पोखरी बनाउनु होस् वर्षा अगाडि, तपाईं तुरुन्तै अर्को वर्ष नै यसको प्रतिफल हात पारिहाल्नु हुनेछ। कुनै महँगो मेशीन किन्नु पर्दैन यसको लागि, सिर्फ पोखरी बनाउने विचार भए पुग्छ र ठाउँ छनौटमा ध्यान दिए पुग्छ। तपाईं व्यक्तिगत जमीनमा सानो एक दुई मीटर लम्बाइ-चौडाइ-गहिराई भएको पोखरी पनि बनाउन सक्नु हुन्छ। आठ-दश छिमेक मिलेर ठूलै सामूहिक पोखरी पनि बनाउन सक्नु हुन्छ। गाउँ सिंगै मिलेर विशाल पोखरी पनि बनाउन सक्नु हुन्छ।

**डाँडा डाँडामा वर्षाको "अति ज्यादा पानी" पोखरीमा जम्मा भएपछि त्यसको एक साथ थुप्रै महत्वपूर्ण असर हुँदो रहेछ !**

**जाबो एउटा पोखरीले कृषि उब्जनी पनि पच्चीसदेखि पचास प्रतिशत बढाउने, पहिरो पनि ड्याम्मै रोक्ने र हरियाली पनि उत्तिकै बढेर आउने कसरी होला त ? के हो यस चमत्कारको वैज्ञानिक रहस्य ?**

### चमत्कारको रहस्य

जाबो एउटा पोखरीले कृषि उब्जनी पनि पच्चीसदेखि पचास प्रतिशत बढाउने, पहिरो पनि ड्याम्मै रोक्ने र हरियाली पनि उत्तिकै बढेर आउने कसरी होला त ? के हो यस चमत्कारको वैज्ञानिक रहस्य ? हरेकको मनमा प्रश्न उठेको हुनुपर्छ र प्रश्न उठ्नु पनि स्वाभाविक छ।

हामीले हाम्रो प्रयोगबाट के देख्यौं भने, डाँडा डाँडामा वर्षाको "अति ज्यादा पानी" पोखरीमा जम्मा भएपछि त्यसको एक साथ थुप्रै महत्वपूर्ण असर हुँदोरहेछ !

पहिलो कुरा त, पोखरीमा जम्मा भएको पानी उत्तिकै जमीनमा अडी राख्दोरहेनछ। त्यो पानीको केही भाग लगातार जमीनभित्र रसाएर भित्र भूगर्भमा पसिरहेको हुँदोरहेछ। यसले भूमिगत जलभण्डारलाई रिचार्ज गर्दोरहेछ। भनाइको मतलब, भूगर्भमा वर्षाको पानी पुन: भण्डार हुन पुग्दोरहेछ। यसबाट पोखरी वरपर र तलको जमीनमा चिस्यान पैदा हुँदोरहेछ। यो जग जाहेर कुरा हो कि, चिस्यानमा बोट विरूवा र सागपात बेसी सप्रन्छन् र उब्जनी स्वभावत: बेसी हुन्छ। चिस्यान भएपछि मकै र गहुँ छर्न आकाशको वर्षा पर्खिराख्नै परेन। वर्षा पर्खेर बीस पच्चीस दिनपछि बेटाइममा छर्ने गहुँ र मकै अब तपाईं बीस पच्चीस दिन अगाडि टाइममै छर्न सक्नुहुन्छ। टाइममा छर्न पाएको र बेलैमा चिस्यान पनि पाएको गहुँ र मकै त्यो नपाउने बालीको तुलनामा बेसी फल्नु बिलकुलै स्वभाविक कुरा हो।

अर्कोतिर, पोखरीले गर्दा भित्र भूगर्भमा पानीको भण्डार बढेपछि मूलबाट आउने पानीको मात्रा पनि अवश्यमेव बढ्दोरहेछ। खालि पानीको मात्रा होइन, पानी आउने अवधि पनि लम्किदोरहेछ। फागुनमै सुक्ने मूल वैशाखमा मात्र सुक्ने हुँदो रहेछ। मूलमा पानीको मात्र बढेपछि र त्यो अलि पछिसम्म टिक्ने भएपछि कुलो पैनीको मात्रा बढेपछि र त्यो अलि पछिसम्म टिक्ने भएपछि कुलो पैनीमा स्वभावत: पानी बढ्ता हुने भयो। सिंचाई अलि लामो समयसम्म उपलब्ध हुने भयो। यसबाट धान, मकै, गहुँ सबै बढ्ता फल्ने भए। हरिया घाँसपात खेतबारीमा अलि पछिसम्म पाइने भए। गाईवस्तुले बेसी समयसम्म हरिया घाँस पात खान पाएपछि दूध, दही, घ्यूकै उत्पादन बढ्ने भयो। किसानहरूको खल्तीमा बेसी पैसा जम्मा हुने भयो। कुलो पैनीमा पानी बढ्ता भएपछि हरिया सागपात, तरकारी बेसी र पछिसम्म उमार्न



सकिने भयो । नगदे अफ-सिजन-तरकारी खेती नै लाउन सकिने भयो । यसबाट पनि किसानहरूको आयस्तर अरू सुध्रने भयो । अर्कातिर, पानी राम्ररी प्राप्त हुने भएपछि पहाडी गाउँलेहरूको सफाइ र स्वास्थ्यमा पनि बढोत्तरी आउने भयो ।

पोखरीले गर्दा ह्वात्तै उब्जनी बढ्नुको अरू पनि वैज्ञानिक कारण रहेछन् । हाम्रा पहाडका आमा दिदी बहिनीहरू कुनै पनि दिन नबिराएर घाँस स्याउला गर्छन्, वस्तुलाई सोत्तर बिछ्याउँछन् र भकारो सोर्छन् । हरेक दिन उनीहरूको कम्तीमा तीन घण्टा यही काममा खर्च हुने गर्छ । उनीहरूको परिश्रमको मूल्य राख्ने हो भने, कम्तीमा तीस रूपियाँ पर्न जान्छ उनीहरूको यति श्रमशक्तिको । यसरी वर्षभरिको उनीहरूको परिश्रमको मूल्य जोड्ने हो भने, एक डंगुर मलको कम्तीमा दश हजार रूपियाँ पर्न जान्छ । यो दश हजार रूपियाँ बराबरको मल उनीहरू बारीमा हाल्छन्, तर मकै आउँछ जम्मा पच्चीस सय तीन हजारको । दश हजार रूपियाँ खर्च गरेर त्योभन्दा तीन गुणा कम नगद हात लागेपछि कसरी उँभो लाग्छ हाम्रो गाउँले जनजीवन ? कसरी सुधिन्छ गाउँको आय स्तर ?



यति धेरै महँगो मल राखेर पनि उब्जनी त्योभन्दा सारै कम हुनुको कारण खोतल्दा के पाइयो भने, भिरालो जमीनमा राखिएको मलमा भएका पोषक तत्वहरू वर्षाको भेलले भसक्कै बगाएर लाँदोरहेछ । भिरालो डाँडाको जग्गामा त यस्तो प्रक्रिया सबैभन्दा तीव्र हुँदोरहेछ । मल हाल्यो- पानीले बगायो- यही प्रक्रियाले गर्दा पहाडी क्षेत्रमा उत्पादकत्व घटिरहेको, हाम्रो परिश्रम व्यर्थमा गइरहेको हामीले देख्यौं । पोखरीले त्यो प्रक्रिया ठ्याक्कै रोक्दो रहेछ । पानी आए जति पोखरीमा जम्मा हुने र भल भएर बारीमा नबग्ने भएपछि बारीमा राखिएको मलको पोषक तत्व बारीमै अडिराख्दो रहेछ । अझ, गरा सम्याई दिने हो भने, पोषक तत्त्व बग्ने खतरा झनै कम हुँदो रहेछ । मलको पोषक तत्व सिधै बोटविरूवाले पाएपछि बोटविरूवा त निश्चितै रूपमा सप्रिने नै भए । फसल तिनले बढ्ता नै दिने भए । एक घोगो मकै फल्ने बोटमा दुई घोगो फल्ने भयो । सानो घोगो मकै फलाउने बोटले ठूलो घोगो फलाउने भयो । चार पाथी गहुँ दिने बारीले छ भारी दिने भयो । बिना रासायनिक मल पोखरी प्रविधिले उब्जनी ह्वात्तै बढाउनुको अर्को रहस्य यो रहेछ ।

**पोखरीमा पानी जम्मा भएपछि जमीन झन् बढी रसिलो हुन्छ र त्यो भत्केर जाने संभावना झन् बढी हुन जान्छ भन्ने सोचाइ मानिसहरुको थियो । तर भट्टेडाँडाको त्यो भैंसे पहिरोमा यो कुरा ठ्याक्कै उल्टो भयो**



चित्रः ललितपुरको भैंसेको पहिरो यस्तो डरलाग्दो थियो । (माथि) तर पोखरी प्रविधि अपनाएपछि त्यहाँ अहिले हरियाली छाएको छ, पहिरोको नामोनिशान छैन (तल)

पोखरी प्रविधिले खालि कृषि उत्पादन बढाउने मात्र होइन, वातावरण र किसानहरूको अनावश्यक श्रम जोगाई दिने काम पनि गर्दोरहेछ । कसरी भने, माटो र मलको धेरैजसो पोषक तत्त्व वर्षाको भेलले बगाएपछि उत्पादन बढाउन र उति नै उत्पादन कायम राख्न पनि बढ्ता मल हाल्नु पर्ने हुन्छ । बढ्ता मलको लागि बढ्ता गाईबस्तु पाल्नु पर्ने हुन्छ, बढ्ता स्याउला- सोत्तर काट्नु पर्ने हुन्छ, पोखरी प्रविधिले यस्तो गर्नु नपर्ने पारिदिंदो रहेछ । हालेको मलको पोषक तत्त्व बारीमा नै अडेपछि धेरै मल हाल्नै परेन, थोरै मलले पनि काम चल्ने भयो । थोरै मलको लागि थोरै गाईवस्तु पाले पुग्यो, थोरै स्याउला सोत्तर काटे पुग्यो । यसरी अप्रत्यक्ष रूपमा पोखरी प्रविधिले वन र बारीका हरिया बोट विरूवाहरू जोगाई दिंदोरहेछ । किसानहरूको व्यर्थ श्रम बचाउने काम पनि गर्दोरहेछ ।

अब जाउँ, पोखरी प्रविधिले कसरी पहिरो रोक्छ भन्नें सवालतिर । यतिन्जेल हाम्रो विश्वास के थियो भने, रूख र घाँस पहाडहरूमा रोप्यौं भने पहिरो रोकिन्छ । यही ठानेर हामीले गतः तीन दशकमा काफी वृक्षारोपण गर्‍यौं । थुप्रै ठाउँमा राम्रो सामुदायिक वनको व्यवस्थापन पनि गर्‍यौं । तथापि, हामीले देख्यौं- पहिरो त अझै पनि गएको गयै छ । पहिरोलाई वृक्षारोपणले थोरै मात्र रोक्दो रहेछ । अनेकौं ठाउँमा के देखिएको छ भने, वृक्षारोपण भएकै ठाउँमा पनि पहिरो गएको छ । यसबाट के सिद्ध भएको छ भने, वृक्षारोपणले पहिरो रोक्छ भनेर हामीले आवश्यकताभन्दा धेरै बढ्ता प्रचार गरेछौं । यथार्थमा वृक्षारोपण गरिएको विरूवा तब मात्रै हुर्किन सक्दोरहेछ, जब त्योमुनिको धरातल स्थिर रहन्छ । धरातल चल्न थालेपछि विरूवा हुर्किने संभावना नै नहुँदो रहेछ । धरातल चल्न रोक्नको लागि भिरालो जमीनमा अति ज्यादा पानी हुन नदिनु पर्दोरहेछ । पहिरोका अरू पनि कारण छन्, तर पहिरोको मुख्य कारण चाहिँ भिरालो जमीनमा अति ज्यादा पानी बग्नु रहेछ ।

**वृक्षारोपणले पहिरो रोक्छ भनेर हामीले आवश्यक्ताभन्द धेरै बढ्ता प्रचार गरेछौं ।**

पोखरी प्रविधिले भिरालो जमीनमा अति ज्यादा पानी बग्नबाट ठ्याक्कै रोक्दो रहेछ । नाका नाका छानेर पोखरी बनाई दिएपछि भिरालोमा बगेर जाने अति ज्यादा पानी पोखरीमा जम्मा हुन पुग्दो रहेछ । यसरी अति ज्यादा पानी बग्न रोकिएपछि पहिरो केही पनि नगरी आफैं थामिंदो रहेछ ।

पहिरो थामिएपछि र धरातल बग्न छोडेपछि वृक्षारोपण नै नगरे पनि धरातलमा रूख विरूवाहरू उत्तिकै उम्रेर आउँदा रहेछन् । केही वर्षमा त्यहाँ वृक्षारोपण गरेसरह भ्याम्मै रूख विरूवा भइसक्दो रहेछ । भुइँ घाँस प्रशस्तै उम्रदो र सप्रँदो रहेछ । रूख विरूवा र भुइँ घाँस प्रशस्तै भएपछि वस्तुपालन निकै फष्टाउने कुरा त स्वतःसिद्ध छ ।

पोखरी प्रविधिले खालि पहिरो मात्र रोक्ने होइन, खोलाले जमीन कटान गर्ने समस्या पनि कम पार्दो रहेछ । बगिरहेको पानीमा माटो र गेगर थपिएपछि बाढीको भूस्खलन गर्ने अथवा जमीन कटान गर्ने क्षमता बढ्दो रहेछ । यदि

**त्यहाँको सबै जग्गाको मूल्य करीब दश लाख पर्न सक्थ्यो तर बाँध बाँध्नको लागि बीस पच्चीस लाख ।**

खोलामा वा बाढीमा थिग्रेनी बगेर आएको छैन भने, त्यसले जमीन कटानको संभावना कम राख्दो रहेछ, विशेष गरी सानो जलाधारमा । पोखरी प्रविधिले जलाधारबाट तल झर्ने खोलामा माटो, गेगर, वा थिग्रेनी मिसिने संभावनालाई निकै कम पार्दोरहेछ । यसरी यसले नदी किनाराको भूस्खलन समस्यालाई पनि कम पार्दोरहेछ । यसको सोझो फाइदा त किसानलाई हुने नै भयो । खोलाले जमीन नकाट्दा सबैभन्दा बेसी लाभान्वित हुने त खोला छेउको किसान नै हो ।

## कसरी थाहा पायौं ?

पोखरी वा आहालको यस्तो महत्वको कुरा पहिले कसैले अनुभव नै गरेका थिएनन् । हामीलाई पनि यो कुरा थाहा थिएन । जब हामीहरू गाउँमा घुम्न थाल्यौं, तब यसबारे हामीले केही विचार गर्न थाल्यौं । धारा आइसकेपछि पनि गाउँघरका मानिसहरूले व्यक्तिगत रूपमा र सामूहिक रूपमा धारबाट आएको पानी जम्मा गर्न पोखरी बनाइराखेका रहेछन् । व्यक्तिगत रूपमा पोखरी बनाइराखेका व्यक्तिहरूले त्यसबाट निक्कै फाइदा उठाइराखेको पनि देख्यौं । उनीहरूले त्यस पोखरीबाट सिंचाई गर्ने, लुगा धुने, भाँडाकुँडा माझ्ने काम गर्ने गर्दथे । साथै सानोतिनो आगलागीबाट बच्न पनि त्यो पानी काममा आउने भयो । पानी भएपछि सागपात उमार्न पनि त्यहाँ निक्कै ठूलो मद्दत पुगेको थियो ।



पोखरी प्रविधि साँच्चिकै उपयोगी छ, यसले हाम्रो मुहारमा मुस्कान ल्याइदिएको छ !: पोखरी प्रविधिबाट लाभान्वित महिलाहरु

यो कुरा देखेपछि हामीले पनि त्यो पोखरी प्रविधिलाई प्रोत्साहित गर्ने विचार गर्‍यौं । ललितपुरको भट्टेडाँडामा एउटा ठूलो गल्छी थियो र त्यसको माथि पहिरो थियो । जसलाई भैंसे पहिरो भनिन्थ्यो । त्यहाँ दश बाह्रवटा घरहरू थिए र दुई तीनवटा घरहरू पहिरोमा जानै लागेका थिए । त्यहाँका मानिसहरूले त्यहाँको पहिरो रोक्नको लागि बाग्मती जलाधार योजनासँग अनुरोध गरे । तर त्यो पहिरो रोक्नको लागि बीस पच्चीस लाख रूपैयाँ आवश्यक पर्‍यो । हामीसँग त्यति रूपैयाँ पनि थिएन र त्यहाँको जम्माजम्मी जग्गाको मोलभन्दा पनि त्यहाँ पहिरो बाँध बाँध्नको लागि पैसा बढी पर्‍यो । भनौं, त्यहाँको सबै जग्गाको मूल्य करीब दश लाख पर्न सक्थ्यो तर बाँध बाँध्नको लागि बीस पच्चीस लाख । तै पनि त्यो पहिरो त रोक्नै पर्ने स्थिति थियो ।

त्यहाँको निरीक्षण गर्दै जाँदा हामीले त्यहाँ एउटा पुरानो पोखरीको अवशेष देख्यौं । त्यहाँका मान्छेहरूसँग सोद्धा पहिला त्यहाँ पोखरी भएको र पछि पुरिँदै गएको कुरा थाहा पायौं । र, पोखरी हुँदा त्यहाँ पहिरो नगएको पनि थाहा पायौं । अब हामीले के अनुमान गर्‍यौं भने- पहिले त्यहाँ पोखरी हुँदा वर्षाको पानी सबै त्यसैमा जम्मा हुँदो हो । पछि पोखरी पुरिँदै गएपछि पानीको भल बग्न थाल्यो होला र अलि अलि गर्दै पहिरो जान थाल्यो होला । फेरि पहिरो भन्ने कुरा अलि अलि हुँदै झन् झन् ठूलो हुँदै जाने कुरा हो । यस प्रकार पहिरो रोक्छ नै भनेर निश्चित भएर त होइन, तै पनि हाम्रो अनुमान सही छ कि छैन भनेर जाँच्न र पहिरो रोक्न यसले केही मद्दत गर्छ कि गर्दैन भनेर प्रयोग गरिहेर्न हामीले त्यो पोखरी खन्न शुरू गर्‍यौं । पोखरीमा आउने गोरेटो, जहाँबाट पहाडमा पानी बगेर आउने गर्छ त्यहींबाट पानी ल्याएर पोखरीमा हालिदियौं र गोरेटोलाई खिइनबाट जोगाउन ढुंगा छापिदियौं । तर आश्चर्य, यसरी वर्षामा बगेर जाने पानी पोखरीमा जम्मा भएपछि अर्को वर्षामा त्यो पहिरो जान ठ्याक्कै रोकियो । त्यसपछि नै हामीले बगेर आउने पानीले नै पहिरो जाने रहेछ भन्ने कुरा प्रयोगबाटै बुझ्यौं । तर यो कुरा धेरै मान्छेले पत्याउने कुरा पनि भएन । पोखरीमा पानी जम्मा भएपछि जमीन झन् बढी रसिलो हुन्छ र त्यो भत्केर जाने संभावना झन् बढी हुन जान्छ भन्ने सोचाइ मानिसहरूको थियो । तर भट्टेडाँडाको त्यो भैंसे पहिरोमा यो कुरा ठ्याक्कै उल्टो भयो । वास्तवमा पहाडमा माथिबाट पानी बहँदै बहँदै आएर तल तल हुँदै झन झन् ठूलो हुँदै आउने र त्यसले गर्दा नै पहिरो जाने रहेछ त भन्ने कुरा हामीले व्यवहारबाटै अनुभव गर्‍यौं ।

त्यहाँ पानीको व्यवस्थापन गर्दा त्यस पहिरो वरिपरिका गराहरू पनि हामीले सम्यायौं ताकि भिरालो जमीनमा पानी बहेर नजाओस्, त्यो जमीनभित्रै जाओस् । यसले गर्दा एकातिर पहिरो जोगियो, दोस्रो, गराहरूमा उत्पादन पचास प्रतिशत बृद्धि भयो । अब यो उत्पादन कसरी बृद्धि भयो भन्ने कुरामा हामीले के अनुमान गर्‍यौं भने- पहिले गराहरूमा मल राखिन्थ्यो, डाँडामाथिबाट बगेर आएपछि त्यो मल पनि छोक्रा छोक्रा बाँकी राखेर मलको रस मात्र बगेर जाँदो रहेछ । जब हामीले गराहरू सम्यायौं, तब पानी बग्ने क्रम रोकियो र मलको रस बगेर जाने क्रम पनि रोकियो । यसले गर्दा नै त्यहाँ केही पनि नगरी सिर्फ पोखरी प्रविधिबाट पचास प्रतिशत उत्पादन बढेको हो । यसले भट्टेडाँडाका किसानहरूलाई दुईवटा कुरा फाइदा भयो । एउटा, पहिरो जान रोकियो । दोस्रो, उत्पादन ह्वात्तै बृद्धि भयो । यो सबै काम त्यही एउटा पोखरीले गरेको थियो ।

अहिलेसम्मको हाम्रो समझदारी के थियो भने- पहिरो चलेको रोक्न रूख लगाउनु पर्छ, पहिरो चल्यो भने, घाँस लगाउनु पर्छ । तर माथिबाट पानी बहेर आउँदा छरेको बीउ त अड्दैन भने रोपेको रूख र घाँस कसरी अड्न सक्छ ? पहिले धरातल अड्नु पर्‍यो, अनि मात्रै त्यहाँ केही उम्रिन्छ । उम्रिसकेपछि जरा बलियो हुँदै जान्छ र धरातल बलियो हुँदै जान्छ । भट्टे डाँडामा पनि एक वर्ष पहिरो नगएपछि दोस्रो वर्ष घाँस बिरूवाहरू त्यसै उम्रेर आए । तीन चार वर्षमा त उत्तीस पनि बढेर आउन थाल्यो । उत्तीस बढ्न थालेपछि पहिरोलाई टेवा नै नदिईकन पहिरो रोकियो । यसले गर्दा हामी पनि प्रभावित भयौं र गाउँलेहरू पनि प्रभावित भए । अब यो पोखरीको प्रविधि अन्त पनि लान सकिन्छ र अन्त पनि यसले फाइदा गर्छ भन्ने कुरामा हामी सहमत भयौं ।

**भट्टेडाँडाका किसानहरुलाई दुईवटा कुरा फाइदा भयो । एउटा, पहिरो जान रोकियो । दोस्रो, उत्पादन ह्वात्तै बृद्धि भयो ।**

त्यसपछि हामीले यो प्रविधि ललितपुरकै भारदेव भन्ने गाउँमा प्रयोग गर्‍यौं । त्यहाँ डाँडाको टुप्पादेखि तलसम्म एउटा ठूलो गल्छी थियो । त्यसले खास अरू कुराहरू नबिगारे पनि अलि अलि खेत कटान गरेर लगिसकेको थियो । त्यो गल्छीमा एउटा गोरेटो पनि थियो । पानी परेको बेलामा त्यहाँ ठाडो खहरे बगेर मान्छेहरू त्यसलाई पार गर्न आधा घण्टा जति पर्खनु पर्थ्यो, नभए त्यसले मान्छे बगाउन पनि सक्थ्यो रे ! त्यो गल्छीको छेउमा एउटा घर पनि थियो । कटानले गर्दा गल्छी बढ्दै गएकोले त्यसबाट त्यो घर जोगाइदिनु पर्‍यो भनेर हामीलाई अनुरोध आयो । हामीले त्यहाँ पहिलो पटक चेक ड्यामहरू बनाउने कामहरू गर्‍यौं । तर त्यो ड्यामहरू कुनै पनि राम्रोसंग रहेन । त्यसले कामै दिन सकेन । त्यसपछि त्यहाँ



जलाधार विशेषज्ञ मधुकर उपाध्याय पोखरी प्रविधिबारे जानकारी प्रदान गर्नुहुँदै

**म यति मात्र आग्रह गर्छु कि, सरकारले आफ्नै विशेषज्ञहरुमार्फत् एउटा भरपर्दो अनुसन्धान गरोस्- किन नेपालका तमाम पहाडी जिल्लाहरुमध्ये ललितपुरको कृषि उत्पादन मात्रै यति जोडले बढ्दैछ ?**

पनि पोखरी बनाएर हुन्छ कि भनेर हामीले प्रयोग गरिहेऱ्यौं । गल्छीको थाप्लामै गएर एउटा पोखरी खन्यौं । माथिबाट आउने पानी कटाएर लगेर जम्मै पोखरीमा हाल्यौं । अर्को वर्ष त्यो गल्छी पनि ठ्याक्कै अड्यो र ड्यामहरू पनि जस्ताकोतस्तै अड्यो । यसबाट हामीमा झन् बढी आत्मविश्वास बढ्यो । हामीले देख्यौं- यहाँ पनि पोखरीको प्रविधिले प्रभावकारी काम गऱ्यो ।

अब हामी आफ्नै प्रयोगबाट के टुंगोमा पुग्यौं भने- आज गइरहेका कतिपय पहिरोहरू र गल्छीहरू भिरालो जमीनमा पानीका भलहरू बगेर गएर नै भएका हुन् । पानीका भलहरूलाई एउटा सानो थुप्रो माटोले पनि छेकिराखेको हुन्छ । यसो हुँदा पानीका भलहरू जहाँ कमजोर जमीन छ, त्यहीँ नै जाने भए र त्यसलाई वास्ता नगर्ने हो भने, त्यही कमजोर ठाउँहरूमा पहिरोहरू जाने भयो र गल्छीहरू बन्ने भयो । यस्ता पहिरो र गल्छीहरू गएका छन् भने त्यसलाई पोखरी बनाएर रोक्न सकिने भयो । पहिरो नजाने र पानी बहेर नजाने बित्तिकै घाँस, बोटविरूवाहरू उम्रिने भए ।

अब हामीलाई के लाग्न थाल्यो भने- अति ज्यादा पानीको व्यवस्थापन गर्न सकियो र बगेर जाने भल रोक्न सकियो भने, हाम्रो पहाडी क्षेत्रको कृषि उत्पादन पच्चीसदेखि पचास प्रतिशतसम्म उत्तिकै बढाउन सकिन्छ । यसरी हामी बाहिरी देशहरूको सहयोगबिना नै आफ्नै स्थानीय प्रविधिबाट नै उत्पादन बृद्धि गर्न सक्छौं । हाम्रै किसानहरूले बोकेको मलबाटै हामी कृषि उत्पादन बढाउन सक्छौं । पच्चीस प्रतिशत उत्पादन बढ्नु भनेको छ महिना खान पुग्ने किसानको आठ महिना खान पुग्नु हो । खान पुग्ने मात्रा बढेपछि उनीहरूमा झन् आत्मविश्वास बढ्ने भयो । अब उनीहरूको आर्थिक स्थिति सुधार्नको लागि तरकारी बारी लगाउन उत्साहित गर्न पनि सकिने भयो ।

उदाहरणको लागि, पहिले भट्टेडाँडामा हिउँदमा अलि अलि साग र वर्षामा काँक्रो फर्सी मात्र हुन्थ्यो । त्यहाँका मानिसहरूले चापागाउँबाट तरकारी किनेर लानुपर्थ्यो । अहिले त्यहाँ हिउँदमा पनि काउली, प्याज, लसुन आदि तरकारी लगाउन थालिएका छन् । अहिले त असार साउनमा त्यहाँबाट महिनाको एक लाखसम्मको तरकारी शहरमा बेच्न ल्याउन संभव भएको छ।

सन् १९८८ देखि अहिलेसम्ममा हामीले ललितपुरको साठी प्रतिशत पहाडी क्षेत्रमा काम गरिसकेका छौं । त्यहाँ हामीले पोखरी प्रविधिलाई धेरै ठाउँमा प्रयोग गरी हेरिसकेका छौं । हामीले प्रयोगबाट के पाएका छौं भने, पोखरी प्रविधिले सर्वत्र कृषि उत्पादन २५ देखि पचास प्रतिशतसम्म बढाएको छ । सर्वत्र पहिरो ड्याम्मै रोकेको छ । हरिया रूख बिरूवाहरू सबैतिर भ्याम्मिएका छन् । कहीं पनि यसले कृषि उत्पादनमा नकारात्मक असर पारेको देखिएको छैन । किसानहरूको आयस्तर त्यहाँ एक दशक पनि नबित्दै पहिलेभन्दा डेढदेखि दुई गुणा बढेको छ । पशुपालन र नगदे तरकारी खेती हामीले काम गरेका सबै क्षेत्रमा निकै राम्ररी फष्टाएको छ । हिजो सुको पैसा वचत गर्न नसक्ने किसानले अहिले वर्षको १५/२० देखि ५० हजारसम्म पनि वचत गरेको बताउँदैछन् ।

**हिजो सुको पैसा वचत गर्न नसक्ने किसानले अहिले वर्षको १५/२० देखि ५० हजारसम्म पनि वचत गरेको बताउँदैछन् ।**

अहिले सरकारी तथ्यांकले नै बताउँछ, १९८९ यता नेपालको सम्पूर्ण पहाडी जिल्लाहरूमध्ये ललितपुरको कृषि उत्पादन एक नम्बरमा पुगेको छ । अरू जिल्लामा कृषि उत्पादन प्रति हेक्टर दुई हजार के.जी.भन्दा पनि घटेको छ र त्यो घट्दै गएको छ । तर ललितपुर एक्लैको कृषि उत्पादन प्रति हेक्टर २७ सय केजी पुगेको छ ।

यो चमत्कार कसरी भयो ? र किन भयो ? सरकारले यसको असली कारण खोजी हेर्नु जरूरी छ ।

अहिले नै म के दावी गर्न चाहन्न भने, हाम्रो बागमती जलाधार योजनाको पोखरी प्रविधिले गर्दा नै ललितपुर जिल्लाको कृषि उत्पादन र उत्पादकत्व यसरी पहाडी जिल्लाहरूमध्ये नम्बर एकमा पुगेको हो । म यति मात्र आग्रह गर्छु कि, सरकारले आफ्नै विशेषज्ञहरूमार्फत् एउटा भरपर्दो अनुसन्धान गरोस्- किन नेपालका तमाम पहाडी जिल्लाहरूमध्ये ललितपुरको कृषि उत्पादन मात्रै यति जोडले बढ्दैछ ? किन त्यहाँको मात्र प्रति हेक्टर उत्पादकत्व यति माथि पुगेको छ ? र, यी सब घटना किन सन् १९८९ देखि मात्रै हुँदैछ ? अनुसन्धानबाट जुन कारणले यो उत्पादन र उत्पादकत्व बढेको ठहर्छ, तिनै कारणलाई सरकारले देशका सबै पहाडी जिल्लामा बिस्तार गरोस् । बस् यति भए पर्याप्त छ ।

भट्टेडाँडाको अनुभवपछि हामीले पोखरी प्रविधिलाई ललितपुरकै लल्लू, भारदेव, चौघरे, इकूडोल र संखूमा प्रयोग गरी हेऱ्यौं । ललितपुरमा सबैभन्दा बेसी प्रयोग भएको लल्लू र भारदेवमा हो । लल्लूमा करीब नौवटा ठूला ठूला पोखरीहरू बनाइएका छन् र ती सबै डाँडाका टुप्पा टुप्पामा छन् । पोखरी बनेपछि लल्लूमा पोखरीमुन्तिर चिस्यान राम्ररी बढेको छ । मूलहरूबाट बढी र लामो समयसम्म पानी आउन थालेको छ । पोखरी प्रविधिले पहिरो र गल्छी रोक्न उदाहरणीय भूमिका खेलेको भट्टेडाँडा, भारदेव र दाल्चोकीमा हो ।

**भट्टेडाँडाको अनुभवपछि हामीले पोखरी प्रविधिलाई ललितपुरकै लल्लू, भारदेव, चौघरे, इकूडोल र संखूमा प्रयोग गरी हेऱ्यौं । लल्लूमा करीब नौवटा ठूला ठूला पोखरीहरु बनाइएका छन् र ती सबै डाँडाका टुप्पा टुप्पामा छन् ।**

हामीले अहिले त यो प्रविधिलाई काभ्रेको दक्षिणी डाँडापारी क्षेत्रमा समेत विस्तार गरिसकेका छौं । काभ्रेमा च्याम्राङबेसी, मेल्चे, सालधारा, बनखु, गोकुले, फोक्सिङटार त्यस्ता पहाडी क्षेत्र हुन् ।

हामीले पोखरी प्रविधि विस्तारको एउटा योजना नै बनाएका छौं । त्यस योजनामा पोखरी बनाउने तरिकादेखि लिएर गोरेटोमा ढुंगा छाप्ने, दल काट्ने, गराहरू सम्याउने र बिरूवा लाउने कुराहरू समेत समावेश गरेका छौं । हामीले हात हालेको ठाउँबाहेक अन्य ठाउँका मानिसहरूले यदि यो प्रविधि जान्न चाहन्छन् भने र लागू गर्न चाहन्छ भने, हामी आफूसित भएको योजना र सरसल्लाह दिएर मद्दत गर्न तयार छौं । योजना लागू भएका ठाउँमा चाहिँ पचास प्रतिशत खर्च हामी व्यहोरिदिन्छौं, पचास प्रतिशत गाउँलेहरूले नै श्रमदानबाट व्यहोर्नु पर्ने गरिएको छ ।

पोखरी बनाउनु कुनै गाह्रो कुरा छैन । ठाउँको चाहिँ राम्रै छनौट गर्नुपर्छ । भल बग्ने र नभत्कने ठाउँ छानेर पोखरी बनाइनुपर्छ ।

जम्मामा, "अति ज्यादा पानी" लाई राम्ररी व्यवस्थापन गरेर "अति कम पानी" का समस्या हल गर्ने पोखरी प्रविधि नेपालको कृषि उत्पादन र उत्पादकत्व बढाउन, पहाडी क्षेत्रका जनताको जीवनस्तर माथि उकास्न निकै ठूलो वरदान हुन सक्छ । हाम्रो परम्परागत बुद्धिमानी नै यही हो । ❑



विजयादशमी
तथा
शुभ दीपावलीको
उपलक्ष्यमा
हाम्रा
ग्राहक वर्ग
तथा समस्त
देशवासीहरूमा
सुख, समृद्धि र
उत्तरोत्तर प्रगतिको
निम्ति
हार्दिक मंगलमय
शुभकामना !

नेपाल विद्युत प्राधिकरण
परिवार

# अब कृत्रिम विधिबाटै मान्छेको मुटु बनाउन सकिने



प्रत्येक वर्ष विश्वमा हजारौं मानिसहरू विभिन्न दुर्घटनामा परी अङ्ग भङ्गमा पर्दछन्। त्यसमध्ये पनि कैयौंको त हृदय जस्तो महत्त्वपूर्ण भित्री अङ्गमा समेत चोट लाग्न गई त्यसले काम गर्न नसक्दा व्यक्तिको मृत्यु समेत हुन पुग्दछ।

यस्ता दुर्घटनाका साथै रक्तचाप र क्यान्सर जस्ता विविध रोगहरूको कारणले गर्दा पनि हृदय बेकम्मा हुन पुगी मृत्यु हुनेहरूको संख्या पनि संसारमा कम छैन। त्यसैले हाल विश्वमा कैयौं वैज्ञानिकहरू बिग्रेको हृदयको ठाउँमा कृत्रिम रूपले तयार पारिएको हृदय प्रत्यारोपण गरी हृदय बेकम्मा भएका मानिसहरूको जीवन बचाउने अभ्यासतर्फ लगातार लागिरहेका छन्।

केही वैज्ञानिकहरूले प्लाष्टिक वा अन्य निर्जीव भौतिक वस्तुहरूबाट निर्मित यान्त्रिक हृदयको प्रत्यारोपण गरी कृत्रिम हृदयको परीक्षण पनि गरेका छन्। तर, अहिलेसम्म यो परीक्षण सन्तोषजनक रूपमा सफल हुन सकेको छैन।

यसै सन्दर्भमा हालै मात्र 'आडभान्स टिस्यू साइन्सेज' (Advanced Tissue Sciences, ATS) नामक एक अमेरिकी जैबप्रविधि कम्पनीले कृत्रिम तरिकाले जीवित कोषहरूबाट मानव हृदयको निर्माण गर्ने प्रविधिको विकास गरेको छ। त्यस कम्पनीकी अध्यक्षा गाइल नाउघ्टन छिट्टै नै क्यालिफोर्नियास्थित 'ला जोल्ला' नामक उनको आफ्नै प्रयोगशालामा एउटा बाकसभित्र त्यस किसिमको एक मानव हृदयको निर्माण गर्न सक्ने कुरामा विश्वास राख्दछिन्।

वैज्ञानिक नाउघ्टनका अनुसार, प्रयोगशालामा बृद्धि हुँदै गरेको मानव तन्तुलाई आकार प्रदान गर्न एक रासायनिक प्लाटफर्म 'स्काफोल्डस्' (scaffolds) को प्रयोग गरिन्छ। उनका अनुसार, शुरूमा केही जीवित कोषहरूलाई 'स्काफोल्ड्स' मा राखिन्छ र त्यहाँ निरन्तर पोषक तत्त्वहरूको आपूर्ति गरिन्छ। 'स्काफोल्डस्' मा विकसित हुँदै गरेको यस्तो टिकाउ मानव अंगलाई मानव शरीरमा गई अनुकूल रूपमा पुनसिर्जित हुन सक्ने गरी जैविक रासायनिक साँचोमा ढालिन्छ।

ए.टि.एस. (ATS) ले यस अघि पनि कृत्रिम तरिकाबाट मानव छाला निर्माण गरी बिक्री वितरण गरिसकेको छ। हालसालै पनि त्यसले केही जीवित कोषहरूबाट मानव औंलाको जोर्नी विकास गरेको कुरा बताएको छ। यसरी नै 'एटिएस' ले हृदय भल्भहरू, हृदय मांशपेशीहरू र रक्तनलीहरूको पनि कृत्रिम तरीकाले विकास गर्ने व्यवस्था मिलाइसकेको छ। र, यही क्रममा ए.टी.एस. का माथि उल्लिखित वैज्ञानिकहरूले रासायनिक 'स्काफोल्डस्' प्रयोग गरी बाकसभित्र मानव हृदयलाई कृत्रिम तरिकाबाट विकसित तुल्याउँदै गरेका हुन्।

वैज्ञानिकहरूका अनुसार, अहिले प्रयोगशालामा विकसित हुँदै गरेको मानव हृदय अन्य सबै कुरामा प्राकृतिक हृदयले जस्तो पूर्ण रूपमा काम गर्न सक्षम देखिए पनि यसमा स्नायु तन्तुहरू पैदा हुन नसक्ने देखिएकोले एक गम्भीर कठिनाइ उत्पन्न भएको छ। तर, यस कठिनाइबाट पार पाउन वैज्ञानिकहरूले स्नायु तन्तुको सट्टामा विद्युतीय तरङ्गबाट सूचना प्रवाह गर्ने माइक्रोचिप्सको प्रयोग गर्ने विचार गरिरहेका छन्। 'एटिएस'का वैज्ञानिकहरूले बताए अनुसार, अहिले प्रयोगशालामा कृत्रिम तरिकाबाट विकसित हुँदै गरेको उक्त मानव हृदयलाई पूर्ण विकसित भइसकेपछि यदि हृदय बिग्रेको मानिसमा त्यो प्रत्यारोपण गर्ने कार्यमा उनीहरू सफल भए भने यसले चिकित्सा विज्ञानमा एक तहल्का नै मच्चाउने कुरा पक्का छ।

स्मरणीय के छ भने, मानव अंगहरूलाई कृत्रिम तरिकाले विकसित तुल्याउने परीक्षणमा अहिले निरन्तर रूपमा विश्वका कैयौं वैज्ञानिकहरू तल्लीन छन्। म्यासाचुसेट्सको प्रविधि इन्स्टिच्यूटका एक वैज्ञानिक रबर्ट ल्यानजरका अनुसार, अहिले जीवित कोषहरूबाट कृत्रिम तरिकाले मानव हात तथा पाखुराहरू विकसित गर्न आवश्यक धेरै हदसम्मको प्रविधि विकसित भइसकेको छ।

आशा गरौं, यो प्रविधिको विकासले गर्दा भविष्यमा कुनै मानवको शरीरमा अंगभंग हुँदा मेशिनहरूमा पार्टपूर्जाहरू फेरेजस्तै शरीरका बिग्रेका अंगहरूलाई पनि सजिलैसित फेर्न सकिने अवस्थामा चिकित्सा विज्ञान पुग्नेछ।

–तुल्सीदास महर्जन

स्रोत: Down To Earth

# नुन-चिनी-पानी साम्राज्यवादीहरूको शिकार बनेको होइन

कविताराम श्रेष्ठ

मूल्याङ्कनको गताङ्कमा प्रकाशित "स्वास्थ्य क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेछ ?" भन्ने लेखमा नुन-चिनी-पानीको प्रयोग बन्द हुनु पछाडि साम्राज्यवादीहरूको कुटिल चाल थियो भन्ने भनाइसंग असहमत हुँदै मैले यो लेख लेख्ने जमर्को गरेको छु। त्यस लेखको पृष्ठ ३८ मा लेखिएको छ- "औपधी कम्पनी ......... केही हानी गर्दैन ।"

यो लेख डा. योगेन्द्र प्रधानाङ्ग, डा. बालकृष्ण थापा, डा. शरद वन्त, डा. केदार बडालहरूका प्रत्यक्ष अन्तर्क्रियाका आधारमा तयार भएको रहेछ। डाक्टरहरूको अन्तर्क्रियामा व्यक्त भएका कुरा भएकैले पनि मैले यो खण्डन लेख्नै पर्ने आवश्यकता अरू बढी महसुस गरेको छु। किनभने बुद्धिजीवीका साथै साधारण जनताले पनि उहाँहरूलाई आधिकारिक विशेषज्ञ मानी ती सन्देशहरूलाई जस्ताकोतस्तै ग्रहण गर्ने खतरा छ। गलत कुराका प्रसारण हुनुभन्दा पहिले नै यसलाई तह लाउनु राम्रो हुन्छ। त्यसैले यो विवाद उठाएका हुँ।

यस लेखमा मेरा दूई आपत्तिहरू छन्। पहिलो त, यो कि यस लेखले नुन-चिनी-पानीको घोलमा कुनै पनि एकको मात्रामा भएको घटबढले केही फरक पार्दैन भन्ने संदेश दिएको छ र दोश्रो, यो कि साम्राज्यवादी शक्तिले नेपालमा आफ्नो उत्पादित बस्तु "जीवनजल" को बजार सुरक्षित राख्न "नुन-चिनी-पानी"को प्रयोगलाई कुटिल पारामा बन्द गरायो भन्ने भ्रमपूर्ण सन्देश यसले दिएको छ।

म यो लेखमा पहिले नुन-चिनी-पानीको घोलमा कुनै पनि एकमा भएको घटबढले निकै असर पार्दछ भन्ने पुष्टी गर्दैछु र दोश्रोमा "नुन-चिनी-पानी" बन्द हुनु र जीवनजलको प्रवर्द्धन हुनुको पछाडि साम्राज्यवादीहरूको हात थिएन अपितु नेपाली अधिकारीहरूद्वारा नै यिनको प्रभावकारिताकै आधारमा यस्तो गरिएको थियो भन्ने कुरा पुष्टी गर्न चाहन्छु।

पुनर्जलीय उपचार विधि (Oral Rehydration Therapy) मेरो पनि विषय भएको र नेपालमा पुनर्जलीय उपचारविधिको रूपमा नुन-चिनी-पानीको प्रयोगलाई रोक लाउने नीति निर्माणमा मेरो पनि संलग्नता भएकोले मैले यो आपत्ति जनाउने धृष्टता गरेको हुँ।

**'स्वास्थ्य क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेछ' शीर्षकमा गतांकमा प्रकाशित अन्तर्क्रियामाथिको प्रतिक्रिया**



झाडापखालाको कारणले हुने जलवियोजन (Dehydration) को लागि पुनर्जलीय उपचार विधि (Oral Rehydration Therapy) सर्वप्रथम ड्यारोले १९४९ मा परिचय गराएका थिए। उनले पुष्टी गरेका थिए कि झाडाको कारणले शरीरबाट जल निखिएको अवस्थामा आन्द्रामा इलेक्ट्रोलाइट्स् (electrolytes) पुऱ्याइयो भने यसले पानी सोस्न मद्दत पुऱ्याउँछ। त्यस्तै, शरीरबाट नाश भएको सोडियमलाई पनि पानीसंगै दिइयो भने शरीरभित्र पुनर्स्थापन गर्न सकिन्छ। यसै सिद्धान्तको आधारमा पुनर्जलीय उपचार विधि प्रतिपादित भयो। नुनबाट सोडियम र चिनीबाट इलेक्ट्रोलाईटस् प्राप्त हुने हुनाले नुन र चिनीको घोललाई पुनर्जलीय घोलको रूपमा प्रयोग गरियो। भारतमा १९५३ मा डा. चटर्जीले यस्तै घोलबाट साधारण हैजाको उपचार समेत सफलतापूर्वक गरेपछि यसतर्फ विश्वको ध्यान मोडियो। (Chaterjee, HN : Control of vomiting in cholera and oral replacement fluid. Lancet 1953, 2: 1063) हचारिशनले यस विधिको उपादेयतालाई १९५४ मा अरू प्रमाणिकताका साथ पुष्टी गरे (Harrison, HE, The treatment of diarrhea in infancy Ped clinic N am, 1954, 1 : 335–348) यसपछि साठीको दशकमा त यसले धेरै प्रख्याति पायो। १९८५ सम्म आउँदा यसबारेमा झण्डै ५० वटा अति नै महत्वपूर्ण प्रयोगशाला-आधारित बैज्ञानिक अध्ययनहरू भए। यी अध्ययनहरूले पुष्टी गरे कि नुन, चिनी वा पानीमध्ये कुनै एकको मात्रामा भएको घटबढले शरीरमा प्रतिकूल असर पार्दछ। यस्तो भनिएको छ कि कुनै पनि पुनर्जलीय उपचारको लागि तयार गरिएको घोल ठीक मात्राका साथ तयार गरिएको छैन भने त्यो प्रभावकारी हुन र जलवियोजनको कारणबाट हुने मृत्युबाट बचाउन सक्षम हुँदैन। अझ यो प्रत्युत्पादक पनि हुन सक्छ, हानीकारक हुन सक्छ र मृत्युकै कारक पनि बन्न सक्छ। (Hirschhorn N, The treatment of acute diarrhea in children : An historical and physiologic perspective. American Journal of Clinical Nutrition 33, March 1980 PP 637-663).

आदर्शतम मात्रा भनेको एक लिटर घोलमा सोडियमको मात्रा ९० मिलिमोल हुनुपर्छ। नेपालको परिस्थितिमा बन्ने नुन-चिनी-पानीमा सोडियम (नुन) को यो मात्रा प्रतिलिटर ५.२५ ग्राम हुनुपर्छ (टेबल-१)। युनिसेफल हचुवाकै भरमा अन्दाज गरी एक चिम्टी नुन र र एक पसेर चिनी तीन गिलास पानी (अन्दाजी आधा लिटर) मा मिसाउन सिकाएको थियो।

Table–1: UNICEF Formulation of Home-made ORS (nun-chini-pani)

| Ingredient | Gram/liter of water |
|---|---|
| Table Salt (Sodium ) | 5.25 |
| Suger (ordinary suger) | 40.00 |

उपरोक्त टेबलमा दिइएको मात्रामा २५% सम्मको घटबढ (अर्थात ३.९४ ग्रामदेखि ६.५६ ग्रामसम्म) ले फाइदा गर्ने काममा केही असर पारे पनि खराब असर भने गर्दैन। तर त्यो मात्रा बढी हुनगयो भने प्राणघातक हाइपरनेट्रेमिया (Hypernatremia) हुनसक्छ। साथै नुनको मात्रा कम भएमा यो घोल प्रभावहीन हुन्छ।

त्यस्तै इलेक्ट्रोलाइटस् (चिनी) को मात्रा कम भयो भने सोडियम (नुन) सोस्ने कृया नै हुनसक्दैन वा आन्द्रालाई कृयाशील बनाउन सक्दैन। आदर्शतम चिनीको मात्रा भनेको प्रतिलिटर ४० ग्राम हो। यसमा पनि २५% सम्मको थपघटले फाइदामा कमी ल्याए पनि प्रतिकूल असर

लेखक



**डाक्टरहरुको अन्तर्क्रियामा व्यक्त भएका कुरा भएकैले पनि मैले यो खण्डन लेख्नै पर्ने आवश्यकता अरु बढी महसुस गरेको छु । किनभने बुद्धिजीवीका साथै साधारण जनताले पनि उहाँहरुलाई आधिकारिक विशेषज्ञ मानी ती सन्देशहरुलाई जस्ताकोतस्तै ग्रहण गर्ने खतरा छ ।**



पार्दैन । तर योभन्दा बढी भएको खण्डमा हाइपरओस्मोलर (Hyperosmolar) घोल बन्दछ, जसले झाडाको मात्रा अरू बढाउँछ । यसले प्राणघात नै नगरे पनि यो चाहि पक्कै हो कि यस उपरान्त पुनर्जलीय उपचार नै लाग्दैन । र, व्यक्तिको जलवियोजनको कारणबाट मृत्यु हुन जान्छ । त्यस्तै, चिनीको मात्रा कम भयो भने आन्द्राले पम्प गर्दैन र यो प्रभावकारी हुँदैन । (Meenwise GW, High suger worse than high sodium in oral rehydration solution. Acta Paedruatrsca Scandinavia 72:161-166, 1983)

यी अध्ययनहरूबाट स्पष्ट हुन्छ कि पुनर्जलीय उपचारको लागि तयार भएको घोलमा नुन अर्थात् सोडियम, चिनी अर्थात् इलेक्ट्रोलाइट र पानीको मात्रा एकदमै ठीक हुनु जरूरी छ । नुन र चिनीको मात्रा ठीक हुँदाहुँदै पनि पानीको मात्रा ठीक भएन भने पनि दुवैको कन्सेन्ट्रेशन बढी वा घटी हुन गई घोल बेठीक हुनसक्छ । विशेष गरी नेपालको परिस्थितिमा, जहाँ नुन-चिनी र पानी नाप्ने स्टान्डर्ड मापक नभएको र चिम्टीले नुन नाप्न पर्ने, पसेरले चिनी नाप्न पर्ने र थरी थरीको गिलास भएको परिप्रेक्षमा उपलब्ध कुनै पनि खाले गिलासले पानी नाप्न पर्ने बाध्यतालाई हेर्दा यो समस्या अरू जटिल भएको स्पष्ट हुन्छ ।

यस्तै कुराको गाम्भीर्यतालाई ध्यानमा राखी विश्व स्वास्थ्य संघले वर्षौंदेखिको अध्ययनबाट प्राप्त निस्कर्षको आधारमा उनैबाट सिफारिश गरिएको मात्राहरूसाथ (टेबल-२) सोडियम र इलेट्रोलाइटको सिलबन्दी पोको (Prepackaged ORS) विश्वभर प्रयोग गर्ने सिफारिश गऱ्यो । यसै सिफारिश अनुरूप १९८५ मा नेपालले पनि युनिसेफको मद्दतबाट शाही औषधी लिमिटेडमार्फत 'जीवनजल' को नाममा Prepackaged ORS उत्पादन गर्न शुरू गऱ्यो । अन्तर्क्रियामा भाग लिने डाक्टर मित्रहरूले भने झैं यो उत्पादन न त साम्राज्यवादीहरूको डिजाइन बमोजिम विदेशबाट बजारमा आएको हो न त नुन-चिनी पानीकै उपादेयतालाई घटाउन ल्याइएको हो । नुन-चिनी-पानी स्वयं नै अव्यवहारिक र खतरनाक भएको कारणले यी घटनाहरूको पटाक्षेप भएको छ ।

Table-2:
WHO formulation of prepackaged ORS

| Ingredient | Gram/lt. of water |
|---|---|
| Sodium Chloride | 3.5 |
| Sodium Bicarbonate | 2.5 |
| Potassium Chloride | 1.5 |
| Glucose | 20.0 |

नेपालमा नुन-चिनी-पानीको उपयोग युनिसेफकै प्रवर्द्धनको कारण निकै प्रयोगमा आयो । विशेषगरी घरमै पाइने बस्तुहरूबाट यो घोल तयार हुने भएको हुँदा जीवनजल नपाइने ठाउँमा यो झनै प्रख्यात भयो । माथि भनिए झैं जब नुन-चिनीको मात्रामा घटबढले गंभीर प्रतिकूल


NEPAL INDUSTRIAL DEVELOPMENT CORPORATION
THE ONLY INDUSTRIAL DEVELOPMENT BANK OF NEPAL
NOW
OFFERS A FULL RANGE OF BANKING SERVICES
INCLUDING
WORKING CAPITAL AS WELL AS LONG TERM DEVELOPMENT FINANCING, PARTICIPATION IN EQUITY INVESTMENT, TECHNICAL ASSISTANCE AND MANAGEMENT CONSULTANCY SERVICES
FOR
EASTABLISHMENT EXPANSION MODERNIZATION DIVERSIFICATION AND IMPROVEMENT IN PRODUCTIVITY OF FEASIBLE PROJECTS IN THE PRIVATE SECTOR, SO FOR FURTHER DETAILS

*PLEASE DO NOT MISS TO CONTACT*

**NEPAL INDUSTRIAL DEVELOPMENT CORPORATION**
CENTRAL OFFICE: NIDC BUILDING, DURBAR MARGA
POST BOX No. 10, KATHMANDU
PHONE No. 2-28322
REGIONAL OFFICE : BIRATNAGAR : 22304, 20634
POKHARA : 20083, 20518
NEPALGANJ : 20203, 20037
DHANGADI : 21203, 21608

असर पार्ने कुराहरू विभिन्न अध्ययनहरूबाट पुष्टी हुन लाग्यो, तब युनिसेफले ओर्ल्डभ्यू इन्टरनेशनल फेडेरेशन (WIF) मार्फत् अधिराज्यभर सही ढङ्गमा घोल तयार गर्नेबारेमा व्यापक सामुदायिक तालिम कार्यक्रमहरू संचालन गर्‍यो । १९८६ को मध्यतिरबाट शुरू भई नोभेम्बर १९८७ सम्म आइपुग्दा यसले ५२ जिल्लाहरूमा ७३२ तालिम कार्यक्रमहरू संचालन गर्‍यो । हरेक तालिममा औसत १४० व्यक्तिको दरले झण्डै १ लाख व्यक्तिहरूलाई यसले तालिम दिएको थियो (UNICEF Report, 1987) । रेडियो, पोष्टर पम्प्लेट वा हेल्थपोष्टको माध्यमबाट भएका सूचना प्रसारको त कुनै लेखा नै छैन । अन्ततः १९८७ मा युनिसेफले तब यो तालिमको प्रभावकारितालाइ मूल्यांकन गर्न चाह्‍यो, जसको फिल्ड निर्देशकको रूपमा मैले INTERCEPT भन्ने अन्तर्राष्ट्रिय संस्थाको तर्फबाट काम गरेको थिएँ । यो अध्ययनले देखायो कि सिर्फ ११% मात्र सिकाएअनुसार प्रभावकारी ढङ्गमा घोल तयार पार्न सक्षम छन् । उनीहरूमध्ये ३३% ले त पूरै खतरनाक घोलहरू बनाउँछन् । ५६% चाहिं खतराबाट मुक्त घोलहरू बनाउछन् । तर प्रभावहीन भएका कारण उनीहरूका प्रयत्न बेकार हुने गर्छन् । उपरोक्त ३३% खतरनाक घोल बनाउने आमाहरूमध्ये १८% ले बढी चिनी राख्दछन् भने, ८% मा बढी नुन र ७% नुन र चिनी दुवै बढी राख्ने गर्दछन् । (RB Shrestha (Kavita Ram), and MP Daulaire, Andrew A Piller, Janam J. Banjade, Evaluation of the Nepal national home-made oral rehydration solution (nun-chini-pani) campaign, December, 1987, INTERCEPT/UNICEF.)

> डा. प्रधानाङ्गहरुले जीवन जललाई धेरै हदसम्म विदेशी बस्तुको रुपमा प्रस्तुत गर्न खोज्नु भएको छ । यो बस्तु नेपालमै, नेपालकै जनशक्तिबाट, नेपालकै संस्थाबाट, नेपालमै उपलव्ध सामग्रीहरुका साथ तयार गरिन्छ ।

यो अध्ययन अधिराज्यभर २० जिल्लाहरूमा ६०० जना ५ वर्षमुनिका बच्चाहरूका आमाहरूमाथि गरिएको थियो । उनीहरूको ज्ञानको प्रकृति र स्तर नाप्न अन्तर्वार्ता विधि अपनाइएको थियो भने घोल बनाउने तरीकाको प्रकृति जाँच्न नुन, चिनी र पानी नै अगाडि राखी ती बस्तुहरूको मात्रा अड्कल्न लगाइएको थियो । पानीलाई त्यहाँ नै नापी अभिलेख गरिएको थियो भने नुन र चिनी चाहिं सिलबन्दी पोको पारी काठमाण्डौं प्रयोगशालामा ल्याएर मापन र विश्लेषण गरिएको थियो । यसलाई सक्दो बैज्ञानिक र पूर्वाग्रहहीन बनाउन सबै संलग्न सोधकर्ताहरूलाई उचित तालीम र निर्देशनहरू दिइएको थियो ।

अवलोकनबाट यो पाइयो कि आमाहरूको हातको साइज अनुसार चिम्टी र पसरहरू सानो र ठूलो हुने गर्छन् । साथै एउटा स्तरीय पानी नाप्ने भाँडा नहुनाको कारणले पनि पानीको मात्रामा पनि एकदमै घटी बेसी हुने पाइयो । यस्तो स्थितिमा हरेक बस्तुहरूको ठीक संयोजन हुनु निकै गाह्रो कुरो पाइयो र यस्तो आशा राख्नु नै अव्यवहारिक सोच भएको पाइयो । यही अव्यवहारिक सोचको कारणले १० जना आमाहरूमध्ये ९ जनाका घोल असुरक्षित हुन्छन् र अर्कोतिर, जीवनजल, जसले कमसेकम नुन र चिनीको मात्रामा हुने गडबडबाट जोगाएर बच्चाहरूलाई खतराबाट मुक्त गर्न सहयोग पुर्‍याउँछ । यस्तो स्थितिमा जीवनजललाई नै किन प्रवर्द्धन नगर्ने ? यसै जोड घटाउलाई ध्यानमा राखेर यस सोधले नुन-चिनी- पानीको प्रयोगलाई बन्द गरी जीवनजललाई मात्र प्रवर्द्धन गर्नुपर्ने सुझाव युनिसेफ र श्री ५ को सरकारलाई दिएको थियो । यसै सुझावको आधारमा श्री ५ को सरकारले नुन-चिनी-पानीको प्रयोगलाई बन्द पनि गर्‍यो ।

डा. प्रधानाङ्गहरूले यसलाई धेरै हदसम्म बिदेशी बस्तुको रूपमा प्रस्तुत गर्न खोज्नु भएको छ । यो बस्तु नेपालमै, नेपालकै जनशक्तिबाट, नेपालकै संस्थाबाट, नेपालमै उपलव्ध सामग्रीहरूका साथ तयार गरिन्छ । नुन-चिनी-पानीको तुलनामा यो महङ्गो त छ तर यो मूल्य पनि नुन-चिनी-पानीको खतरनाक परिणामको तुलनामा धेरै होइन । यो सुरक्षित छ, प्रभावकारी छ र नुन-चिनीमा पाइने यौगिक तत्व मात्र होइन कि अरू तत्वहरूको पनि समायोजन यसमा छ । साथै यसलाइ रामरी सिल गरिएको कारण धेरै समयसम्म संग्रह गरेर राख्न सकिने पनि छ । अझ, यो नेपालमा उत्पादित मूल्यको एक तिहाई मूल्यमा मात्र उपलव्ध छ । यसको दुई तिहाई मूल्य युनिसेफले व्यहोरिदिएको छ । इत्यादि कारणले गर्दा जीवनजलको बजारलाई साम्राज्यवादी-हरूको कुटिलताको परिणामको रूपमा परिचय दिनु एउटा ठूलै भूल हो भन्न म चाहन्छु ।

यस सोचलाई विद्वान मित्रहरूले समयमै सुधारून् र अन्य बुद्धिजीवीहरूमा यसको सक्रमणलाई यथाशक्य शिघ्र रोक्ने काम होस् ।

❑


# शुभेच्छा

**'शुभ विजया दशमी' पर्वको पावन उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुको शान्ति एवं सुखैश्वर्यका निम्ति श्री नवदुर्गा भवानीसँग हृदयतः प्रार्थना गर्दै सुखद् भविष्यका निम्ति शुभेच्छा प्रकट गर्दछौं ।**

## जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

**परिवार**

सानोठिमी, भक्तपुर

विजयादशमी तथा दीपावलीको उपलक्ष्यमा समस्त उद्यमी तथा देशवासीहरूमा हार्दिक शुभकामना !

शैलेन्द्रकुमार श्रेष्ठ
अध्यक्ष तथा बाग्लुङ्ग उद्योग वाणिज्य संघ
परिवार

विजयादशमी तथा दीपावलीको उपलक्ष्यमा समस्त देशवासीहरूमा हार्दिक शुभकामना !

NEPAL OIL CORPORATION LTD
नेपाल आयल निगम
परिवार

विजयादशमी तथा दीपावलीको उपलक्ष्यमा समस्त देशवासीहरूमा हार्दिक मंगलमय शुभकामना !

कृषि विकास बैंक
परिवार

# राष्ट्रिय हितको पक्षका व्यक्तित्वको निधन !



स्व. क. प्रेमसिंह धामी

सुदूर पश्चिमाञ्चलका एकजना उदीयमान जनयोद्धा प्रेमसिंह धामीको गएको भदौ २७ गते गाडी दुर्घटनामा परेर असामयिक निधन भएको छ । बिहानै नुवाकोट जिल्लाको त्रिशुलीबाट बा.अ.झ. ४२७५ नंबरको सरकारी जीपबाट काठमाडौं आउँदा आउँदै नुवाकोटकै मदनपुर गाविस वडा नं. ८ को केउरिनी भन्ने ठाउँमा उहाँ चढेको जीप अकस्मात सडकबाट २४० फीट तल खस्दा उहाँ लगायत ६ जनाको घटनास्थलमै मृत्यु भएको थियो ।

सरकारले गृह मन्त्रालयका सहसचिव कृष्णमुरारी शर्माको संयोजकत्वमा गठन गरेको छानवीन टोलीले "जीप चालकले सडकको अवस्था र बाक्लो कुहिरो लागेको स्थितिमा सावधानीपूर्वक गाडी नचलाएको र अपेक्षित सन्तुलन कायम राख्न नसकेकै कारण दुर्घटना हुन पुगेको" ठहर गरेको छ । र, दुर्घटनालाई 'स्वाभाविक' ठहऱ्याएको छ ।

उहाँसँगै नुवाकोटका प्र.जि.अ., एकजना मिलीटरी क्याप्टेन, सानेपा स्थित सनसाइन बोर्डिङ्ग स्कूलीकी प्रिन्सिपल, जीप चालक र प्र.जि.अ.का अंगरक्षकको पनि घटनास्थलमै मृत्यु भएको थियो ।

दार्चुला जिल्लाको मालिकार्जुन गाविसको भौतडीमा २००९ सालमा जन्मनु भएका कमरेड धामी २०४३ सालदेखि तात्कालीन नेकपा (माले) मा सक्रिय कार्यकर्ताको रूपमा प्रवेश गर्नु भएको थियो ।

कमरेड धामी एमालेको पाँचौं महाधिवेशन, २०४९ देखि नेकपा एमालेको केन्द्रीय सदस्य हुनुहुन्थ्यो । २०५१ सालको मध्यावधि निर्वाचनमा उहाँ दार्चुला जिल्लाबाट प्रतिनिधि सभाको सांसदको रूपमा विजयी हुनु भएको थियो । एमालेको नौ महिने शासनकालमा उहाँ आवास तथा भौतिक योजना राज्यमन्त्री हुनुभएको थियो ।

सुदूर पश्चिमाञ्चल क्षेत्रमा देशभक्तिपूर्ण आन्दोलन चलाउनुमा र जन-जागृति ल्याउनुमा र एमालेको गढ विस्तार गर्नुमा क. धामीको महत्वपूर्ण योगदान रहेको थियो । एमालेभित्र केन्द्रीय नेतृत्वमा देशभक्तिपूर्ण भावनामा ठूलो ह्रास आइरहेको बेला क. धामी चाहिं राष्ट्रिय हितको पक्षमा वकालत गर्ने एकजना दृढ व्यक्तित्वको रूपमा उदीयमान भइरहनु भएको थियो ।

हामी क. धामीको मृत्युमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्छौं र उहाँको शोक सन्तप्त परिवारप्रति समवेदना व्यक्त गर्दछौं ।

❑ मूल्याङ्कन


# राप्रपाको 'भातमारा' संस्कृति

विगतका दुई पटकका सरकार परिवर्तनहरूमा राप्रपाका कमल थापालगायतका केही नेताहरूले अनौठो प्रवृत्ति देखाए- घरि सूर्यबहादुरको पक्षमा, घरि लोकेन्द्रबहादुरको पक्षमा लाग्ने प्रवृत्ति । विनाकुनै ठोस कारण, घरि सरकारको पक्षमा, घरि विपक्षमा । आफू चन्दको मन्त्रीमण्डलका सदस्य छन्, कुनै ठोस कारण देखाई त्यस मन्त्रीमण्डलबाट राजीनामा दिएका पनि छैनन्, तर त्यस मन्त्रीमण्डल स्वयंलाई ढाल्न सक्रिय पनि भएका छन् !

किन चन्दको सरकारमा आफू बसेको ? किन त्यो सरकारविरूद्ध आफैं लागेको ? यसको जवाफ जनतालाई दिनु पर्ने जरूरी उनीहरूले ठानेका छैनन् ।

नेकपा मसाल र नेमकिपाले चन्द-एमाले सरकारविरूद्धको मतदानमा भाग नलिएका भए र सरकार नढल्ने देखिएको भए उनीहरूले चन्द-एमाले सरकारकै पक्षमा आफूलाई उभ्याउने तयारी गर्दै थिए रे ।

यसबाट प्रष्ट देखिन्छ- उनीहरूका कुनै सिद्धान्त, लाइन वा अडानहरू छैनन् । "जसरी पनि मन्त्री पद हडप्ने" दाउ थापेर बस्न मात्र जान्दछन् उनीहरू ।



राप्रपाका चरित्र-नायकः कमल थापा


घरि राप्रपामा लोकेन्द्रबहादुर चन्द बहुमतमा हुने, घरि विनाकारण नै उनी अल्पमतमा पर्ने, विना कुनै सैद्धान्तिक, राजनीतिक कारण सूर्यबहादुर थापा एकाएक बहुमतमा पुग्ने, अचानक उनी संसदीय दलको नेता हुने । एकै छिन अघिसम्म एमालेसंग मिल्नु ठीक हुने, एकैछिन पछि गएर कांग्रेससंग मिल्नु ठीक हुने ।

राजनीतिक व्यक्तिहरूले आफ्नो मत परिवर्तन गर्न सक्छन् । तर यस्तो परिवर्तनका ठोस सैद्धान्तिक राजनीतिक आधारहरू हुने गर्छन् ।

तर नेपालमा राप्रपा नामक 'झुण्ड' मा यो कुरा लागू हुन्न । जता लाग्दा भात मार्न पाइन्छ, राप्रपाका शरमहीन नेताहरू त्यतै लाग्छन् । सद्भावना पार्टीका नेता गजेन्द्र नारायण सिंह पनि यही प्रवृत्तिका अर्का एक नायक हुन्, र संसदमा रहेका केही स्वतन्त्र भनिने सांसदहरू पनि !

यी सबैले के सोच्नु जरूरी छ भने, उनीहरू र उनीहरूका पिछलग्गूहरू बाहेक यो देशमा स्वतन्त्र दिमाग भएका, सचेत जनताहरू पनि छन्, जसले उनीहरूका यी सब 'भातमारा' प्रवृत्तिहरूलाई नियालेर हेरिरहेका छन् र यी प्रवृत्तिहरूप्रति घृणा जाहेर गरिरहेका छन् ।

❑ चन्द्रदेव नेपाली



माइलाबाजेका नाममा प्रसिद्ध दार्जीलिङका कम्युनिष्ट नेता रतनलाल ब्राह्मणको जीवनकथा-
झुक्दै नझुक्ने पहाडको छोरो
लेखकः डा. मोहन पि. दाहाल/ बजारमा उपलब्ध छ ।

# महासमितिको बैठकले कांग्रेसलाई कता लैजाला ?

प्रतिमान श्रेष्ठ

नेपाली कांग्रेसको बहुचर्चित महासमितिको तीन दिन लामो वैठक कार्तिक ७ गते नेपालगंजमा सम्पन्न भएको छ।

२०४६ सालपछिको नयाँ प्रजातान्त्रिक नेपालको हालीमुहाली पंचायतकालका सबैभन्दा खुँखार जन-हत्यारा र तानाशाह प्रधानमन्त्रीका रूपमा बदनाम सूर्यबहादुर थापाको हातमा सुम्पेर कांग्रेस त्यही सत्तामा भागिदार हुन लागिरहेको ऐतिहासिक सन्दर्भमा सम्पन्न महासमितिको वैठकले केन्द्रीय कार्य समितिलाई एमालेले जस्तै रा.प्र.पाको टाङमुनि छिरेर भए पनि त्यस्तो सरकारमा सामेल हुने जनादेश प्रदान गरेको छ।

महासमितिमा यस्तो सरकारमा जानु र वि.पि.को फाँसीको माग गर्ने सूर्यबहादुर थापालाई सरकारको लगाम सुम्पनु बदनामजनक र खतराजनक हुने कुरा नउठेको होइन। शैलजा आचार्यले त देशमा "प्रतिक्रान्तिको खतरा" भएको कुरा समेत महासमितिको वैठकमै राखेको खबर चर्चामा आएको छ। तर आफ्नो कार्यकालमा जन-हत्यामा सूर्यबहादुरलाई समेत कता हो कता उछिन्ने भू.पू. प्रधामन्त्री तथा कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले महासमितिलाई यस्तो भनेर आश्वस्त पारेको बुझिएको छ- "राजा र राणाको दमन र षड्यन्त्रलाई समेत परास्त गरेको कांग्रेस यो 'नाथे' सूर्यबहादुरसग डराएको छैन।"

वैठकमा शंका-उपशंका थुप्रै उठे पनि पूरै महासमिति कुन तर्कबाट जबर्दस्ती सन्तुष्ट र चूप भएको देखिएको छ भने, यो वर्षको 'प्रधानमन्त्रीत्व' थापाले हात पारे पनि थापा-गिरिजाको गोप्य संझौता मुताविक अर्को वर्ष नेपाली कांग्रेसले नै त्यो सर्वोच्च कार्यकारी पद हात पार्नेछ र त्यसैको मातहतमा आगामी मध्यावधि चुनाव हुनेछ। त्यसबाट पुन: नेपाली कांग्रेसको बहुमतको सरकार आउनेछ।

यस घटनाले नेपाली कांग्रेसभित्रको प्रवृत्ति र सैद्धान्तिक-सांस्कृतिक स्तरलाई निकै राम्ररी उदांगो पारेको छ। यसले देखाएको छ- सरकार मात्र हात लाग्छ भने नेपाली कांग्रेसलाई आफ्नो प्रजातान्त्रिक समाजवादको सैद्धान्तिक-नैतिक आदर्शको कुनै मतलब रहने गर्दैन। ऊ कुनै मूल्यको राजनीति गर्ने कुरामा प्रतिबद्ध छैन। कांग्रेसभित्रको एकताको मुख्य स्रोत हो- सरकारमा जानु र "जसरी पनि" सरकारमा जानु। अरू जुनसुकै कुरामा तीव्र मतभिन्नता र संघर्ष भए तापनि त्यहाँ एउटा सवालमा गजबको मतैक्यता देखापर्छ, त्यो हो- "जसरी पनि" सत्तामा जाने र टिक्ने कुरामा। यस पटकको महासमिति वैठकमा पनि त्यस्तै मतैक्यता देखापऱ्यो।

तात्कालीन ने.कां. का केन्द्रीय सदस्य प्रदीप गिरिले महासमितिको वैठकमा निकै सटिक टिप्पणी गर्नुभयो- "नेपाली कांग्रेस वि.पि.को प्रजातान्त्रिक समाजवादको सिद्धान्तबाट धेरै टाढा गइरहेछ।' हुन त उहाँले यो कुरा वैठकमा महेश आचार्यबाट प्रस्तुत आर्थिक प्रस्तावको टिप्पणी गर्दै बोल्नु भएको हो। तर यो भनाइ खालि कांग्रेसको आर्थिक अवधारणामा मात्र लागू हुँदैन। सिंगै नेपाली कांग्रेसको दिशा र प्रवृत्तिको सवालमा प्रदीप गिरीको टिप्पणी लागू हुन्छ। नेपाली कांग्रेसले अहिले लिइरहेका कुनै पनि राजनीतिक-आर्थिक-सांस्कृतिक लाइनमा प्रजातान्त्रिक समाजवादको नामोनिशान भेटिँदैन। यो महासमितिको वैठकले पनि प्रजातान्त्रिक समाजवादको दिशामा कांग्रेसलाई लैजान एउटा सिन्को पनि भाँच्ने काम गरेको देखिएन।

महासमितिको वैठकले प्रजातान्त्रिक समाजवादको बाटोमा जान बीचको अन्तरीम अवधिमा मात्र बजार अर्थतन्त्र र आर्थिक उदारवाद अप्नाउने नीति महेश आचार्यको प्रस्तावमा पारित गरेको छ। वैठकमा प्रदीप गिरीबाट यो अवधारणाप्रति सैद्धान्तिक रूपमा नै असहमति रहेको दर्शाउँदै महेश आचार्यको प्रस्तावको जोडदार विरोध भयो। तर अन्तत: पास भयो- आचार्यको प्रस्ताव नै।

आर्थिक उदारवाद भनेको राज्यले उत्पादन र अर्थतन्त्रको सारा लगाम, वितरणमा समता र सामाजिक न्यायका सारा जिम्मेवारी आफ्नो हातबाट राजीनामा गर्ने र निजी क्षेत्रका व्यापारी र पूँजीपतिका हातमा सुम्पने धारणा हो। प्रजातान्त्रिक समाजवादले त्यस्तो धारणाको समर्थन गर्दैन, त्यसले त उत्पादन र अर्थतन्त्रमा निजी क्षेत्रको साथसाथ राज्यको पनि मिश्रित नियन्त्रण हुनु पर्छ भन्ठान्छ ताकि वितरणमा समता र सामाजिक न्याय कायम गर्न सकियोस्। त्यसैले आर्थिक उदारवादको पुल तरेर प्रजातान्त्रिक समाजवादमा कहिल्यै पुग्नै सकिन्न। यी दुई पूर्व पश्चिम फर्केका बाटाहरू हुन्। आर्थिक उदारवादको बाटो भएर प्रजातान्त्रिक समाजवादमा पुग्ने भन्ने विचार नौबिसेको बाटो समातेर धुलिखेल पुग्ने भने जस्तै कुरा हो। तर कांग्रेसको महासमितिले यही विचार पास गरेको छ।

कांग्रेसको नेतृत्व वैचारिक रूपले कति गरीब छ, त्यो यो घटनाले प्रष्ट पारेको छ। यसले देखाएको छ- प्रजातान्त्रिक समाजवादको सिद्धान्तको पक्षधर र त्योबारे स्पष्ट एकाध मान्छे मात्र कांग्रेसमा देखिन्छन्, कांग्रेसको असंख्य भीड भनेको त्यससित कुनै सरोकार नै नभएको, खालि सत्ता, सुरक्षा र सुविधासंग मात्र मतलब भएको नितान्त आत्मकेन्द्रित भीडका रूपमा देखिन्छ। यो भीडको अगाडि एकाध प्रजातान्त्रिक समाजवादीहरू विशाल महासागरको बीचमा एउटा सानो निसहाय टापु जस्तो मात्र देखिन्छ। यसपालि महासमितिमा यत्रतत्र र झल्झल्ली त्यस्तै दृश्य देखियो। स्वय वर्तमान सभापति गिरिजाप्रसाद कोइराला र भू.पू. सभापति कृष्णप्रसाद भट्टराई प्रजातान्त्रिक समाजवादको क्याम्पमा कहीं कतै देखिनु भएन। यस प्रकार कांग्रेस पार्टी विभिन्न स्वार्थ केन्द्रहरूको फेडेरेशनका रूपमा मात्र देखियो र यसका शीर्षस्थ नाइकेहरू स्वार्थ व्यवस्थापन फेडेरेशनका संयोजकका रूपमा।

महासमितिले यसपल्ट निकै मुश्किलले र ठूलो विरोधका साथ महामन्त्री तारानाथ रानाभाटले राखेको राजनीतिक प्रस्ताव पारित गरेको बुझिएको छ। आएका आलोचना र सुझावहरू सबै समेटिने वचन सभापतिले दिएपछि मात्र यो प्रस्ताव जबर्दस्ती पास



**प्रधानमन्त्री हुने सपनामा गिरिजाप्रसाद**

भएको थियो। तर आएका सुझाव र आलोचनाहरू पूर्व पश्चिम फर्केका देखिन्छन्, ती सबै एकै ठाउँमा समेट्दा कस्तो उँट तयार हुने हो, कसैलाई थाहा छैन। राजनीतिक प्रस्ताव मूलत: कांग्रेसलाई पुन: सत्तामा येनकेनप्रकारेण कसरी पुऱ्याउने प्रस्ताव झैं मात्र देखिन्छ। प्रजातान्त्रिक समाजवादको राजनीतिक दर्शनलाई वर्तमान नेपाली राजनीतिको व्यवहारमा कसरी लागू गर्ने ? त्यसको गन्ध पनि राजनीतिक प्रस्तावमा भेटिन्न।

अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी प्रस्ताव पनि महासमितिले सर्वसम्मतिले पास गरेको छ। यो प्रस्तावमा १९५० को नेपाल भारत सन्धिलाई "पुनरावलोकन" गर्ने भनिएको छ। हाम्रो राष्ट्रको आवश्यकता सन्धिको "पुनरावलोकन" होइन, विश्व ऐतिहासिक सन्दर्भ नै पूरापूर बदलिसकेको परिप्रेक्ष्यमा भारतको सुरक्षा छाताभित्र नेपाल भन्ने पुरानो उपनिवेशवादी अवधारणामा आधारित अपमानजनक र असमान सन्धिको खारेजी र पंचशील समानता र पारस्परिक लाभमा आधारित नयाँ शान्ति तथा मैत्री सन्धि हो। यस हिसाबले महासमितिको प्रस्तावले अझै पनि राष्ट्रहितको प्रतिनिधित्व गरेको देखिन्न। "पुनरावलोकन" त झुल्याउने भाषा हो, वर्षौंदेखि सन्धिको पुनरावलोकन त छँदैछ नि, खै कहिल्यै केही माखो मऱ्यो ?

त्यस्तै टालटुले र झुल्याउने प्रस्ताव कालापानीको सम्बन्धमा पनि पास गरिएको बुझिएको छ। प्रस्तावले भारतीय सेना नेपाली भूमिबाट अविलम्ब हट्नु पर्ने माग नगरेर फेरि पनि भारतीय शासक वर्गलाई पनि खुशी पार्ने र आफ्ना जनतालाई पनि मूर्ख पार्न सकिने खालको द्वैअर्थक धारणा अघि सारेको छ।

यो महासमितिले गरेको अर्को ठोस

**किन ५ जना बाहेक अरु सारा केन्द्रीय सदस्यहरु सभापतिद्वारा दया गरेर मनोनीत गर्ने राजतन्त्रात्मक पद्धति नेपाली कांग्रेसमा कायम छ ?**

निर्णय भनेको तरूण दलको पुनर्स्थापना हो । आगामी मध्यावधि चुनावलाई चाहिने युवा भीडन्त जत्थाका रूपमा यो युवा संगठनलाई विकास गर्ने नेपाली कांग्रेसको नियत देखिन्छ । त्यस्तै नियत अब गाउँ गाउँमा गठन गर्ने निर्णय गरिएको "सेवा दल" मा पनि देखिन्छ । यी दुई निर्णयले कांग्रेस यथासंभव छिटो आफ्नो सरकारको मातहतमा मध्यावधि चुनाव सम्पन्न गर्न र "जसरी पनि" त्यो चुनावमा बहुमत ल्याउन आतुर रहेको देखाएका छन् ।

त्यस्तै गन्ध महासमितिको भ्रष्टाचार उन्मूलन अभियान सम्बन्धी निर्णयबाट पनि आएको छ । यो चुनावकै निम्ति जनतामा राम्रो छवि बनाउन गरिएको निर्णय प्रतीत हुन्छ । अन्यथा, सूर्यबहादुर थापाको प्रधानमन्त्रीत्व रहेको, "जसरी पनि" सरकारमा जाने हुटहुटी सिवाय केही नभएको, सिद्धान्त र आदर्शले नामोनिशान नभएको, मूल्यहीन राजनीति गर्ने मन्त्री र अन्य पदाधिकारीबाट भ्रष्टाचारको उन्मूलन कसरी संभव हुन्छ ? भ्रष्टाचारको उन्मूलन नै गर्ने भए त्यो सर्वप्रथम शीर्षस्थ नेतृत्वबाट गरिनुपर्ने हुन्छ । जहाँ भ्रष्टाचारको अवलोकन र नियन्त्रण गर्ने निकाय नै टाउकोदेखि पुच्छरसम्म भ्रष्टाचारमा डुबेको देखिन्छ, त्यहाँ भ्रष्टाचार हेर्ने कसले ? उन्मूलन गर्ने कसले ?

महासमिति वैठकको सबैभन्दा ठोस उपलब्धि गिरिजालाई भएको देखिन्छ । अहिले निर्वाचित केन्द्रीय सदस्यहरू बाहेक सबैको राजीनामा अहिले गिरिजाको हातमा छ र त्यो उहाँले स्वीकृत पनि गर्नुभएको छ । त्यस्तै, अब मन्त्री हुनेहरूको राजीनामा पनि सभापति गिरिजाकै हातमा हुनेछ । स्वेच्छाचारिता र व्यक्तिवादी प्रवृत्तिले ग्रस्त सभापति गिरिजाले यसरी महासमितिको वैठकबाट निकै धेरै अधिकार र नियन्त्रण क्षमता हासिल गरेको देखिन्छ । तर यो हक उनले विवेकसाथ र बुद्धिमानीपूर्वक नै प्रयोग गर्न सक्लान् भन्ने उनको विगतले कहीं कतै देखाउँदैन । यी थप अधिकारले उनलाई अरू बेसी निरंकुश र स्वेच्छाचारी बनाउने संभावना नै बेसी देखिन्छ । यसले के पनि देखाउँछ भने- नेपाली कांग्रेसको संगठन संचालनको पद्धति प्रजातान्त्रिक मूल्यमा आधारित छैन, यो एक व्यक्ति विशेषाधिकारमा आधारित अर्थात निरंकुश राजतन्त्रको मूल्यमा आधारित देखिन्छ । नत्र सारा केन्द्रीय समिति प्रजातान्त्रिक निर्वाचनद्वारा चुनिने पद्धति कांग्रेसमा किन हुन सक्दैन ? किन ५ जना बाहेक अरू सारा केन्द्रीय सदस्यहरू सभापतिद्वारा दया गरेर मनोनीत गर्ने राजतन्त्रात्मक पद्धति त्यहाँ कायम छ ?

जम्मामा, कांग्रेसको महासमितिको यो वैठकले कांग्रेसलाई सत्तामा त जसरी पनि लैजाला, तर प्रजातान्त्रिक समाजवादतिर कदापि लानेछैन । ❑

# स्थानीय निकाय र वाम जनप्रतिनिधिहरु

❑ स्थानीय निकायहरूमा विजयी भएका वामपन्थी जनप्रतिनिधिहरूको काम र कार्यशैली अरूको भन्दा भिन्न र उन्नत किसिमको गराउनका लागि सर्वप्रथम त जनप्रतिनिधिहरूको वर्तमान स्थिति र विगतका वस्तुस्थितिका बारेमा विशुद्ध रूपमा बुझेर वर्गीकरण गरिनु पर्दछ । उनीहरूको वर्गीकरण गर्दा मुख्य रूपमा शैक्षिक अवस्था, सामाजिक-सांस्कृतिक स्थिति, आर्थिक एवं वर्गीय स्वरूप र राजनीतिक आस्थाको आधार हेरिनुपर्दछ । साथै, यी विषयवस्तुलाई आधार मान्दा वर्तमानको स्थितिलाई मात्र हेरेर आधार मान्ने होइन, उनीहरूको विगतका वस्तुस्थितिलाई पनि केलाएर हेरिनुपर्दछ ।

यसरी वर्गीकरण गरिसकेपछि प्रत्येक समूहको अलग अलग रूपमा तालीम आवश्यकता पहिचान (Training Need Assesment) गरिनुपर्दछ । यसमा खासगरी उनीहरूको ज्ञान र शीपको वर्तमान अवस्था के कस्तो छ र के कस्ता विषयमा कुन रूपमा तालीमको आवश्यकता छ ? सो छनौट वा पहिचान गरिनुपर्दछ । विषयगत रूपमा ज्ञान र सीपलाई आधार मानेर यो कार्य गरिनुपर्दछ ।

उपर्युक्त विषयमा निक्यौल गरिसकेपछि उनीहरूलाई तालीम दिइनुपर्दछ ।

तालीम दिइसकेपछि जनप्रतिनिधिहरू आ-आफ्ना कार्यक्षेत्रमा जान्छन् । साथै, उनीहरूलाई आफ्ना कार्यक्षेत्रको वस्तुस्थितिको अध्ययन गरेर विषयगत रूपमा विकास कार्यक्रम संचालन गर्न दिनुपर्दछ । त्यसबाट उनीहरूलाई तालीममा सिकाइएका ज्ञान तथा शीप तुरून्तै व्यवहारमा उतार्ने मौका मिल्दछ । र, उनीहरूको व्यवहार, काम गर्ने तौर तरिका र शैलीमा के कस्तो फरक आयो र परिमार्जित भयो भन्ने प्रष्ट देख्न सकिन्छ ।

यसरी प्रशिक्षित जनप्रतिनिधिहरूलाई आ-आफ्नै कार्यक्षेत्रमा कार्यक्रम संचालन

**स्थानीय निकायहरुमा विजयी भएका वामपन्थी जनप्रतिनिधिहरुको काम र कार्यशैली अरुको भन्दा भिन्न र उन्नत कसरी हुन सक्छ ?**

गर्न दिईदा नियमित रूपमा दक्ष विशेषज्ञहरूबाट अनुगमन तथा मूल्यांकन गर्ने कार्य भई रहनुपर्दछ । त्यस दौरानमा जनप्रतिनिधिहरूबाट के कस्ता काम भए र काम गर्ने शैली कस्ता रहे ? सोचिए अनुसार उन्नति वा परिमार्जन भयो कि भएन भन्ने विषयमा गहन अध्ययन गरेर समर्थन एवं निरन्तरता दिने व्यवस्था मिलाइनुपर्दछ ।

उपर्युक्त सबै कामका लागि दक्ष विशेषज्ञ एवं अनुभवी प्रशिक्षकहरूको समूह खडा गरिनुपर्दछ । र, उनीहरूलाई नियमित रूपमा यही काममैं लगाई रहनुपर्ने व्यवस्था मिलाउनुपर्दछ । त्यस्ता विशेषज्ञ र प्रशिक्षकहरूको समूह निकै धेरै नै आवश्यक पर्दछ र यसमा समय, स्रोत र श्रमको निकै नै खर्च पनि हुन्छ । तर लामो दूरीको लागि सोचियो भने यसबाट फाइदा निकै नै हुनेछ ।

**-शिवकुमार श्रेष्ठ**
भक्सीखेल, ललितपुर

◆ जनता बामपन्थी शक्तिमा केन्द्रिभूत हुनुको प्रमुख कारक तत्व यसले राष्ट्र र जनताको लागि गरेको निस्वार्थ संघर्ष र इतिहासदेखि वर्तमान सम्मको जनसेवा हो । अन्य गैर वामपन्थी शक्तिहरूले इतिहासदेखि नै राष्ट्र र जनताको अस्तित्वमाथि खेलवाड मात्रै नगरी सधै कुठाराघात समेत गर्दै आएका छन् । फलस्वरूप, यो स्थानीय निर्वाचनबाट त्यस्ता शक्तिलाई परास्त गरी जनताले वामपन्थी समूहका प्रतिनिधिहरूलाई आफ्नो विश्वास जाहेर गरेका हुन् । त्यसैले, जनप्रतिनिधिहरूले आफूप्रति जनसमुदायले के अपेक्षा राखेका छन् ? सोको पहिचान गरी प्राथमिकताको आधारमा क्रमबद्ध तरिकाले नीति बनाई आफ्नो कार्य संचालन गर्नुपर्दछ । जनचाहना अनुरूप कार्य गर्ने हो भने, स्थानीय साधन, स्रोत र श्रमलाई मात्रै परिचालन गर्दा पनि त्यस्तो कार्य अरूको भन्दा भिन्न, उन्नत र विश्वासमूलक हुन्छ ।

स्थानीय तहमा सरकारद्वारा दिइने अनुदानलाई प्राथमिकताको आधारमा विकास निर्माण कार्यमा परिचालन गर्नु पर्छ । अझ त्यसलाई झन् उन्नत बनाउन स्थानीय स्रोत र श्रमलाई समेत संलग्न गराई सम्पूर्ण काम कारवाहीलाई पारदर्शी ढंगले सञ्चालन गरिनुपर्छ ।

**-होम थापा**, बेंगाडावर-८,
लालगढ, धनुषा

**आगामी अंकको लागि प्रश्न**

**'आगामी दिनमा नेकपा एमालेले कस्तो दिशा पक्रनु जरुरी छ ?'**
यस विषयमा आफ्नो विचार २०० शब्दमा नबढाई कार्तिक ३० गतेसम्म प्राप्त हुने गरी पठाउनु होला । छानिएका विचारहरू प्रकाशित गरिनेछन् ।

*विजयादशमी तथा दीपावलीको उपलक्ष्यमा समस्त देशवासीहरूमा हार्दिक मंगलमय शुभकामना !*

बेलप्रसाद श्रेष्ठ
मेयर तथा
धुलिखेल नगरपालिका परिवार

**वडा दशैं २०५४ को अवसरमा**
**सम्पूर्ण देशवासीमा**
**शुभ-कामना**
साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड ग्रुप

*विजयादशमी तथा दीपावलीको उपलक्ष्यमा समस्त देशवासीहरूमा हार्दिक मंगलमय शुभकामना !*

**नेपाल बैंक लिमिटेड**
(स्थापित १९९४)

# पाठकको कुरा

'मूल्याङ्कन' को ५० औं अंकमा आवरण कथा राम्रो छ। प्रतिकृयावादी, अवसरवादी, सत्तावादीमा पतित ने.क.पा. एमालेको घातक कार्यमध्ये घनघोर अपराध कालो आतंककारी विधेयक एक हो। यस अंकमा नै सिरिया र लेवनानको हाल, त्यहाँ चल्दै गरेको संघर्षका बारेमा जानकारी दिएको भए राम्रो हुन्थ्यो। निकारागुआको हालको रिपोर्ट नेपालको एमालेको सपनासंग ठ्याक्कै मिल्छ।

साम्राज्यवादीहरू जुन आँखाले देखि नसक्नु गरी भाइरसको रूपमा स्वास्थ्य क्षेत्रमा प्रवेश गरिरहेका छन्। यससम्बन्धमा अन्तरक्रिया पढ्न पाउदा खुसी लाग्यो। यस्ता विषयमा हामी सबैले निधार खुम्च्याएर सोच्नु पर्दछ भन्ने लाग्यो। श्याम श्रेष्ठद्वारा लिखित रविन्द्रजीलाई प्रतिउत्तर राम्रो नै लाग्यो। यस उत्तरमा एकोहोरो उत्तर मात्र नभई होसियारी अपनाउनु पर्ने गहन कुरामा पनि ध्यान तान्न खोजिएको छ।

-रामचन्द्र महर्जन
ठेगानाः कीर्तिपुर, कुलां छैं

आफ्नो मातृभूमिको असीम मायाँ हुँदाहुँदै पनि विवशतावश विदेशी भूमिमा प्रवासी जीवन बिताउन बाध्य भएका लाखौंलाख प्रवासी नेपालीहरूमध्ये म पनि एउटा प्रवासी नेपाली हुँ। यति हुँदाहुँदै पनि मूल्याङ्कनको नियमित ग्राहक बनेर आफ्नो देशको कम्युनिष्ट आन्दोलन तथा बुद्धिजीवीहरूको अन्तर्क्रियाका साथै विश्व कम्युनिष्ट आन्दोलनका बारेमा केही अध्ययन गर्न पाउँदा एकै छिन भए पनि कतै स्वदेशमै त छैन भन्ने लागेको हुन्छ। वास्तवमै आफूलाई निष्पक्ष रूपमा अगाडि बढाउन सफल भएको मूल्याङ्कनको पूर्णाङ्क ४९ मा प्रकाशित लेख 'प्रतिक्रियामाथिको प्रतिकृया' धेरै रोचक लाग्यो। त्यस्तै ३० वर्ष पछि क.चेको अस्थिपञ्जर फेला पऱ्यो भन्ने आवरण कथाको अध्ययन गर्दा साँच्चै नै असली कम्युनिष्टहरू अन्तर्राष्ट्रिवादी हुँदारहेछन् भन्ने प्रमाण मिलेको छ भने अर्को कुरा, कम्युनिष्टहरूले युद्धको घोषणा गरेर मात्र विजय प्राप्त गर्ने कुरामा विश्वास गर्दैनन्, आफै नै युद्धको कमाण्डर बनेका हुन्छन् भन्ने कुराको पनि प्रमाण मिलेको छ। अझ क. चे ग्वेभाराकी छोरी अलैदा ग्वेभाराले आफ्ना बुबाको कंकालको सामु उभिएर राखेका मार्मिक शब्दहरूले त कुनै पनि क्रान्तिकारी कम्युनिष्टको लागि थप उर्जाको काम गरेको हुनु पर्छ।

-खगेश्वर काफ्ले
नेपाली क्लब, फरीदावाद, दिल्ली

मूल्याङ्कन ५० औं स्वर्ण अंकसम्म सफलतापूर्वक प्रकाशित भएकोमा धन्यवाद दिन करै लाग्छ!

समष्टी रूपमा भन्नुपर्दा पाठकहरूको अन्तर-आत्मासम्म छुनसक्ने यो पत्रिकाले तथ्य, सत्य र निर्भिक लेखहरू प्रकाशित गरेर पाठकहरूलाई ठूलो गुण लगाएको छ।

यस स्वर्ण अंकमा प्रकाशित श्याम श्रेष्ठको आतंकवादविरोधी विधेयक सम्बन्धी आवरण लेखबाट धेरै कुरा बुझ्ने मौका प्रदान गरेको छ। साथै 'प्रशंसनीय र निन्दनीय कदम' लेख तथा रविन सायमिको कार्टुन सारै राम्रो लाग्यो, यस लेखले एउटा आहानको सम्झना गरायो। आफ्ना भक्तजनहरूलाई रवाफिलो पारामा एउटा पाखण्डी पण्डितले उपदेश दिदै भनेका थिए- "तपाईहरूले जस्तो सुकै गल्ती (पाप) गर्नु भएको छ अथवा गर्नु भयो भने 'नारायण' भनेर भगवानको नाम लिनु होस् पापबाट मुक्ति पाउनु हुनेछ"। त्यस्तै नेकपा एमालेले जनताको अभिमतलाई लत्याएर हतारमा गल्ती गरी फुर्सदमा "नारायण" (आत्मा आलोचना) भनी पानीमाथि ओभानु हुन खोज्नु जस्तो होइन र?

-ध्रुवप्रसाद न्यौपाने
का.म.न.पा.-७, कुमारीगाल

'मूल्याङ्कन' पूर्णाङ्क ४९ समयमा नै हात पऱ्यो। सरसर्ती हेर्दा लेखहरू राम्रै लागे। "खबरदार! नेपाललाई फेरि पंचायती राज्य आतंकतिर धकेलिँदैछ" भन्ने लेख समसामयिक र सान्दर्भिक छ। यसले एमालेको नियत र नेताहरूको चालबाजीलाई समेत प्रष्ट पारेको छ। राजेन्द्र महर्जनको चे ग्वेभाराबारेको लेख अत्यन्त मार्मिक र व्यवहारिक शिक्षा दिने खालको छ। कमरेड चेको लोकप्रियता अझै बृद्धि भएको थाहा पाउँदा हर्षित छु। 'विश्व कम्युनिष्ट आन्दोलनसम्बन्धी मंगोलियाको लेखमा त्यहाँका कम्युनिष्टको वास्तविक परिचय झल्किएको पाइयो। माओवादी समर्थकको लागि श्याम श्रेष्ठको जवाफ अत्यावश्यक थियो र आगामी अंकमा निरन्तरता पाउने आशामा छु। 'महाकालीको विकल्प के?' सम्बन्धी अन्तरक्रिया निकै राम्रो छ। अन्त्यमा, मूल्यांकनको निरन्तर प्रगति र सफलताको कामना गर्दछु।

-कल्याण पौडेल
फापरथुम-१, स्याङ्जा

मूल्याङ्कन हरेक अंकहरू अति नै ज्ञानवर्द्धक तथा उपयोगी छन्। यसको अध्ययनले विश्व वामपन्थी आन्दोलनको बारेमा जान्न तथा बुझ्नको लागि एक सहयोगीको रूपमा कार्य गरेको छ।

पूर्णाङ्क ५० को आवरण कथामा दिइएको 'आतंकवाद विरोधी विधेयक' निरंकुशतन्त्र थोपर्ने षड्यन्त्रबारेका लेख विस्तृत रूपले जान्न तथा बुझ्नको लागि उपयोगी सिद्ध भएको छ। साथै अन्तर्क्रिया र अन्य सम्पूर्ण विषयवस्तुहरू अति नै राम्रो र ज्ञानवर्द्धक भएको ठान्दछु।

अन्त्यमा स्वर्ण अंक प्रकाशित गर्न सफल हुनु भएकोमा मूल्यांकन परिवारलाई धन्यवाद!

सोमनाथ शर्मा
रुद्रपुर गाविस-५, रुपन्देही

मूल्याङ्कनले ५० औं अंकसम्मको लामो बाटो तय गर्दा सम्पादकज्यूहरूलाई विभिन्न प्रकारका आरोह, अवरोहको सामना गर्नु पऱ्यो होला। हामी पाठकवर्गहरू भने सहज ढङ्गले अझै मूल्याङ्कनबाट नयाँ-नयाँ सैद्धान्तिक, वैचारिक, राजनैतिक, नवीनतम घटनाहरू, लेखहरू अध्ययन गर्न पाउन लालायित छौं।

मूल्याङ्कन स्वर्ण अङ्क परिशिष्टसम्म आइपुग्दा पत्रिकाको उपलब्धि र कमि-कम्जोरी पत्ता लगाउन बुद्धिजीवी, राजनेताहरूको विचार संकलन-प्रकाशन गरी एउटा आफ्नै किसिमको नयाँ धरातलको खोज यस पत्रिकाले गरेको छ। यो प्रशंसनीय कार्य हो।

क. चेको जस्तै विश्व कम्युनिष्ट आन्दोलनमा महत्वपूर्ण भूमिका निभाउने व्यक्तिहरूको घटनाक्रम उल्लेख गर्नमा निरन्तरता दिइयोस्। नेपालको पनि निरंकुशतन्त्रलाई विदा गर्न क्षेत्रीय र राष्ट्रिय स्तरमा महत्वपूर्ण भूमिका खेली निर्भिक रूपले शहीद बनेका व्यक्तिहरूको यथार्थ वर्णनका साथै चित्रसहित सत्य घटनाको विवरण क्रमशः प्रकाशन भई दिएमा 'सुनमा सुगन्ध हुने थियो।

बिक्रम कुँवर
श्री बरहथवा गा.वि.स.-४, सर्लाही

मूल्याङ्कनका सम्पूर्ण अंकहरू पठनीय तथा स्तरीय एवं संग्रहणीय छन्। पूर्णाङ्क ४९ मा प्रकाशित अन्तर्क्रिया महाकालीको बिकल्प के? ले ज्यादै प्रभावित पाऱ्यो। यतिका दिनसम्म संस्थागत क्षमताको विकास हुन नसकेको, स-साना आयोजनाका लागि देशवासी र देशभित्रकै संभावना र समाधानका उपायको प्रयोग नभएको बुझ्ने मौका पाएँ। निरंकुश पंचायती तानाशाहहरूबाट त कुनै राम्रो कुरोको आशा गर्नु व्यर्थ थियो। तर जन निर्वाचित सरकारहरूले जलविद्युत विकासको लागि वण्ड निष्कासित गर्न संभव हुँदा हुँदै पनि किन चासो लिदैनन्? भारतमा त सरकारी ग्यारेन्टी भएको वण्डहरू जस्तैः किसान विकास पत्र, इन्दिरा विकासपत्र, राष्ट्रिय वचत योजना (NSC) इत्यादि वण्डहरू हुलाकका माध्यमद्वारा विक्री वितरण र भुक्तान हुने गर्छ। यसरी भारतमा अल्प वचत योजनाबाट करोडौं रूपैयाँको विशाल भण्डार जम्मा हुन्छ। त्यस बचतलाई विभिन्न निर्माण सेवा र देश निर्माणका काममा लगाइन्छ भने नेपालमा यस्तो काम किन हुन सक्दैन? विभिन्न विलासिताका वस्तुहरूमा नेपाली जनताका करोडौं रूपैयाँ खेर गइरहेको छ। घडेरी जग्गाको दाम बढाएर पैसाको सटाबाजीमा दुरूपयोग भइरहेको छ। लाखौं रूपैयाँ रक्सीमा बरवाद भइरहेछ। त्यो व्यर्थ पैसा देश निर्माण जस्तो कामतिर मोड्न सरकारको ध्यान किन जाँदैन? आगामी अंकहरूमा मूल्यांकनले आज देश निर्माणको ठेक्का लिएर बसेकाहरूका अन्तर्क्रिया पाठकसामु ल्याओस्।

मूल्यांकनको उत्तरोत्तर प्रगतिको कामनासहित यो आग्रह पनि राख्छु कि यसमा भारत प्रवासमा रहेका प्रवासी नेपालीहरूको समस्याहरूले पनि ठाउँ पाओस्।

-श्यामकुमार गुरुङ्ग
भारत-प्रवास

मूल्याङ्कन मासिक अंक ४९ लाई छाडी अंक ५० चाडै नै पढ्ने अवसर पायौं। सो अंकको आवरणकथामा श्याम श्रेष्ठजीको लेख 'आतंकवाद विरोधी विधेयक निरंकुशतन्त्र थोपर्ने षड्यन्त्र' अति उत्तम लागेको छ। त्यस्तै आजको घटना आजको विचार स्तम्भमा 'के पैतृक सम्पत्तिको हक महिलालाई दिँदा दोहोरो सम्पत्ति पर्न जान्छ?' भन्ने शीर्षकमा वरिष्ठ अधिवक्ता कृष्णप्रसाद पन्तजीले लेख्नु भएको लेख पनि अति नै तर्कसंगत लागेको छ। समग्रमा भन्नु पर्दा यो अंकमा लेखिएका लेखहरू मनन्योग्य नै छन्। तर 'घटना र प्रवृत्ति 'मा डायनाको हाइ हाइ र यसले उब्जाएका सवालहरू भन्ने रमण उपाध्यायको लेख अलिकति तर्कसंगत र प्रमाणसिद्ध नभएको हामीले महसुस गऱ्यौं। किनकि उहाँ लेख्नु हुन्छ-डायनाको मृत्युको मूल कारण पापराजी फोटोग्राफरहरूलाई आफ्नो रोमान्सका गोप्य गोप्य फोटोहरू लिन नदिनका लागि अति तेज गतिमा गाडी दौडाएको कारण नियन्त्रणहीन भई दुर्घटनाग्रस्त भएको अनुमान गरिएको छ, भनेर। फेरि उहाँ कुरा थप्नु हुन्छ- भनिन्छ उनी पत्रकारलाई आफैले डाकेर गजब गजबका रहस्य खोल्थिन्, फोटो खिच्न लाउँथिन र चर्चाको विषय बन्थिन्। यदि त्यसो हो भने पापराजीबाट भाग्नु पर्ने कारण नै किन? अनि राजकुमारी भएर पनि सौखवश थोरै समाजसेवा गरिन भन्ने कुरा छ। 'थोरै' भन्ने शब्द हामी स्वीकार्न सक्छौं कारण, उनको पूरापूर आयु नै ३८ वर्षको मात्र भयो भने त्यस अवधिभित्र 'धेरै' भन्ने शब्द आउनु त्यति सम्भव नहोला तर 'सौखवश' भन्ने शब्द पूर्वाग्रही जस्तो लाग्यो। सौखवश हो या कर्तव्यवश समाजसेवा गरेकी हुन् भन्ने छुट्याउने माध्यम रमणजीले केलाई बनाउनु भयो?

-पूर्ण नाम्दुङ्ग (राई), लक्ष्मण राई, भोजकुमार राई, झकवीर थापा मगर,
धनकुटा आहाले, हाल बहराइन,

# पारिजात

संकलित रचनाहरु: निर्माण प्रकाशन



प्रसिद्ध लेखिका पारिजातका सम्पूर्ण कृतिहरू ६ खण्डमा प्रकाशित भए । यी कृतिहरू यहाँ पाइन्छन्:-

- १ पारिजात स्मृति केन्द्र
  म्हेपी, काठमाडौं, फोन- ४१८७२२
- २ प्रगति पुस्तक सदन
  दमक, झापा, फोन- ०२३-८०३९१
- ३ मेची बुक्स एण्ड न्यूज सेन्टर
  काँकरभिट्टा, झापा, फोन- २९००७

## भारतमा पाइने स्थानहरु

- १ जनपक्ष प्रकाशन
  सुपर मार्केट, गान्तोक
  सिक्किम, फोन- २३३२८
- २ साझा पुस्तक पसल
  मोटर स्ट्याण्ड, दार्जीलिङ
- ३ रमेश बन्धु प्रकाशन
  सोनादा, दार्जीलिङ
- ४ बसीर ब्रदर्स
  खरसाङ, दार्जीलिङ
- ५ साथी पुस्तक पसल
  तीनधारे, दार्जीलिङ
- ६ सरस्वती पुस्तक मन्दिर
  प्रधान नगर, सिलगढी
  फोन- ५३२९३६
- ७ डी.पी. उपासक एण्ड सन्स्
  कालिम्पोङ, दार्जीलिङ
- ८ काशीनाथ एण्ड सन्स्
  कालिम्पोङ, दार्जीलिङ

यी बाहेक भारत तथा नेपालका सबै पुस्तक पसलहरुमा उपलब्ध छन् ।

ग्रन्थ- १ : 'शिरीषको फूल' सहित चारवटा उपन्यासहरु
ग्रन्थ- २ : 'अन्तर्मुखी' सहित पाँच वटा उपन्यासहरु
ग्रन्थ- ३ : 'आदिम देश' सहित पाँचवटा कथा संग्रहहरु
ग्रन्थ- ४ : 'धूपी, सल्ला र लालीगुराँसको फेदमा' सहित तीनवटा आत्मसंस्मरण संग्रहहरु
ग्रन्थ- ५ : 'आकांक्षा' सहित तीनवटा कविता संग्रहहरु
ग्रन्थ- ६ : पारिजातका महत्वपूर्ण फुटकर लेख र अन्तर्वार्ताहरु

हरेक ग्रन्थमा पवन चामलिङ 'किरण' द्वारा लिखित भूमिकासहित

प्रकाशक
**निर्माण प्रकाशन**
नाम्ची, दक्षिण सिक्किम

विस्तृत जानकारीको लागि निर्माण प्रकाशन, सेल्स डिपो सिलगढीमा सम्पर्क राख्नुहोस्:-
फोन: ४३६५९४

MULYANKAN
A magazine for Thought-Interaction ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

सुखी जीवनको वरदान...

व्हाईट
नीलोकन

"अझ बढी प्रभावकारी"

जन्मान्तरको लागि महिलाहरुले खाने उच्चस्तरीय चक्की

Nepal CRS Company Pvt. Ltd.
नेपाल सि. आर. एस. कम्पनी (प्रा.) लि.

उही नीलोकन
अब सेतो चक्कीमा

